राष्ट्रिय तथ्याङ्क कार्यालयको

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

२०८१

**प्रकाशक:**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौँ

फोन नं: +९७७ १ ५३६५३२३/०१-५३२९४०६

इमेलः info@nsonepal.gov.np

वेभसाइट: www.nsonepal.gov.np

# राष्ट्रिय तथ्याङ्क कार्यालयको

## वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/८१

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

२०८१

**राष्ट्रिय तथ्याङ्क कार्यालयको**

**वार्षिक प्रतिवेदन**

आर्थिक वर्ष २०८०/८१

**<u>प्रकाशक:</u>**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौं

फोन नं: +९७७ १ ५३६५३२३ / ०१-५३२९४०६

इमेल: info@ nsonepal.gov.np

वेभसाइट: www.nsonepal.gov.np

प्रकाशन वर्ष: २०८१

प्रकाशन प्रति: १५०

मुद्रक: ग्लोबल प्रिन्टिङ प्रेस

कालिकास्थान डिल्लीबजार


राष्ट्रिय तथ्याङ्क कार्यालय

# वार्षिक प्रतिवेदन

(तथ्याङ्क ऐन २०७९ को दफा ३३ ले व्यवस्था गरेबमोजिम)

यस प्रतिवेदनमा राष्ट्रिय तथ्याङ्क कार्यालयको
२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मका
गतिविधिहरू समेटिएका छन्।

# नेपाल
## तथ्याङ्क समन्वय कार्यालय रहेको स्थान र कार्यक्षेत्र जिल्लाहरु



नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ४२४५९४६, ४२४५९४७, ४२४५९४८, ४२४५८४८, ४२४१८०१, ४२२८४०६

फ्याक्स: ९७७-१-२२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं


पत्र संख्याः
च.नं.:-

## मन्तव्य

यस कार्यालयले साबिकको केन्द्रीय तथ्याङ्क विभागको स्थापनाकाल (वि. सं. २०१५) देखि नै मुलुकको आर्थिक, सामाजिक, जनसाङ्ख्यिक क्षेत्रका तथ्याङ्कहरू सङ्कलन, प्रशोधन, प्रकाशन र वितरण गर्दै आइरहेको छ। पछिल्लो तीन दशकमा यसले वातावरणीय क्षेत्रका तथ्याङ्कहरू समेत प्रकाशन गर्दै आएको छ। राष्ट्रिय तथ्याङ्क प्रणालीको मियोको रूपमा रहेको यस कार्यालयले राज्यको नीतिनिर्माण तथा योजना तर्जुमा र तिनको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक पर्ने तथ्याङ्क आपूर्तिमा महत्त्वपूर्ण भूमिका वहन गर्दै आएको छ। तथ्याङ्क ऐन, २०७९ को दफा ३३ ले गरेको व्यवस्थाअनुसार कार्यालयले तथ्याङ्कसम्बन्धी कार्यको वार्षिक कार्यविवरणसहितको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र प्रकाशन गरी विद्युतीय माध्यमबाट समेत सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ। यस प्रावधानले एकातिर राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्पादन गर्ने र गरेका तथ्याङ्कीय कामकारबाहीहरूलाई प्रकाशमा ल्याउन मद्दत गर्नेछ भने अर्कोतिर राष्ट्रिय तथ्याङ्क प्रणालीका प्रयोगकर्ताहरूका लागि कार्यालयले सङ्कलन तथा प्रशोधन गरेका सूचना एवम् तथ्याङ्कबारे जानकारी गराउने छ।

यस प्रतिवेदनले राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकारलाई बुझ्न र सोअनुसार गत आर्थिक वर्षमा सम्पादन भएका कामकारबाहीहरूको प्रगति लेखाजोखा गर्न सहयोग पुग्नेछ। प्रतिवेदनले आगामी आर्थिक वर्षहरूमा सञ्चालन गरिने कार्यक्रमहरूका लागि आवश्यक पृष्ठपोषणसमेत प्राप्त हुने विश्वास लिएको छु। त्यस्तै आन्तरिक तहको मूल्याङ्कन, लेखापरीक्षण र तालुक निकायबाट हुने अनुगमनका सन्दर्भमा पनि यस प्रतिवेदनले उपयोगी आधार उपलब्ध गराउने छ। तथ्याङ्कीय सुशासनका लागि पनि यो र यसपछिका आर्थिक वर्षहरूमा प्रकाशन हुने प्रतिवेदनहरूले आधारशीलाको काम गर्नेछन्।

यस प्रतिवेदनको तयारीमा सङ्लग्न योजना शाखा लगायत सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। यसप्रकारको प्रतिवेदन प्रकाशन राष्ट्रिय तथ्याङ्क कार्यालयको लागि दोस्रो शृङ्खला हो। आगामी वर्षहरूमा यसलाई अझै सूचनामूलक र बहुउपयोगी बनाउने प्रयत्न रहने छ। हाम्रा प्रयोगकर्ता र पाठकहरूका रचनात्मक सुझाव र पृष्ठपोषणको कार्यालयले सधैंझैं अपेक्षा र सम्मान गर्ने विश्वास दिलाउन चाहन्छु।

(मधु सुदन बुर्लाकोटी)
प्रमुख तथ्याङ्क अधिकारी

# प्रतिवेदनको सारांश

## (क) राष्ट्रिय तथ्याङ्क प्रणाली र राष्ट्रिय तथ्याङ्क कार्यालय

सरकारका विभिन्न निकायहरूले सालबसाली रूपमा सम्पादन गरेका कार्यहरूको प्रगति सार्वजनिक गर्ने प्रचलन रहेको छ। यस प्रकारका प्रतिवेदनबाट कार्यालयहरूले वहन गर्नुपर्ने उत्तरदायित्व र जवाफदेहिता सम्बोधन गर्न सहयोग पुग्दछ। तथ्याङ्क ऐन, २०७९ कार्यान्वयन भएसँगै राष्ट्रिय तथ्याङ्क कार्यालयले सालबसाली रूपमा सम्पादन गरेका तथ्याङ्कीय कामकारबाहीहरूको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने कर्तव्य सिर्जना भयो। ऐनले राष्ट्रिय तथ्याङ्क कार्यालयलाई प्रदान गरेका काम, कर्तव्य र अधिकारहरूकै दायराभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयका नियमित र तदर्थ प्रकृतिका गणना, सर्वेक्षण एवम् अन्य तथ्याङ्कीय क्रियाकलापहरू निर्देशित हुने गरेका छन्। नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई संविधानले ठाडो तथा समतलीय दुवै दिशामा विकेन्द्रित शैलीको परिकल्पना गरेको छ। जसअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय जिम्मेवारी निश्चित गरिएको छ। तथ्याङ्क ऐन, २०७९ ले राष्ट्रिय तथ्याङ्क कार्यालयको क्षेत्राधिकार र भूमिकालाई विस्तारसहित स्पष्ट पारेको छ। यसै ऐनबाट राष्ट्रिय तथ्याङ्क परिषद्को वैधानिक गठन भई यसका काम, कर्तव्य र अधिकार तोकिएका छन्।

नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीभित्र प्रमुख सरोकार पक्षका रूपमा तथ्याङ्क उत्पादक, तथ्याङ्कप्रदायक, तथ्याङ्क प्रयोगकर्ता र शोध अनुसन्धान तथा तालिम केन्द्रहरूलाई स्वीकार गरिएको छ। तथ्याङ्क उत्पादकहरूमध्ये राष्ट्रिय तथ्याङ्क कार्यालय; संघीय सरकारका मन्त्रालय; आयोग, विभाग; नेपाल राष्ट्र बैङ्क; प्रदेश सरकार तथा स्थानीय सरकारलाई महत्त्वपूर्ण मानिएको छ। अन्य उत्पादकहरूमा प्राज्ञिक, अनुसन्धान एवम् शैक्षिक संस्था, गैररसकारी संस्था, नागरिक समाज एवम् निजी संस्था र अनलाइन प्लेटफर्महरू रहेका छन्। तथ्याङ्क प्रयोगकर्ताहरूको सूची क्रमश: फराकिलो हुँदै गएको छ। यिनमा तीनै तहका सरकार; विकास साझेदार; सञ्चार जगत; नागरिक समाज; प्राज्ञिक, अनुसन्धानात्मक एवम् शैक्षिक संस्था; गैरसरकारी संस्था; विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता आदि रहेका छन्। तथ्याङ्कप्रदायक समूहमा घरपरिवार, व्यक्ति र प्रतिष्ठानहरू पर्दछन्।

वि.सं. २०१५ मा स्थापित साबिकको केन्द्रीय तथ्याङ्क विभागलाई स्तरोन्नति गर्दै तथ्याङ्क ऐन, २०७९ ले वि.सं. २०७९ असोज २७ गते राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना गर्यो। यो कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहेको छ र निजामती सेवाको विशिष्ट श्रेणीका प्रमुख तथ्याङ्क अधिकारी कार्यालय प्रमुख रहने व्यवस्था छ। तथ्याङ्क ऐनले राष्ट्रिय तथ्याङ्क कार्यालयलाई १४ ओटा काम, कर्तव्य र अधिकार सुम्पेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयमा चार

महाशाखा र २० शाखाहरू रहेका छन्। महाशाखा प्रमुखमा राजपत्राङ्कित प्रथम श्रेणीका उपप्रमुख तथ्याङ्क अधिकारी रहेका छन्। कार्यालयमा १८ ओटा प्राविधिक शाखाहरू रहेका छन् जसको नेतृत्व उपसचिव (प्राविधिक) स्तरका निर्देशकहरूले गर्दछन् भने प्रशासन र आर्थिक प्रशासन शाखा सम्बन्धित सेवा समूहका उपसचिवहरूले नेतृत्व गर्दछन्। यस राष्ट्रिय तथ्याङ्क कार्यालयमा कुल १२९ दरबन्दी रहेको छ जसमा विशिष्ट श्रेणी १, रा.प. प्रथम श्रेणी ४, रा.प. द्वितीय श्रेणी २४, रा.प. तृतीय श्रेणी ५७, रा.प.अनं. प्रथम श्रेणी २७ र श्रेणीविहीन १६ रहेको छ।

जिल्लास्थित तथ्याङ्क समन्वय कार्यालयहरूतर्फ कुल २८५ दरबन्दी रहेको छ जसमा रा.प. द्वितीय श्रेणी १८, रा.प. तृतीय श्रेणी ३३, रा.प.अनं. प्रथम श्रेणी ८४, रा.प.अनं. द्वितीय श्रेणी ११४ र श्रेणीविहीन ३६ रहेको छ। अनुसूची ३ मा तथ्याङ्क कार्यालयहरूको स्थान र कार्यक्षेत्र दिइएको छ।

### (ख) कार्यालयको कार्यसम्पादनका लागि प्रमुख नीतिगत आधार

राष्ट्रिय तथ्याङ्क कार्यालयको सालबसाली कार्यसम्पादनका लागि नेपालको संविधान, तथ्याङ्क ऐन, २०७९, र सरकारका आवधिक योजना एवम् तथ्याङ्कसँग सम्बन्धित अन्य नीति, कार्यक्रम तथा प्राथमिकताहरू रहेका छन्।

### (ग) कार्यालयका प्रमुख तथ्याङ्कीय क्रियाकलाप

मुलुकको आवधिक योजना तर्जुमा, कार्यान्वयन, योजनाको प्रगति स्थिति अनुगमन तथा मूल्याङ्कन, विभिन्न विषय क्षेत्रसँग सम्बन्धित नीतिहरूको तर्जुमा आदिका लागि आवश्यक पर्ने आर्थिक, सामाजिक, जनसाङ्ख्यिक र वातावरणीय क्षेत्रका तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रशोधन, विश्लेषण, वितरण र भण्डारण नै राष्ट्रिय तथ्याङ्क कार्यालयले विगत साँढे छ दशकदेखि सम्पादन गर्दै आएको प्रमुख क्रियाकलापहरूका केही दृष्टान्त हुन्।

यस कार्यालयले सामाजिक तथ्याङ्क महाशाखाअन्तर्गत प्रत्येक दश वर्षमा जनगणना सञ्चालन गर्दछ। त्यसै गरी नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षण र नेपाल श्रमशक्ति सर्वेक्षण पनि सामाजिक तथ्याङ्क विकास कार्यक्रमअन्तर्गतका महत्तवपूर्ण सर्वेक्षणहरू मानिन्छन्। आवश्यकतानुसार जनसङ्ख्या प्रक्षेपण गर्ने, अन्तरजनगणना जनसाङ्ख्यिक नमुना सर्वेक्षण गर्ने, जनसङ्ख्यासम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने कार्य पनि सामाजिक तथ्याङ्क विकास कार्यक्रमअन्तर्गत हुँदै आएका कार्यहरू हुन्। लैङ्गिक विषयक तथ्याङ्क पनि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट अन्तरसम्बन्धित विषयका रूपमा र स्वतन्त्र रूपमा सङ्कलन तथा प्रकाशन गरिन्छ। त्यसै गरी विभिन्न प्रकारका गणना तथा सर्वेक्षणहरूका लागि आवश्यक पर्ने गणनाक्षेत्र नक्साङ्कनसम्बन्धी काम पनि सालबसाली रूपमा हुने गरेको छ।

राष्ट्रिय लेखा तथ्याङ्क महाशाखातर्फ राष्ट्रिय तथ्याङ्क कार्यालयले मुलुकको अर्थतन्त्रको आकार, संरचना, आर्थिक वृद्धि दर र यसको प्रवृत्ति मापन गर्ने कुल गार्हस्थ्य उत्पादनको अनुमान तयार गर्दछ। पछिल्लो समय यस्तो अनुमान प्रदेश तहसम्म तयार गर्ने गरिएको छ। त्यसै गरी त्रैमासिक रूपमा राष्ट्रिय लेखा अनुमान तयारीसम्बन्धी कार्य पनि यस कार्यालयले गर्दै आएको छ। यस सिलसिलामा कार्यालयले अन्तर्राष्ट्रिय रूपमा सिफारिस गरिएका र प्रचलनमा रहेका विधिहरूको अनुशरण गर्दै आएको छ। यसै महाशाखाअन्तर्गत मूल्य तथ्याङ्कसम्बन्धी कामहरू विगत लामो समयदेखि सम्पादन हुँदै आएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले विशेष गरी औद्योगिक उत्पादन सूचकाङ्क, औद्योगिक उत्पादकको मूल्य सूचकाङ्क, निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क र कृषि उत्पादकको मूल्य सूचकाङ्क तयार गर्दै आएको छ।

कार्यालयले आन्तरिक व्यापारसँग सम्बन्धित सर्वेक्षण तथा अध्ययनहरू गर्दछ। वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्क माध्यमिक स्रोतहरूबाट प्राप्त गरी अभिलेख राख्ने र कुल राष्ट्रिय आयको अनुमानमा आधार लिने काम पनि गर्दछ। राष्ट्रिय लेखा तथ्याङ्क महाशाखाले वातावरण तथ्याङ्कसम्बन्धी कार्य पनि गर्दछ र मूलतः जलवायु परिवर्तन सर्वेक्षण सञ्चालन गर्दछ। वातावरण क्षेत्रसँग सम्बन्धित विभिन्न लेखा तयार गर्ने र त्यसलाई मुलुकको राष्ट्रिय लेखा अनुमानसँग एकीकृत गर्ने कार्य पनि यसैले गर्दछ।

आर्थिक तथ्याङ्क महाशाखाले मूलतः राष्ट्रिय कृषिगणना (प्रत्येक १० वर्षमा) र राष्ट्रिय आर्थिक गणना (प्रत्येक पाँच वर्षमा) सञ्चालन गर्दछ। यसका अतिरिक्त यस महाशाखाले व्यावसायिक पशुपालन, कुखुरापालन, व्यावसायिक चिया तथा कफी खेती, व्यावसायिक तरकारी खेतीसँग सम्बन्धित सर्वेक्षणहरू सञ्चालन गर्दछ। अन्य सर्वेक्षणहरूमा उद्योग क्षेत्रसँग सम्बन्धित सर्वेक्षणका साथसाथै होटल तथा रेस्टुरेण्ट क्षेत्रसँग सम्बन्धित सर्वेक्षणहरू पर्दछन्। महाशाखाले कृषि, वन तथा मत्स्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्दै आएको छ। आर्थिक क्षेत्रका सर्वेक्षणको लागि आवश्यक पर्ने फ्रेमको आधारका रुपमा तथ्याङ्कीय व्यावसायिक रजिस्टरलाई लिन सकिन्छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको अर्को महत्वपूर्ण शाखाको रूपमा योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा रहेको छ। यसले सम्पादन गर्ने अर्को महत्तपूर्ण कार्यक्षेत्र मुलुकको तथ्याङ्क प्रणाली विकासको लागि आवधिक योजना, नीति र रणनीति तयार गर्ने र सम्बन्धित निकायबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने हो। कार्यालयलाई ऐनले तोकिदिएका कार्यसम्पादन गर्नका लागि आवश्यक स्रोत, साधन तथा जनशक्तिको व्यवस्थापन गर्ने कार्य यसैले गर्दछ। एकीकृत राष्ट्रिय तथ्याङ्कको लागि योजना तर्जुमा यसैले गर्दछ र राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक सञ्चालनसम्बन्धी कार्य र सचिवालयको रूपमा पनि यसैले कार्य गर्दछ।

पछिल्लो समय नेपाल सरकारले उच्च प्राथमिकतामा राखेको राष्ट्रिय तथ्यगत विवरणको कार्यान्वयन पनि यही महाशाखाले सम्पादन गर्दै आएको छ। केन्द्र र जिल्लास्थित तथ्याङ्क समन्वय कार्यालयहरूमा कार्यरत जनशक्तिको क्षमता विकाससँग सम्बन्धित तालिम तथा अभिमुखीकरणसम्बन्धी कार्य पनि कार्यालयबाट हुँदै आएको छ र समय समयमा अन्य निकायहरूमा कार्यरत तथ्याङ्क सेवा समूहका जनशक्तिलाई पनि क्षमता विकाससम्बन्धी कार्यक्रमहरूमा समावेश गराइने गरिएको छ। केन्द्र र जिल्लास्तरबाट सञ्चालन हुने गणना, सर्वेक्षण तथा अन्य तथ्याङ्कीय क्रियाकलापको विशेष अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी यसै महाशाखाको रहेको छ। त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा सञ्चालन गरी प्रतिवेदन तयार गर्ने जिम्मेवारी पनि यसै महाशाखाबाट सम्पादन हुँदै आएको छ।

यस राष्ट्रिय तथ्याङ्क कार्यालयले विगत लामो समयदेखि जोर वर्षहरूमा स्टाटिस्टिकल पकेट बुक, विजोर वर्षहरूमा स्टाटिस्टिकल इयर बुक, नेपालको तथ्याङ्कीय झलक र नेपाल इन फिगर (प्रत्येक वर्ष) प्रकाशन गर्दै आएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयका त्रैमासिक गतिविधि र नवीनतम प्रकाशन र त्यसका सारसङ्क्षेप समावेश हुने त्रैमासिक तथ्याङ्क बुलेटिन पनि नियमित रूपमा हुने प्रकाशनमा पर्दछ।

आफूले उत्पादन गरेका तथ्याङ्कका आम प्रयोगकर्ताहरूसँग र आवश्यकतानुसार तथ्याङ्कप्रदायकसँग समेत नियमित छलफल, अन्तरक्रिया र पृष्ठपोषण लिने कार्य पनि राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख क्रियाकलापभित्र पर्दछ। आवश्यकता र उपलब्ध स्रोतसाधनअनुसार यस कार्यालयबाट केन्द्र, प्रदेश र स्थानीयस्तरमा तथ्याङ्कीय साक्षरता कार्यक्रम पनि सञ्चालन हुने गरेको छ। यी कार्यक्रममा सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत तथ्याङ्कीय जिम्मेवारीमा रहेका र निर्णय प्रक्रियासँग सम्बन्धित कर्मचारीहरू सहभागी हुने गरेका छन्। कार्यालयले गणना तथा सर्वेक्षणहरूको नतिजा तयार भइसकेपछि विभिन्न माध्यमबाट सार्वजनीकरण गर्ने गरेको छ। गणना र प्रमुख सर्वेक्षणका नतिजाहरू महत्त्व र सन्दर्भअनुसार सरकार प्रमुख, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र प्रमुख तथ्याङ्क अधिकारीबाट सार्वजनीकरण गर्ने गरिएको छ। कतिपय तथ्याङ्कको सार्वजनीकरण पत्रकार सम्मेलन गरी हुने गरेको छ।

कार्यालयले सञ्चालन गरेका पूर्ववर्ती गणना तथा सर्वेक्षणहरूका नतिजा र तीसँग सम्बन्धित माइक्रोडाटाको अभिलेखीकरण पनि कार्यालयको प्रमुख कार्यक्षेत्र रहेको छ। स्वदेशी तथा विदेशी प्रयोगकर्ताहरूलाई तोकिएको शुल्कसहित विभिन्न सर्वेक्षणहरूको माइक्रोडाटा उपलब्ध गराउने काम पनि कार्यालयबाट हुँदै आएको छ।

योजना तथा जनशक्ति व्यवस्थापन महाशाखाअन्तर्गतको कर्मचारी प्रशासन शाखाबाट कार्यालय व्यवस्थापनसँग सम्बन्धित तोकिएका सम्पूर्ण कार्यहरू हुँदै आएका छन्। त्यसै गरी आर्थिक

प्रशासन शाखाले आर्थिक प्रशासनसम्बन्धी कार्यका अलावा राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहतका तथ्याङ्क कार्यालयहरूको बेरुजुको लगत अद्यावधिक राख्ने र नियमानुसार सम्परीक्षण गराउने कार्य गर्दछ।

## (घ) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादित मुख्य कार्यहरू

***वार्षिक बजेट***

यस आर्थिक वर्षका लागि राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत तथ्याङ्क कार्यालयहरूको सुरुमा रु ८७ करोड ४३ लाख २२ हजार १८० बजेट विनियोजन भएको थियो जसमा चालुतर्फ रु ८३ करोड ८४ लाख २२ हजार १८० र पुँजीगततर्फ ३ करोड ५९ लाख रहेको थियो। अर्थ मन्त्रालयको २०८०/१२/२१ को निर्णयबमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट यस कार्यालयलाई प्राप्त पत्रबमोजिम बजेट समर्पण गरिएको हुँदा खुद बजेट रु ६७ करोड ६२ लाख १८ हजार १८० भयो जसमध्ये चालु शीर्षकमा रु ६४ करोड ३ लाख १८ हजार १८० र पुँजीगत शीर्षकमा रु ३ करोड ५९ लाख कायम हुन आयो। यसमा राष्ट्रिय तथ्याङ्क कार्यालयको खुद बजेट रु ३४ करोड २३ लाख ९६ हजार ८३० भयो जसमध्ये चालु शीर्षकमा रु ३० करोड ६४ लाख ९६ हजार ८३० र पुँजीगत शीर्षकमा रु ३ करोड ५९ लाख विनियोजन भएको थियो।

कार्यालय अन्तर्गतका तथ्याङ्क कार्यालयहरूको खुद बजेट रु ३३ करोड ३८ लाख २१ हजार ३५० भयो जसमध्ये सबै चालु शीर्षकमा नै विनियोजन गरिएको थियो। सन्दर्भ अवधिमा राष्ट्रिय तथ्याङ्क कार्यालयको चालु तथा पुँजीगततर्फको खुद बजेट खर्च ६२.८ प्रतिशत रहेको छ। बेग्लाबेग्लै तथ्याङ्क हेर्दा चालु खर्चतर्फ ६८.८ प्रतिशत र पुँजीगत खर्चतर्फ ११.५ प्रतिशत खर्च भएको अवस्था छ। जिल्लास्थित ३३ तथ्याङ्क कार्यालयहरूले चालु खर्चतर्फ ७०.१ प्रतिशत र पुँजीगतमा बजेट नपठाइएको अवस्था रहेको छ ।

### सम्पादित मुख्य मुख्य कार्यक्रम

१. राष्ट्रिय कृषि गणनाको सङ्घ, प्रदेश, जिल्ला तथा स्थानीयस्तरको प्रतिवेदन, सामुदायिक प्रश्नावलीबाट प्राप्त नतिजाको प्रतिवेदन, विषयगत प्रतिवेदन (सरकारी सुविधाको पहुँच र प्रयोग, कृषिजमिनको प्रयोग, लैङ्गिक), Women's Ownership of Agricultural Land in Nepal (SDG 5.a.1) प्रतिवेदन, Technical Report of Agriculture Census 2078 प्रतिवेदन जस्ता प्रतिवेदन प्रकाशन तथा कृषि तथ्याङ्कको प्रयोगसम्बन्धी साक्षरता कार्यक्रम सम्पन्न भएको।

२. राष्ट्रिय लेखाअन्तर्गत वार्षिक, त्रैमासिक र प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको अनुमान

तयार गरी सार्वजनीकरण गरिएको। साथै, त्रैमासिक राष्ट्रिय लेखाका अनुमानहरूको सबलीकरणको लागि नयाँ सूचकहरूको पहिचान गरिएको र राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तनका लागि आवश्यक अध्ययन/सर्वेक्षण सञ्चालन गरिएको।

३. औद्योगिक उत्पादक मूल्य सूचकाङ्क निर्माण, कृषि वस्तुहरुको उत्पादक मूल्य सूचकाङ्क, निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क र औद्योगिक उत्पादन सूचकाङ्क तयार गरी प्रकाशन गरिएको। आधार वर्ष परिवर्तनको लागि निर्माण क्षेत्रको सर्वेक्षणको तालिम सञ्चालन गरिएको।

४. नेपाल व्यापार सर्वेक्षण २०७८ को नतिजा प्रतिवेदन तयार गरी सार्वजनीकरण गरिएको।

५. आन्तरिक पर्यटन सर्वेक्षणको लागि आवश्यक प्रश्नावली तथा गणना पुस्तिका तयारी कार्य सम्पन्न गरिएको।

६. जलवायु परिवर्तन सर्वेक्षण २०२२, Environment Statistics of Nepal, Enhancing Disaster Related Statistics in Nepal को नतिजा प्रतिवेदन तयार गरी सार्वजनीकरण गरिएको।

७. Ecosystem Accounting को Concept paper तयार गरिएको।

८. राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धानसम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक दुई पटक सम्पन्न।

९. तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोश्रो मस्यौदा तयार गरिएको।

१०. राष्ट्रिय तथ्याङ्क कार्यालय र अतर्गत तथ्याङ्क समन्वय कार्यालयको सङ्गठन पुर्नसंरचना गरी कार्यान्वयन गरिएको।

११. राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन तयार गरी सार्वजनीकरण गरिएको।

१२. आधिकारिक तथ्याङ्क व्यवस्थापन र अभिमुखिकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथ्याङ्कीय नयाँ अभ्यास, तथ्याङ्क उपयोग तथा उत्पादन क्षमता अभिवृद्धि, भौगोलिक सूचना प्रणाली, विभिन्न सफ्टवेयर (R, Python, STATA, Cspro), राष्ट्रिय लेखा, प्रशासनिक क्षमता अभिवृद्धिसम्बन्धी तालिम सञ्चालन गरिएको।

१३. Nepal Statistical Year Book 2023, Nepal in Figures 2023, नेपालको तथ्याङ्कीय झलक २०८१ प्रकाशन गरिएको।

१४. Micro Data Catalog अद्यावधिक गरिएको।

१५. तथ्याङ्क गतिविधि, कृषि तथ्याङ्क विशेषाङ्क लेख रचनाको संगालो प्रकाशन गरिएको।

१६. Publication Distribution Management System कार्य प्रारम्भ गरिएको।

१७. Sample Design विधि, सर्वेक्षण अनुमति प्रणालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

यस प्रतिवेदनमा प्रारम्भिक खण्डबाहेक पाँचओटा परिच्छेदहरू रहेका छन्। प्रारम्भिक खण्डमा प्रमुख तथ्याङ्क अधिकारीको मन्तव्य, विषयसूची, तालिका तथा चित्रहरूको सूची, संक्षिप्त रूपको विस्तारित रूप र प्रतिवेदनको सारांश समाविष्ट छ। पहिलो परिच्छेदमा राष्ट्रिय तथ्याङ्क प्रणाली, राष्ट्रिय तथ्याङ्क कार्यालय, संगठन संरचना, राष्ट्रिय तथ्याङ्क परिषद्, तथ्याङ्क ऐन, तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीतिको संक्षिप्त चर्चा गरिएको छ। दोस्रो परिच्छेदमा राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्पादन गर्ने प्रमुख तथ्याङ्कीय क्रियाकलापहरूको बारेमा जानकारी दिइएको छ। तेस्रो परिच्छेदमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट गत आर्थिक वर्ष २०८०/८१ मा सम्पादित प्रमुख तथ्याङ्कीय क्रियाकलापहरूको उल्लेख गरिएको छ। चैथो परिच्छेदमा विविध विषयहरू समावेश गरिएका छन् जसमा जिल्लास्थित तथ्याङ्क कार्यालयहरूको गत आर्थिक वर्ष २०८०/८१ को बजेट तथा खर्च समेटिएको छ। त्यसै गरी राष्ट्रिय तथ्याङ्क कार्यालय र प्रयोगकर्ताहरूबिचको द्विपक्षीय सम्बन्ध र अन्तरक्रियाका बारेमा उल्लेख गरिएको छ। पाँचौं अर्थात् अन्तिम परिच्छेदमा राष्ट्रिय तथ्याङ्क कार्यालयले भोगेका समस्या, समाधानका उपाय र भावी कार्यदिशा उल्लेख गरिएको छ। प्रतिवेदनको अन्तिम खण्डमा सान्दर्भिक र उपयोगी अनुसूचीहरू राखिएका छन्।

## आर्थिक वर्ष २०८०/८१ का मुख्य पाँचओटा उपलब्धिः

- तथ्याङ्क नियमावली २०८० नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको।
- नेपाल जीवनस्तर सर्वेक्षण चौथो तथा जलवायु परिवर्तन सर्वेक्षण, २०७९ को नतिजा सार्वजनिक गरिएको।
- कुल गार्हस्थ्य उत्पादन अनुमान (वार्षिक त्रैमासिक र प्रादेशिक) तयार गरी सार्वजनिक गरिएको।
- राष्ट्रिय जनगणना, २०७८ का प्रस्तावित २१ ओटा विषयगत प्रतिवेदन मध्ये विषयका दुईओटा प्रतिवेदन प्रकाशन गरिएको।
- तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति दोस्रो (२०८१/८२-२०८५/८६) को मस्यौदा तयार गरिएको।

# विषय–सूची


**परिच्छेद १: राष्ट्रिय तथ्याङ्क कार्यालयको परिचय** ..... १

**१.१ पृष्ठभूमि** ..... १

**१.२ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली र राष्ट्रिय तथ्याङ्क कार्यालय** ..... २

१.२.१ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली ..... २

१.२.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको गठन ..... ४

**१.३ राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार** ..... ५

**१.४ राष्ट्रिय तथ्याङ्क कार्यालयको साङ्गठनिक स्वरूप** ..... ६

**१.५ राष्ट्रिय तथ्याङ्क परिषद् र कार्यालयको भूमिका** ..... ९

१.५.१ परिषद्को गठन ..... ९

१.५.२ परिषद्को काम, कर्तव्य र अधिकार ..... १०

**१.६ कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार** ..... १०

१.६.१ नेपालको संविधान ..... १०

१.६.२ पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१ ..... १२

१.६.३ तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति (२०७५/७६-२०७९/८०) ..... १३

१.६.४ तथ्याङ्क ऐन, २०७९ ..... १५

१.६.५ तथ्याङ्क नियमावली, २०८० ..... १६

**परिच्छेद २ : राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्कीय क्रियाकलाप** ..... १८

**२.१ कार्यालयको महाशाखागत कार्यविवरण** ..... १८

२.१.१ आर्थिक तथ्याङ्क महाशाखा ..... १८

२.१.१.१ कृषि तथा पशुपन्छी गणना शाखाको कार्य विवरण ..... १९

२.१.१.२ प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखाको कार्य विवरण ..... १९

२.१.१.३ कृषि तथा वन तथ्याङ्क शाखाको कार्य विवरण ..... २०

२.१.१.४ आर्थिक गणना शाखाको कार्य विवरण ..... २०

२.१.२ सामाजिक तथ्याङ्क महाशाखा ..... २१

२.१.२.१ घरपरिवार सर्वेक्षण शाखाको कार्यविवरण ..... २१

२.१.२.२ जनसङ्ख्या शाखाको कार्यविवरण ..... २२

२.१.२.३ सामाजिक तथा लैङ्गिक तथ्याङ्क शाखाको कार्यविवरण ........ २२
२.१.२.४ भौगोलिक सूचना प्रणाली शाखाको कार्यविवरण ........ २३
२.१.२.५ व्यवस्थापन सूचना प्रणाली, सूचना प्रविधि तथा लगत प्रशोधन शाखाको कार्य विवरण ........ २३
२.१.३ राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा ........ २४
२.१.३.१ राष्ट्रिय लेखा शाखाको कार्य विवरण ........ २५
२.१.३.२ मूल्य तथ्याङ्क शाखाको कार्य विवरण ........ २६
२.१.३.३ व्यापार तथ्याङ्क शाखाको कार्य विवरण ........ २७
२.१.३.४ वातावरण तथ्याङ्क शाखाको कार्यविवरण ........ २७
२.१.४ योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा ........ २८
२.१.४.१ योजना शाखाको कार्य विवरण ........ २८
२.१.४.२ तालिम शाखाको कार्यविवरण ........ २९
२.१.४.३ प्रकाशन, वितरण तथा पुस्तकालय शाखाको कार्य विवरण ........ ३०
२.१.४.४ सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखाको कार्यविवरण ........ ३०
२.१.४.५ समन्वय तथा स्तर निर्धारण शाखाको कार्यविवरण ........ ३०
२.१.४.६ आर्थिक प्रशासन शाखाको कार्य विवरण ........ ३१
२.१.४.७ प्रशासन शाखाको कार्य विवरण ........ ३१
**२.२ गणना तथा सर्वेक्षण ........ ३२**
२.२.१ राष्ट्रिय जनगणना ........ ३२
२.२.२ राष्ट्रिय कृषिगणना ........ ३५
२.२.३ राष्ट्रिय आर्थिक गणना ........ ३८
२.२.४ नेपाल जीवनस्तर सर्वेक्षण ........ ४०
२.२.५ नेपाल बहुसूचक सर्वेक्षण ........ ४१
२.२.६ जलवायु परिवर्तन सर्वेक्षण ........ ४२
२.२.६ राष्ट्रिय औद्योगिक सर्वेक्षण ........ ४४
२.२.७ नेपाल व्यापार सर्वेक्षण ........ ४६
**२.३ राष्ट्रिय लेखा ........ ४८**
२.३.१ वार्षिक राष्ट्रिय लेखा अनुमान ........ ४८
२.३.२ प्रादेशिक राष्ट्रिय लेखा अनुमान ........ ५१

२.३.३ त्रैमासिक राष्ट्रिय लेखा अनुमान ........ ५१
२.३.४ आपूर्ति र उपयोग तालिकाहरू (Supply and Use Tables) ........ ५२
**२.४ मूल्य तथ्याङ्क तथा सूचकाङ्कहरू ........ ५२**
**२.५ तथ्याङ्कीय साक्षरता ........ ५३**

**परिच्छेद ३: आर्थिक वर्ष २०८०/८१ मा सम्पादित कार्यहरूको विवरण ........ ५६**
**३.१ आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम तथा बजेट र प्रगति ........ ५६**
३.१.१ वित्तीय तथा भौतिक प्रगति ........ ५७
**३.२ आर्थिक तथ्याङ्क विकास कार्यक्रम ........ ५८**
३.२.१ राष्ट्रिय कृषिगणना २०७८ ........ ५८
३.२.१.१ राष्ट्रिय कृषिगणना २०७८ सम्बन्धी प्रकाशित प्रमुख नतिजा ........ ५९
३.२.२ राष्ट्रिय लेखा ........ ५९
३.२.२.१ राष्ट्रिय लेखासम्बन्धी प्रकाशित केही अनुमान ........ ६०
३.२.३ मूल्य तथा उत्पादन सूचकाङ्कसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरुः ........ ६५
३.२.३.१ प्रमुख नतिजा ........ ६६
३.२.४ राष्ट्रिय होटल तथा रेस्टुरेन्ट सर्वेक्षण, २०८० अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरुः ........ ६७
३.२.५ व्यापार सर्वेक्षणसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरुः ........ ६७
३.२.५.१ व्यापार सर्वेक्षणसम्बन्धी मुख्य नतिजा ........ ६८
३.२.६ दोस्रो राष्ट्रिय आर्थिक गणना २०८२ तयारीसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरूः ........ ६८
३.२.७ आर्थिक क्षेत्रसँग सम्बन्धित साना नमुना सर्वेक्षणअन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलाप ........ ६९
**३.३ सामाजिक तथ्याङ्क विकास कार्यक्रम ........ ६९**
३.३.१ नेपाल जीवनस्तर सर्वेक्षण चौथोको आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलाप ........ ७०
३.३.२ प्रमुख नतिजा ........ ७०

३.३.३ नेपाल श्रमशक्ति सर्वेक्षण चौथो सम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरू ........ ७६
३.३.४ लैङ्गिक तथा सामाजिक तथ्याङ्कसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलाप ........ ७६
३.३.५ राष्ट्रिय जनगणना २०७८ सम्बन्धी कार्यक्रम ........ ७६
**३.५ जलवायु परिर्वतन सर्वेक्षण (दोस्रो) अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलाप ........ ७७**
**३.६ वातावरण तथ्याङ्कसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलाप ........ ७९**
**३.४ योजना तथा जनशक्ति विकास कार्यक्रम ........ ७९**
३.४.१ आर्थिक वर्ष २०८०/ ८१ मा सम्पादित कार्यक्रम तथा बजेट सम्बन्धी कार्यहरू ........ ७९
३.४.२ प्रकाशन, वितरण तथा अभिलेखीकरणसम्बन्धी प्रमुख कार्यक्रम ........ ८०
**३.८ तालिमसम्बन्धी कार्यहरु ........ ८१**
**३.९ राष्ट्रिय तथ्यगत विवरण ........ ८४**
**३.१० स्तर निर्धारणसम्बन्धी कार्यहरु ........ ८६**
**३.११ कर्मचारी प्रशासन सम्बन्धी कार्य ........ ८६**
**३.१२ आर्थिक प्रशासनसम्बन्धी कार्यहरु ........ ८७**

**परिच्छेदः ४ विविध ........ ८९**
**४.१ जिल्लास्थित तथ्याङ्क कार्यालयहरू ........ ८९**
**४.२ तथ्याङ्क प्रयोगकर्ताहरूसँगको अन्तरक्रिया ........ ९३**

**परिच्छेद ५: समस्या, समाधानका उपाय र भावी कार्यदिशा ........ ९४**
**५.१ समस्या र समाधानका उपाय ........ ९४**
**५.२ चुनौती तथा अवसर ........ ९७**
**५.३ भावी कार्यदिशा ........ ९८**
**५.४ राष्ट्रिय तथ्याङ्क कार्यालयको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन तयारी कार्य ........ ९८**

**अनुसूचीहरु ........ १००**

# तालिका—सूची


तालिका १ राष्ट्रिय तथ्याङ्क कार्यालय र ३३ कार्यालयहरूमा रहेको दरबन्दीको अवस्था ..७

तालिका २ संविधानमा उल्लेख भएका तथ्याङ्कसम्बन्धी विषय ..........११

तालिका ३ नेपालमा गरिबीको अवस्था ..........४१

तालिका ३.१ आर्थिक वर्ष २०८०/८१ को भौतिक तथा वित्तीय प्रगति विवरण (प्रतिशतमा) ..........५७

तालिका ३.२ व्यापार मार्जिन ..........६८

तालिका ३.३ प्रतिव्यक्ति प्रतिदिन क्यालोरी आवश्यकता र पारिवारिक संरचना, २०७९/८० ..........७१

तालिका ३.४ खाद्य गरिबीको रेखा ..........७२

तालिका ३.५ गैरखाद्य गरिबीको रेखा ..........७२

तालिका ३.६ गरिबीको रेखा (२०८०को मुल्य रु. मा) ..........७२

तालिका ३.७ प्रचलित मूल्यका आधारमा क्षेत्रअनुसारका गरिबीका रेखाहरू ..........७३

तालिका ३.८ गरिबीको दर, विषमता, गहनता, गरिबीको फैलावट तथा कुल जनसङ्ख्याको वितरण..........७४

तालिका ३.९ प्रदेश अनुसारका गरिबीको स्थिति (प्रतिशतमा) ..........७४

तालिका ३.१० विश्लेषणका क्षेत्र अनुसारका गरिबीको स्थिति (प्रतिशतमा) ..........७५

तालिका ३.५.१ जलवायु परिवर्तन सम्बन्धमा सचेत घरपरिवार (प्रतिशतमा) ..........७९

तालिक ३.११ आर्थिक बर्ष २०८०/०८१ मा तालिम शाखावाट सञ्चालित कार्यक्रमहरु..........८२

तालिका ३.१२ राष्ट्रिय तथ्यगत विवरणमा समेटिएका क्षेत्रगत संख्यात्मक विवरण ..........८५

तालिका ३.१३ आर्थिक वर्ष २०८०/८१ मा दाखिला गरिएको राजस्व रकम..........८८

तालिका ९ तथ्याङ्क कार्यालयहरूको लागि आर्थिक वर्ष २०८०/८१ मा विनियोजित चालु तथा पुँजीगत बजेट र खर्चको विवरण ..........९१

तालिका १० कार्यालयका समस्या तथा समाधानका उपाय ..........९४

# चित्र—सूची

चित्र १. राष्ट्रिय तथ्याङ्क कार्यालयको सङ्गठन संरचना ७
चित्र ३.१ कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर ............ ६१
चित्र ३.२ कृषि तथा गैरकृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिदर ............ ६२
चित्र ३.३ प्राथमिक, द्वितीय, तथा सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर ............ ६३
चित्र ३.४ बृहत् आर्थिक क्षेत्र अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशत) ............ ६४
चित्र ३.५ MPI, MPPI र IPICS को प्रवृति ............ ६६
चित्र नं. ३.६ APPI को प्रवृति ............ ६७
चित्र नं. ७ खाद्य तथा गैरखाद्यहरूको प्रतिव्यक्ति उपभोग खर्चको अनुपात (प्रतिशतमा) ७०
चित्र ३.५.१ जलवायु परिवर्तन सम्बन्धी ज्ञान भएका घरपरिवार तथा जनसङ्ख्या (प्रतिशतमा)७८
चित्र ३.५.२ विगत २५ वर्षमा जलवायु परिवर्तन अनुभूत भएका घरपरिवार (प्रतिशतमा) ......७८

# बक्स–सूची

१. बक्स नं.१ नमूना छनौटमा परेका २९ जिल्लाहरू ........ ४३
२. बक्स २ तथ्याङ्कीय साक्षरताको परिभाषा ........ ५४
३. बक्स नं. ३ आर्थिक वर्ष २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम बुँदा नं. २० ........ ८४

# अनुसूची–सूची

अनुसूची १ राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना ........ १००
अनुसूची -२ राष्ट्रिय तथ्याङ्क कार्यालयको दरबन्दी विवरण ........ १०१
अनुसूची ३ तथ्याङ्क कार्यालयहरूको कार्यक्षेत्रमा पर्ने जिल्लाहरू तथा दरबन्दी विवरण ........ १०२
अनुसूची ४ राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख भौतिक स्रोतसम्बन्धी विवरण ........ १०६
अनुसूची–५ छानिएका केही तस्विर ........ १०७

# संक्षिप्त रूपको विस्तारित रूप

| संक्षिप्त रूप | विस्तारित रूप | संक्षिप्त रूप | विस्तारित रूप |
|---|---|---|---|
| आ.व. | आर्थिक वर्ष | ए.डी.बी. | एसियाली विकास बैङ्क |
| ने.आ.यो. तथा तथ्याङ्क | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | डब्लु.टी.ओ. | वर्ल्ड ट्रेड अर्गनाइजेसन |
| यु.एन.इस्क्याप | युनाइटेड नेसन्स इकोनमिक एण्ड सोसियल कमिसन फर एसिया एण्ड प्यासिफिक | यु.एन.डी.पी. | युनाइटेड नेसन्स डेभलपमेण्ट प्रोग्राम |
| रा.त.का. | राष्ट्रिय तथ्याङ्क कार्यालय | रा.प. | राजपत्राङ्कित |
| रा.प.अनं. | राजपत्र अनङ्कित | वि.सं. | विक्रम सम्वत् |
| APPI | Agricultural Producers Price Index | CAPI | Computer-Assisted Personal Interviews |
| CPC | Central Product Classification | CBNA | Cost of Basic Needs Approach |
| FAO | Food and Agriculture Organization | FCDO | Foreign and Commonwealth Development Office |
| GDP | Gross Domestic Product | GIS | Geographic Information System |
| GNI | Gross National Income | GNDI | Gross National Disposable Income |
| GVA | Gross Value Added | ICP | International Comparision Programme |
| IIP | Index of Industrial Production | IMF | International Monetary Fund |
| IOT | Input-Output Table | IPICS | Index of Construction Sectors; IPICS |
| IPPI | Industrial Producers Price Index | ISIC | International Standard Industrial Classification |
| LMBIS | Line Ministries Budget Information System | NDP | National Data Profile |
| NSIC | Nepal Standard Industrial Classification | OECD | Organization for Economic Cooperation and Development |
| PAPI | Paper and Pencil Interviewing | PPI | Purchasing Power parity |
| SNA | System of National Accounts | SUT | Supply and Use Table |
| UN | United Nations | TAF | The Asian Foundation |
| WB | World Bank | WCA | World Programme for the Census of Agriculture |

# परिच्छेद १:
# राष्ट्रिय तथ्याङ्क कार्यालयको परिचय

## १.१ पृष्ठभूमि

नेपालमा आवधिक योजना सुरुवात भएको दुई वर्षपछि अर्थात् वि. सं. २०१५ मा तथ्याङ्क ऐन, २०१५ जारी भई सोही साल पुस १७ गते साबिक केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको देखिन्छ। यसबाट नेपाल सरकारले सात दशकअगाडि नै जनता र मुलुकको ठोस हित हुने नीति निर्माण गर्नका लागि अत्यावश्यक तथ्याङ्कको महत्त्वलाई आत्मसात गरेको यथार्थ स्पष्ट हुन्छ। नेपालको तथ्याङ्कीय इतिहास खोतल्दै जाँदा तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा वि.सं. १९६८ मा सञ्चालन गरिएको नेपालको पहिलो जनगणनासम्म पुग्न सकिन्छ।

त्यसबखत इस्तिहार जारी गरेर जनगणना सञ्चालन हुने गर्थ्यो।[1] जनगणना ऐन, २००९ अनुसार वि.सं. २००९—११ मा पाँचौं जनगणना भएको देखिन्छ।

केन्द्रीय तथ्याङ्क विभाग स्थापना हुनुभन्दा अगाडि वि.सं. २००७ सम्म नेपालको तथ्याङ्कीय कार्य सम्पादन गर्नका लागि औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा र जनसङ्ख्या गोश्वारा नामका दुईओटा अड्डाहरू अस्तित्त्वमा रहेको पाइन्छ। पछि वि.सं. २००७ मा ती दुवै अड्डालाई गाभेर सङ्ख्या विभाग स्थापना गरिएको भेटिन्छ। पहिलो आवधिक योजनादेखि मुलुकको पन्ध्रौं योजना अवधिसम्म तथ्याङ्क क्षेत्रको विकासका लागि र तथ्याङ्कमा आधारित नीति निर्माण तथा योजना तर्जुमाका लागि जोड दिइएको देखिन्छ। वि.सं. २०१७ मा तथ्याङ्क नियमावली आउनुका अलावा निजामती सेवा ऐन, २०४९ मा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र तथ्याङ्क समूह गठन हुनु पनि नेपालको तथ्याङ्कीय विकासक्रमका अविस्मरणीय परिघटनाहरू हुन्। वि.सं. २०५० मा केन्द्रीय तथ्याङ्क विभागमातहत ३३ ओटा शाखा तथ्याङ्क कार्यालयहरू खडा गरिए जुन वि.सं २०८१ श्रावण १ गतेदेखि १८ ओटा तथ्याङ्क समन्वय कार्यालयमा रूपान्तरित गरिएका छन्। हाल १८ ओटा तथ्याङ्क समन्वय कार्यालय अस्तितत्वमा रहेका छन्। नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीको मियो मानिने केन्द्रीय तथ्याङ्क विभागको सांगठनिक सुधारका लागि समय समयमा विभिन्न पहलहरू भई नै रहे र गत वर्ष २०७९ साल भाद्र महिनामा नयाँ तथ्याङ्क ऐन जारी भएपछि साबिकको केन्द्रीय तथ्याङ्क विभाग सोही सालको असोज २७ गतेदेखि राष्ट्रिय तथ्याङ्क

---

१. इस्तिहार भन्नाले सरकारका तर्फबाट सम्बन्धित समुदायलाई सार्वजनिक रुपमा दिइने विशेष आदेश ।

कार्यालयमा स्तरोन्नतिसहित रूपान्तरित भयो। ऐनले निर्दिष्ट गरेअनुसार हाल राष्ट्रिय तथ्याङ्क कार्यालयको नेतृत्त्व नेपाल सरकारको सचिवस्तरका प्रमुख तथ्याङ्क अधिकारीबाट भएको छ।

## १.२ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली र राष्ट्रिय तथ्याङ्क कार्यालय

जनतालाई अधिक मात्रामा ठोस हित हुने योजना तर्जुमा गर्न, नीति निर्धारण गर्न र मुलुकको आर्थिक सामाजिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न सरकारलाई भरपर्दो सूचनाको आवश्यकता हुन्छ। साथै, सार्वभौमसत्ता सम्पन्न जनतालाई आफू र आफूसँग सरोकार रहेको विषयमा यथोचित जानकारी प्राप्त गर्ने अधिकार पनि सुनिश्चित भएको हुन्छ। यी दुवै विषयका लागि भरपर्दो र गुणस्तरीय आधिकारिक तथ्याङ्कको आवश्यकता पर्दछ। आधिकारिक तथ्याङ्कको उत्पादन, वितरण तथा संरक्षण गर्ने जिम्मेवारी सरकारको हुन्छ र सरकारले राष्ट्रिय तथ्याङ्क प्रणालीमार्फत यो कार्य सम्पादन गरिरहेको हुन्छ। नेपालको सन्दर्भमा तथ्याङ्क ऐन, २०७९ बमोजिम राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापित भई सञ्चालनमा रहेको छ र यो प्रणालीलाई राष्ट्रिय तथ्याङ्क कार्यालयले नेतृत्व गर्दै अन्य सरोकारवाला निकायको समन्वय र सहकार्यमा सञ्चालन गर्दै आएको छ। यही पृष्ठभूमिमा प्रतिवेदनको यस खण्डमा नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली र राष्ट्रिय तथ्याङ्क कार्यालयको संक्षिप्त परिचयात्मक चर्चा गरिएको छ।

### १.२.१ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली

आधिकारिक तथ्याङ्कको उत्पादन, वितरण, प्रयोग, भण्डारण जस्ता क्रियाकलाप सञ्चालन गर्न सङ्गठित भएका तथ्याङ्कीय सङ्गठन तथा एकाइहरूको समूहलाई राष्ट्रिय तथ्याङ्क प्रणालीका रूपमा बुझ्ने गरिन्छ। विश्व समुदायमा राष्ट्रिय तथ्याङ्क प्रणालीको बारेमा अध्ययन गर्दा विभिन्न देशले आ-आफ्नो तरिकाले परिभाषित गरेको पाइन्छ। यस्ता परिभाषाका आशय, सार र अर्थमा एकरूपता भए पनि प्रस्तुतिमा विविधता देखिन्छ। यसैकारण संयुक्त राष्ट्र सङ्घको तथ्याङ्क विभागले पनि राष्ट्रिय तथ्याङ्क प्रणालीको ठोस परिभाषा गरेको छैन तर प्रणाली विकासका लागि सहयोग गर्ने प्रतिवद्धता जनाएको पाइन्छ। अर्को अन्तर्राष्ट्रिय सङ्गठन अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एण्ड डेभेलपमण्टले भने राष्ट्रिय तथ्याङ्क प्रणालीलाई निम्नानुसार परिभाषित गरेको पाइन्छः[२]

*"राष्ट्रिय तथ्याङ्क प्रणाली कुनै पनि देशभित्रको तथ्याङ्कीय सङ्गठन र एकाइहरूको समूह हो, जसले राष्ट्रिय सरकारको तर्फबाट आधिकारिक तथ्याङ्कहरू संयुक्त रूपमा सङ्कलन, व्यवस्थापन र प्रसार गर्दछ"* (OECD, 2004) "

नेपालको सन्दर्भमा राष्ट्रिय तथ्याङ्क प्रणालीको औपचारिक सुरुवात सम्वत् १९६८ को पहिलो राष्ट्रिय जनगणना सञ्चालन गरिएपश्चात् सुरु भएको मानिन्छ। यद्यपि, विधिवत रूपमा भने राष्ट्रिय

---

२. https://stats.oecd.org/glossary/detail.asp?ID=1726 (retrieved on 14 November 2021)

तथ्याङ्क प्रणालीको परिकल्पना नेपाल सरकारले वि.सं. २०७५ माघमा स्वीकृत गरेको तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीतिबाट भएको मान्न सकिन्छ। तथ्याङ्क ऐन, २०७९ ले राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना देहायबमोजिम हुने उल्लेख गरेको छः[३]

*"यस ऐन तथा प्रचलित कानुन बमोजिम कार्यालय, सरकारी निकाय तथा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कको एकीकृत प्रणालीको रूपमा राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना गरिनेछ।"*

तथ्याङ्क ऐनले सरकारी सेवा अभिलेखबाट पनि तथ्याङ्क उत्पादन गरी प्रणालीमा आबद्ध गर्न सकिने र राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रणालीको व्यवस्थापन र प्रणालीमा आबद्ध निकायबिच समन्वय कायम गर्नेछ भनी उल्लेख गरेको छ। साथै, तथ्याङ्क ऐनले राष्ट्रिय तथ्याङ्क प्रणालीको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विधि, प्रक्रिया र मापदण्डका लागि नियमावली वा कार्यविधि तयार गर्ने मार्गसमेत खोलिदिएको छ। ऐनको यस किसिमको प्रावधानसँगै नेपालमा राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्ने एवम् सञ्चालन तथा व्यवस्थापन गरी विश्वसनीय, गुणस्तरीय र भरपर्दो तथ्याङ्क उत्पादनको दायरा बढाएर तथ्याङ्क प्रयोगकर्ताको माग सम्बोधन गर्ने विषयलाई प्राथमिकतामा राखेको देखिन्छ।

राष्ट्रिय तथ्याङ्क प्रणाली मूलतः केन्द्रीकृत र विकेन्द्रित गरी दुई किसिमको हुन्छ। अष्ट्रेलिया, डेनमार्क, नेदरल्याण्ड, स्वीडेन, फिनल्याण्ड र क्यानडा जस्ता देशमा केन्द्रीकृत तथ्याङ्क प्रणाली सञ्चालनमा रहेको छ भने अमेरिका, फ्रान्स, बेलायत, फिलिपिन्स र चीनमा विकेन्द्रित तथ्याङ्क प्रणाली सञ्चालनमा रहेका छन्।[४] तर केही मुलुकहरूले भने मिश्रित प्रकृतिको तथ्याङ्क प्रणाली सञ्चालन गरेको पाइन्छ। न्यूजिल्याण्डलगायत अफ्रिकाली मुलुकहरूमा मुख्यतया केन्द्रीकृत भए तापनि स्वास्थ्य, शिक्षा, न्यायजस्ता क्षेत्रगत तथ्याङ्क विकेन्द्रित ढाँचामा सञ्चालित छन्। हाल नेपालले अवलम्बन गरेको तथ्याङ्क प्रणाली पनि विकेन्द्रित ढाँचाको छ।

खास गरी नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका अधिकार सूचीले लक्षित गरेका तथ्याङ्कीय कार्यबमोजिम नेपालको तथ्याङ्क प्रणाली विकेन्द्रित स्वरुपको छ। तथ्याङ्क ऐन, २०७९ ले नेपालको तथ्याङ्क प्रणालीलाई पूर्ण रूपमा (माथिदेखि तल एवम् समतलीय) विकेन्द्रित मोडलमा स्थापित गरेको छ। तथ्याङ्क प्रणाली सञ्चालन र व्यवस्थापनमा राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रमुख भूमिका खेल्दै आएको छ। यसका साथै सम्बन्धित ऐनले दिएको अधिकार प्रयोग गरेर नेपाल राष्ट्र बैङ्क, स्थानीय सरकारलगायत अन्य निकायहरूले तथ्याङ्क उत्पादन, प्रशोधन, विश्लेषण, प्रयोग,

३. https://www.lawcommission.gov.np/np

४. हेर्नुहोस् https://unstats.un.org/unsd/dnss/docViewer.aspx?docID=248#start

भण्डारण तथा वितरण गर्दै आइरहेका छन्। यसै क्रममा अधिकांश सरकारी निकायहरूले सेवा अभिलेखबाट वा व्यवस्थापन सूचना प्रणालीबाट तथ्याङ्क उत्पादन तथा आपूर्ति गर्दै आइरहेका छन्। उदाहरणका लागि स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली, शिक्षा व्यवस्थापन सूचना प्रणाली आदिलाई लिन सकिन्छ।

नेपालको तथ्याङ्क प्रणालीका प्रमुख अङ्गहरूमा उत्पादक, प्रदायक, प्रयोगकर्ता र अनुसन्धानात्मक, शैक्षिक एवम् प्राज्ञिक संस्थाहरू पर्दछन्। तथ्याङ्क उत्पादकहरूमा राष्ट्रिय तथ्याङ्क कार्यालय; नेपाल राष्ट्र बैङ्क तथा सङ्घीय मन्त्रालय एवम् अन्य निकाय; प्रदेश सरकार तथा स्थानीय सरकार; प्राज्ञिक, अनुसन्धान एवम् शैक्षिक संस्था; गैरसरकारी संस्था, नागरिक समाज एवम् निजी संस्था आदि रहेका छन्। तथ्याङ्क प्रदायकहरूमा व्यक्ति एवम् परिवार; प्रतिष्ठान (व्यापारिक, औद्योगिक); सरकारी निकाय; गैरसरकारी संस्था; सामाजिक सङ्घ, संस्था; अनलाइन प्लेटफर्म आदि रहेका छन्। त्यसैगरी तथ्याङ्क प्रयोगकर्ताहरूमा तीनै तहका सरकार; अन्तर्राष्ट्रिय समाज एवम् दातृ संस्था; नागरिक समाज, प्राज्ञिक, अनुसन्धानात्मक एवम् शैक्षिक संस्था; गैरसरकारी संस्था; प्रतिष्ठान; सञ्चार जगत, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी र सर्वसाधारण नागरिक, आदि रहेका छन्। तथ्याङ्क प्रणालीका यिनै सरोकारवालाहरूको संयुक्त पहलमा नेपालको तथ्याङ्क प्रणालीले विगतको तुलनामा विकासका खुट्किलोहरू क्रमिक रूपमा उक्लिरहेको छ।

### १.२.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको गठन

वि. सं. २०१५ मंसिर ८ गते तथ्याङ्क ऐन, २०१५ लालमोहर सदर भई मंसिर महिनाकै १८ गते नेपाल राजपत्रमा प्रकाशित भएपछि सोही वर्षको पुष १७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको थियो। विभाग स्थापना भएको करिब ६४ वर्षपछि पुनः नयाँ तथ्याङ्क ऐन, २०७९ जारी भयो र यसै ऐनबमोजिम साबिकको केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भयो। यस हिसाबले राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना सम्वत् २०७९ असोज २७ गते भएको मान्न सकिन्छ। साबिकको केन्द्रीय तथ्याङ्क विभाग स्थापना भएपछि अर्थ मन्त्रालय, आर्थिक मामिला मन्त्रालयअन्तर्गत हुँदै पछिल्लो समय राष्ट्रिय योजना आयोगमातहत रहेर कार्य सम्पादन गरेको थियो। नयाँ तथ्याङ्क ऐनसँगै स्थापित राष्ट्रिय तथ्याङ्क कार्यालय हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहत रहेको छ। कार्यालय प्रमुखको रूपमा नेपाल सरकारका सचिव प्रमुख तथ्याङ्क अधिकारी रूपमा रहने व्यवस्था छ। यस कार्यालयका उद्देश्य देहायबमोजिम छन्।

- मुलुकको आर्थिक-सामाजिक गतिविधिको यथार्थ ज्ञान प्राप्त गरी जनताको अधिकाधिक हित हुने राष्ट्रिय नीति निर्धारण एवम् विकास योजनाको लागि नेपाल सरकारलाई आवश्यक स्तरीय एवम् भरपर्दो तथ्याङ्क सङ्कलन गरी नियमित रूपमा उपलब्ध गराउने।

- सङ्कलित तथ्याङ्कको प्रशोधन, वितरण तथा संरक्षण, प्रकाशन, विश्लेषण तथा संरक्षण गर्ने।
- तथ्याङ्कसम्बन्धी अध्ययन, अनुसन्धान गरी आधिकारिक तथ्याङ्कको स्तर बढाउने।
- तथ्याङ्क उत्पादनका सिलसिलामा विभिन्न निकायहरूबाट प्रयोग हुने तथ्याङ्कीय परिभाषा तथा विधिहरूबिच एकरूपता कायम गर्न समन्वयको भूमिका निर्वाह गर्ने।
- एकीकृत तथ्याङ्कको विकासका लागि तथ्याङ्कसम्बन्धी क्षेत्रमा कार्यरत सरकारी गैरसरकारी निकायहरूको तथ्याङ्कसम्बन्धी कार्यमा अग्रणी भूमिका निर्वाह गर्ने।
- तथ्याङ्क क्षेत्रमा संलग्न जनशक्तिको विकास गर्ने।

## १.३ राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको अनुसूची ५ मा सङ्घको अधिकार सूचीअन्तर्गत बुँदा नं. १३ मा केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) उल्लेख भएको छ। तथ्याङ्क ऐन, २०७९ को दफा २४ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकारलाई देहायानुसार उल्लेख गरिएको छ।

(क) तथ्याङ्कसम्बन्धी नीति, योजना तथा रणनीतिको मस्यौदा तयार गरी परिषद्समक्ष पेस गर्ने,

(ख) राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, प्रवर्धन तथा सोको लागि अन्तरनिकाय समन्वय गर्ने,

(ग) कार्यालयले सङ्कलन गर्नुपर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षणलगायतका अन्य क्षेत्रगत तथ्याङ्कसम्बन्धी कार्य सञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(घ) योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ङ) तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरणसम्बन्धी कार्य गर्ने,

(च) तथ्याङ्कसम्बन्धी अभिलेखको सुरक्षा गर्ने,

(छ) तथ्याङ्कसम्बन्धी विवरण प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,

(ज) केन्द्रीय तथ्याङ्क (डाटा) बैङ्कको रूपमा कार्य गर्ने,

(झ) प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क प्राप्त गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने,

(ञ) प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने,

(ट) प्रचलित कानुनबमोजिम तथ्याङ्क सङ्कलनसम्बन्धी काम गर्ने निकायको तथ्याङ्कसम्बन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,

(ठ) यस ऐनबमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,


(ड) तथ्याङ्कसम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षणसम्बन्धी काम गर्ने, र

(ढ) नेपाल सरकार वा आयोगले माग गरेको तथ्याङ्कसम्बन्धी विवरण वा सूचना उपलब्ध गराउने।

## १.४ राष्ट्रिय तथ्याङ्क कार्यालयको साङ्गठनिक स्वरूप

तथ्याङ्क ऐन, २०७९ कार्यान्वयनमा आए भएपश्चात् राष्ट्रिय तथ्याङ्क कार्यलयको संक्षिप्त सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी मिति २०७९ फागुन ४ गते मन्त्रिपरिषद्बाट स्वीकृत गरी लागु गरियो। यस कार्यालयको प्रमुखमा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था रहेको छ। कार्यालयमा आर्थिक तथ्याङ्क महाशाखा, सामाजिक तथ्याङ्क महाशाखा, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा, र योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा गरी चारओटा महाशाखाहरू रहेका छन्। आर्थिक तथ्याङ्क महाशाखाअन्तर्गत चारओटा शाखाहरू, सामाजिक तथ्याङ्क महाशाखाअन्तर्गत पाँचओटा शाखाहरू, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखाअन्तर्गत चारओटा शाखाहरू र योजना तथा जनशक्ति व्यबस्थापन महाशाखाअन्तर्गत सातओटा शाखाहरू गरी कुल २० ओटा शाखाहरू रहेका छन्। यसका साथै, कार्यालयबाट सञ्चालन हुने तथ्याङ्कसम्बन्धी कार्यक्रमहरू कार्यान्वयनका लागि दुईदेखि तीन जिल्ला कार्यक्षेत्र हुने गरी १८ जिल्लामा तथ्याङ्क समन्वय कार्यालयहरू स्थापना भएका छन् (चित्र नं. १)।

## चित्र १. राष्ट्रिय तथ्याङ्क कार्यालयको सङ्गठन संरचना




राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका १८ तथ्याङ्क समन्वय कार्यालयहरूको लागि स्वीकृत सङ्गठन स्वरूपअनुसार विभिन्न श्रेणी र सेवा, समूहका पदहरू गरी कुल ४१४ दरबन्दी कायम रहेको छ। सोमध्ये कार्यालयको कुल दरबन्दी १२९ र तथ्याङ्क समन्वय कार्यालयहरूको कुल दरबन्दी २८५ रहेको छ (तालिका १)

**तालिका १: राष्ट्रिय तथ्याङ्क कार्यालय र ३३ कार्यालयहरूमा रहेको दरबन्दीको अवस्था**

| क्र.सं. | पद | सेवा/समूह | श्रेणी | मौजुदा दरबन्दी | | |
|---|---|---|---|---|---|---|
| | | | | रा.त.का | त.स.का. | जम्मा |
| १ | प्रमुख तथ्याङ्क अधिकारी | नेपाल प्रशासन | रा.प.विशिष्ट | १ | - | १ |
| २ | उपप्रमुख तथ्याङ्क अधिकारी | ने.आ.यो.तथा त. | रा.प.प्रथम | ४ | - | ४ |
| ३ | उपसचिव | प्रशासन | रा.प.द्वितीय | १ | - | १ |
| ४ | उपसचिव | लेखा | रा.प.द्वितीय | १ | - | १ |

| क्र.सं. | पद | सेवा/समूह | श्रेणी | मौजुदा दरबन्दी | | |
|---|---|---|---|---|---|---|
| | | | | रा.त.का | त.स.का. | जम्मा |
| ५ | निर्देशक | ने.आ.यो.तथा त. | रा.प.द्वितीय | २२ | - | २२ |
| ६ | तथ्याङ्क समन्वय अधिकारी | ने.आ.यो.तथा त. | रा.प.द्वितीय | - | १८ | १८ |
| ६ | शाखा अधिकृत | प्रशासन | रा.प.तृतीय | ७ | – | ७ |
| ७ | लेखा अधिकृत | लेखा | रा.प.तृतीय | १ | – | १ |
| ८ | तथ्याङ्क अधिकृत | ने.आ.यो.तथा त. | रा.प.तृतीय | ३९ | ३३ | ७२ |
| ९ | कानुन अधिकृत | न्याय सेवा | रा.प. तृतीय | १ | – | १ |
| १० | कम्प्युटर अधिकृत | विविध | रा.प.तृतीय | ८ | – | ८ |
| ११ | कम्प्युटर इन्जिनियर | विविध | रा.प.तृतीय | १ | – | १ |
| १२ | नायब सुब्बा | प्रशासन | रा.प.अनं.प्रथम | ८ | २ | १० |
| १३ | लेखापाल | लेखा | रा.प.अनं.प्रथम | २ | - | २ |
| १४ | तथ्याङ्क सहायक/सुपरिवेक्षक | ने.आ.यो.तथा त. | रा.प.अनं.प्रथम | १३ | ८२ | ९५ |
| १५ | सहायक कार्टोग्राफर | विविध | रा.प.अनं.प्रथम | १ | – | १ |
| १६ | कम्प्युटर अपरेटर | विविध | रा.प.अनं.प्रथम | ३ | – | ३ |
| १७ | सहलेखापाल | लेखा | रा.प.अनं.द्वितीय | – | १८ | १८ |
| १८ | खरिदार | प्रशासन | रा.प.अनं.द्वितीय | ० | ३४ | ३४ |
| १९ | गणक | ने.आ.यो.तथा त. | रा.प.अनं.द्वितीय | – | ६२ | ६२ |
| २० | हलुका सवारी चालक | | श्रेणीविहीन | ५ | – | ५ |
| २१ | कार्यालय सहयोगी | | श्रेणीविहीन | ११ | ३६ | ४७ |
| **जम्मा** | | | | **१२९** | **२८५** | **४१४** |

## १.५ राष्ट्रिय तथ्याङ्क परिषद् र कार्यालयको भूमिका

राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास, व्यवस्थापन र अनुसन्धानसम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि तथ्याङ्क ऐन, २०७९ ले राष्ट्रिय तथ्याङ्क परिषद् रहने व्यवस्था गरेको छ। तथ्याङ्क ऐनअनुसार राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास, व्यवस्थापन र अनुसन्धानसम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय तथ्याङ्क परिषद् रहने व्यवस्था गरिएको छ।

### १.५.१ परिषद्को गठन

तथ्याङ्क ऐन, २०७९ को परिच्छेद ५ मा राष्ट्रिय तथ्याङ्क परिषद्सम्बन्धी व्यवस्था गरिएको छ। ऐनको दफा १९ मा तथ्याङ्क परिषद्को गठनका बारेमा उल्लेख गरिएको छ। ऐनले व्यवस्था गरेअनुसार परिषद्को गठन देहायबमोजिम रहेको छ।

| | | |
|---|---|---|
| १. | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | अध्यक्ष |
| २. | सदस्य, राष्ट्रिय योजना आयोग (तथ्याङ्क विषय हेर्ने) | सदस्य |
| ३. | गभर्नर, नेपाल राष्ट्र बैङ्क | सदस्य |
| ४. | नीति अनुसन्धान प्रतिष्ठानको कार्यकारी अध्यक्ष | सदस्य |
| ५. | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ६. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ७. | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| ८. | सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| ९. | सचिव, गृह मन्त्रालय | सदस्य |
| १०. | सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| ११. | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य |
| १२. | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| १३. | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सदस्य |
| १४. | सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| १५. | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| १६. | सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सदस्य |
| १७. | सदस्य-सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |

१८. प्रदेश सरकारले तोकेको योजना वा तथ्याङ्कसम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय वा निकायका एक-एक प्रतिनिधि गरी सातजना — सदस्य

१९. प्रमुख, तथ्याङ्क केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय — सदस्य

२०. प्रमुख तथ्याङ्क अधिकारी — सदस्य-सचिव

### १.५.२ परिषद्को काम, कर्तव्य र अधिकार

तथ्याङ्क ऐनको दफा २१ मा परिषद्को काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। यस दफा अनुसार परिषद्का मुख्य काम कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्।

१. तथ्याङ्कसम्बन्धी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना, नीति तथा रणनीति तर्जुमा गर्ने,

२. कार्यालयको वार्षिक कार्ययोजना स्वीकृत गर्ने,

३. सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्क व्यवस्थापनमा समन्वय र सहजीकरण गर्ने,

४. तथ्याङ्क उत्पादकहरूबीच समन्वय कायम गर्ने र आवश्यकताअनुसार निर्देशन दिने, र

५. तथ्याङ्क सङ्कलन, भण्डारण, प्रशोधन तथा सोको नतिजा प्रकाशनसम्बन्धी विगतका काम कारबाहीको समीक्षा गरी आवश्यकताअनुसार सम्बन्धित निकायलाई निर्देशन दिने।

## १.६ कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यसम्पादन गर्नका लागि नेपालको संविधान, आवधिक योजना, तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, तथ्याङ्क ऐन तथा नियम प्रमुख नीतिगत व्यवस्था हुन्। साबिकको केन्द्रीय तथ्याङ्क विभाग स्थापना हुनुपूर्व पनि तथ्याङ्कीय क्रियाकलाप व्यवस्थित गर्नका लागि इस्तिहार तथा ऐनहरू जारी गरिएका थिए। वि. सं. १९७६, १९९८ तथा २००७ का इस्तिहारहरू यसका उदाहरण हुन्। नेपालको पाँचौ जनगणना सञ्चालन गर्नका लागि भने जनगणना ऐन, २००९ जारी भएको पाइन्छ। वि.सं. २०१३ मा जनगणना ऐन, २०१३ भएको र वि.सं. २०१५ मा तथ्याङ्क ऐन जारी भएपछि उक्त जनगणना ऐन खारेज भएको थियो। यस खण्डमा खास गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यसम्पादन गर्नका लागि विद्यमान रहेका प्रमुख नीतिगत तथा कानुनी आधारका बारेमा मात्र चर्चा गरिएको छ।

### १.६.१ नेपालको संविधान

वि.सं. २०७२ मा जारी गरिएको नेपालको संविधानले तथ्याङ्कसँग सम्बन्धित विषयलाई निकै महत्वका साथ उल्लेख गरेको छ। यसले नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई स्पष्ट रूपमा

विकेन्द्रित तथ्याङ्क प्रणालीको रूपमा स्थापित गरेको छ र सङ्घको अधिकार क्षेत्रअन्तर्गत तथ्याङ्कको मानक र गुणस्तर कायम गर्ने विषय समावेश गरेको छ। यही क्षेत्राधिकारभित्र रही राष्ट्रिय तथ्याङ्क कार्यालयले आफ्ना तथ्याङ्कीय गतिविधिहरू सञ्चालन गर्ने नीतिगत आधार प्राप्त गरेको छ। तालिका २ मा प्रस्तुत गरिएबमोजिम संविधानका देहायबमोजिम विभिन्न धाराहरूमा उल्लेख भएका तथ्याङ्क सम्बन्धित विषयलाई समेत मध्यनजर गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयले आफ्ना गतिविधिहरू सम्पादन गर्नुपर्ने अवस्था रहेको छ।

**तालिका २ संविधानमा उल्लेख भएका तथ्याङ्कसम्बन्धी विषय**

| क्र.सं. | धारा | विषय | तथ्याङ्कसम्बन्धी विषय |
|---|---|---|---|
| १ | धारा २८ | गोपनीयताको हक | तथ्याङ्कको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने। यही विषय तथ्याङ्क ऐन, २०७९ मा पनि स्पष्टताका साथ उल्लेख गरिएको छ। |
| २ | धारा ५१ | राज्यका नीतिहरू ((को (च) को बुँदा नं. ८) विकाससम्बन्धी नीति) | जनसाङ्ख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्ने विषय उल्लेख छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले आवधिक रूपमा जनगणना तथा सर्वेक्षण सञ्चालन गरेर यो कार्य गर्दै आएको छ। |
| ३ | धारा ८४<br>धारा १७६ | प्रतिनिधि सभाको गठन (१ (क) र २)<br>प्रदेश सभाको गठन (२ र ६) | जनसङ्ख्यालाई पनि निर्वाचन क्षेत्र निर्धारणको आधार मानिएको छ।<br>समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा प्रतिनिधित्व हुने भनी उल्लेख गरेको छ। |
| ४ | धारा २५९ | राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार (१ (छ)) | राष्ट्रिय जनगणना उल्लेख गरिएको छ। |
| ५ | धारा २८१ | विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन | राष्ट्रिय जनगणना उल्लेख गरिएको छ। |
| ६ | धारा २८६ | निर्वाचन क्षेत्र निर्धारण आयोग (५ र ६) | निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्यालाई मुख्य आधार मान्ने विषय उल्लेख छ। |

| क्र.सं. | धारा | विषय | तथ्याङ्कसम्बन्धी विषय |
|---|---|---|---|
| ७ | अनुसूची ५ | सङ्घको अधिकार सूची (बुँदा १३) | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गणुस्तर) को विषय उल्लेख छ। |
| ८ | अनुसूची ६ | प्रदेशको अधिकार सूची (बुँदा ६) | प्रदेश तथ्याङ्क |
| ९ | अनुसूची ८ | स्थानीय तहको अधिकार सूची (बुँदा ६, १३, १७) | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय अभिलेख व्यवस्थापन, बेरोजगार तथ्याङ्क सङ्कलनसम्बन्धी विषय उल्लेख छ। |
| १० | अनुसूची ९ | सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची (बुँदा ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्कसम्बन्धी विषय उल्लेख छ। |

**नोटः** संविधानको अनुसूची ५, ६, ८ र ९ मा उल्लेख भएका अधिकार सूचीलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ माघ १८ को निर्णयबमोजिम विस्तृतीकरण गरी कार्यान्वयनमा आएको छ।[५]

### १.६.२ पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१

वि.सं. २०१३ मा पहिलोपटक पञ्चवर्षीय योजना (२०१३-२०१८) तर्जुमा गर्दादेखि नै तथ्याङ्कको महत्व र आवश्यकतालाई प्रमुखताका साथ उल्लेख गर्दै आएको पाइन्छ। यसअतिरिक्त पहिलोपटक तथ्याङ्कसम्बन्धी अलग्गै योजना वि.सं. २०५७ मा तयार गरिएको थियो तर विविध कारणवश सो योजना पूर्ण रूपमा लागु हुन सकेको थिएन। नेपाल सरकारले आर्थिक वर्ष २०७५/७६ मा तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति (२०७५/७६-२०७९/८०) लागु गरी कार्यान्वयनमा ल्याएसँगै यही रणनीतिकै सोच बमोजिम पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) मा तथ्याङ्कसम्बन्धी देहायबमोजिम सोच, लक्ष्य, उद्देश्य तथा रणनीति निर्धारण गरिएको थियो।

- **सोचः** सबल, क्रियाशील र समन्वयात्मक राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास भन्ने सोचका साथ पन्ध्रौं पञ्चवर्षीय योजनाले तथ्याङ्क प्रणाली सुदृढीकरण गर्नका लागि देहायबमोजिम लक्ष्य तर्जुमा गरेको थियो।

५. विस्तृत विवरणका लागिः https://www.opmcm.gov.np/federalism-admin/ (retrieved on 14 November 2021)

- **लक्ष्यः** समन्यायिक विकास र समृद्धिसम्बन्धी नीतिका लागि संघीय शासन प्रणालीसापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, व्यवस्थापन र आपूर्ति पद्धतिको विकास गर्ने।
- **उद्देश्यः**

  १) विश्वसनीय, गुणस्तरीय तथा तुलनायोग्य तथ्याङ्क उत्पादन गरी नियमित आपूर्ति गर्नु।

  २) निकायगत तथा तहगत समन्वय स्थापना गरी संघीय संरचनाअनुरूपको तथ्याङ्क प्रणाली विकास गर्नु।
- **रणनीतिः**

  १) संघीय पद्धतिबमोजिम नीतिगत र संस्थागत व्यवस्था गर्ने।

  २) सूचकहरूको पहिचान र प्राथमिकीकरण गरी प्रचलित विधि र गुणस्तर मापदण्डअनुरूपको तथ्याङ्क उत्पादन र आपूर्ति गर्ने।

  ३) तथ्याङ्क उत्पादन र आपूर्तिमा सबै तथ्याङ्कीय स्रोतको उपयोग गर्ने।

  ४) तथ्याङ्कीय क्रियाकलापमा सूचना प्रविधिलगायतका नवीनतम प्रविधिको प्रयोगमा वृद्धि गर्ने।

  ५) तथ्याङ्कसम्बन्धी संगठनात्मक व्यवस्था, क्षमता विकास, समन्वय र सञ्जालीकरण गर्ने।

पन्ध्रौं योजनाका उल्लेखित सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यसम्पादनका नीतिगत आधार हुन् र सोहीबमोजिम यस कार्यालयले गणना, सर्वेक्षण, क्षमता विकास, तथ्याङ्कको संरक्षण तथा भण्डारणका अतिरिक्त तथ्याङ्कसम्बन्धी नीति निर्धारण, समन्वय र तथ्याङ्कसम्बन्धी प्रविधिको विकाससम्बन्धी कार्य गर्दै आइरहेको छ।

### १.६.३ तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति (२०७५/७६-२०७९/८०)

नेपालमा तथ्याङ्कीय क्रियाकलापलाई योजनावद्ध रूपमा कार्यान्वयनमा लैजानका लागि आवधिक योजना तर्जुमाको सुरुवाती वर्षदेखि नै विशेष कार्यक्रमहरू प्रस्ताव गरिएको पाइन्छ। पहिलो आवधिक योजना (२०१३-२०१८) मा नै तथ्याङ्कको निकै अभाव महसुस गरिएको देखिन्छ। त्यसपछिका प्रत्येक योजनाहरूमा पनि तथ्याङ्कसम्बन्धी योजना तथा कार्यक्रमहरू निरन्तर समावेश गरेको पाइन्छ। यसैबिच सम्वत् २०५७ मा पहिलोपटक समष्टिगत राष्ट्रिय तथ्याङ्क योजना तयार गरिएको थियो। उक्त योजना तथा हालसम्मका आवधिक योजनाहरूले खास गरी विकेन्द्रित तथा सशक्त तथ्याङ्क प्रणाली स्थापना गरी तथ्याङ्कको बढ्दो माग सम्बोधन गर्ने लक्ष्य राखेको पाइन्छ। यसको कार्यान्वयनका लागि तत्कालीन केन्द्रीय तथ्याङ्क विभागको पुनर्संरचना गर्ने तथा विषयगत मन्त्रालयहरूमा तथ्याङ्क एकाइको स्थापना वा स्तरोन्नति गरी बलियो समन्वय कायम गर्ने सोच राखियो। त्यस्तै कुशल तथ्याङ्क उत्पादन तथा वितरण कार्य गर्नेलगायतका कार्यक्रमहरू

अगाडि सारिएका थिए। योजनाका केही प्रावधान कार्यान्वयनमा आउन सफल भए पनि कारणवश कतिपय प्रावधानहरू भने कार्यान्वयनमा आउन सकेनन्।

तथ्याङ्कीय योजनाको क्रमलाई निरन्तरता दिने प्रयास स्वरूप नेपाल सरकारले आर्थिक वर्ष २०७५/७६ मा स्वीकृत गरी सम्वत् २०७५/७६-२०७९/८० सम्मको पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो। यस रणनीतलिले आफ्नो दीर्घकालीन सोचमा नै राष्ट्रिय तथ्याङ्क प्रणालीलाई अग्रस्थान दिएको थियो। जसअनुसार a्समन्वयात्मक, क्रियाशील र सबल राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना' गर्नु नै उक्त रणनीतिको दीर्घकालीन सोच रहेको थियो। यस सोचले मूलतः तीनओटा पक्षलाई जोड दिएको थियोः राष्ट्रिय तथ्याङ्क प्रणालीभित्रका सरोकार पक्ष (उत्पादक, प्रदायक, प्रयोगकर्ता र शोध अनुसन्धानकारी संस्थासमेत) का बिचमा सुधारिएको समन्वय, कानुनी, नीतिगत र आकांक्षामा सीमित राष्ट्रिय तथ्याङ्क प्रणालीको क्रियाशीलता, सरकारी दस्तावेज र राजनैतिक तथा प्रशासनिक नेतृत्वबाट बेलाबेलामा तथ्याङ्कको आवश्यकता, महत्व र अपरिहार्यताका पक्षमा प्रकट हुने गरेका सकारात्मक अभिमतका बाबजुद नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली किञ्चित दुर्बल भएकोले त्यसलाई सबल बनाउने सङ्कल्प गरेको थियो। तदनुरूप यस रणनीतिले ***"समन्यायिक विकास र समृद्धिसम्बन्धी नीतिका लागि संघीय शासन प्रणालीसापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, व्यवस्थापन र आपूर्ति पद्धति विकास गर्ने"*** लक्ष्य राखेको थियो।

यिनै दीर्घकालीन सोच र लक्ष्य प्राप्तिका लागि मूलतः तीनओटा रणनैतिक उद्देश्य लिइएको थियो। जसअनुसार पहिलो रणनीतिक उद्देश्यले नेपाल सरकारका केन्द्रीय निकाय, प्रदेश र स्थानीय तहका बिचमा समन्वय स्थापना गर्दै संघीय संरचनाअनुरूपको तथ्याङ्क प्रणाली विकास गर्नुपर्ने कुरालाई उठाएको थियो। दोस्रो उद्देश्यले गुणस्तरीय तथ्याङ्कको नियमित उत्पादन र आपूर्तिका माध्यमबाट तथ्यमा आधारित नीतिनिर्माण र प्रयोगकर्ताको माग सम्बोधनलाई प्राथमिकता दिएको थियो। तेस्रो बुँदाले तथ्याङ्कीय कार्यहरूको व्यवस्थापनका लागि कानुनी र प्रक्रियागत विषयमा सुधार गर्दै संस्थागत सुदृढीकरणका पक्षमा जोड दिएको थियो।

तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीतिले खासगरी संविधानको भावना, आवधिक योजना, नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धताको अनुगमन तथा नीतिनिर्माणका लागि तथ्याङ्कको उत्पादन र आपूर्ति गर्ने उद्देश्य राखेको पाइन्छ। त्यसै गरी संविधानको अनुसूची (५, ६, ८ र ९) मा तोकिएबमोजिम तथ्याङ्कको उत्पादन र आपूर्ति गर्ने; पुरानो तथ्याङ्क ऐनलाई प्रतिस्थापन गरी नयाँ तथ्याङ्क ऐन जारी गर्ने; ऐनमा राष्ट्रिय तथ्याङ्क परिषद्को व्यवस्था गर्ने; केन्द्रीय तथ्याङ्क विभागको स्तरोन्नति गर्ने; निर्धारित तथ्याङ्क प्रणाली कार्यान्वयन गर्ने; प्रविधिमैत्री तथ्याङ्कीय क्रियाकलाप गर्ने; राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सर्वेक्षण अनुमति प्रणाली कार्यान्वयन गर्ने; राष्ट्रिय तथ्याङ्क प्रशिक्षण

तथा अनुसन्धान केन्द्रको स्थापना गर्ने; दिगो विकास लक्ष्यका सूचकहरूको अनुगमन सूचक उत्पादन र आपूर्ति गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहमा रहने तथ्याङ्क एकाइ स्थापना र जनशक्ति व्यवस्थापन गर्ने जस्ता प्रमुख विषय उक्त रणनीतिमा समावेश गरिएको थियो। नयाँ तथ्याङ्क ऐन जारी गर्ने, तथ्याङ्क परिषद्को व्यवस्था गर्ने, केन्द्रीय तथ्याङ्क विभागको स्तरोन्नति गर्नेलगायत कतिपय विषय कार्यान्वयनमा आए भने कतिपय विषय कार्यान्वयनको पर्खाइमा नै छन्।

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सञ्चालनका लागि राष्ट्रिय रणनीति एउटा प्रमुख नीतिगत दस्तावेज हो। यसैका आधारमा तथ्याङ्कीय योजना तथा कार्यक्रम तर्जुमा हुने र सोही अनुसारको प्रगतिसमेत मापन गर्ने गरिन्छ। पहिलो रणनीतिको क्रियाशील अवधि समाप्त भएका कारण नयाँ रणनीति तर्जुमाका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले गृहकार्य सुरु गरिसकेको छ।

### १.६.४ तथ्याङ्क ऐन, २०७९

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सञ्चालन गर्ने मुख्य कानुनी आधार नै तथ्याङ्क ऐन, २०७९ हो। यस ऐनले साबिकको केन्द्रीय तथ्याङ्क विभागलाई राष्ट्रिय तथ्याङ्क कार्यालयमा रूपान्तरण गर्दै कार्यालयको नेतृत्व नेपाल सरकारको सचिवस्तरको प्रमुख तथ्याङ्क अधिकारीलाई सुम्पिएको छ। सम्वत् २०७९ असोज २७ गतेदेखि तथ्याङ्क ऐन कार्यान्वयनमा आएको छ। यस ऐनले खास गरी संविधानअनुकूल विकेन्द्रित तथ्याङ्क प्रणालीको स्थापना गरेको छ। त्यस्तै तथ्याङ्क परिषद्को वैधानिक गठन गरी तथ्याङ्कीय कार्यमा समन्वय गर्ने बलियो संयन्त्र स्थापित गरेको छ। ऐनले अन्य निकायले तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्ने विधि तोकिदिएको छ। यस ऐनमा अन्य धेरै विशेषताहरू रहेका छन्। केही प्रमुख विशेषताहरूलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ।

- कम्प्युटर डाटाबेस, गणना, तथ्याङ्क, विद्युतीय अभिलेख, राष्ट्रिय तथ्याङ्क प्रणाली, सर्वेक्षणको परिभाषा उल्लेख,
- राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना,
- अन्य सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सङ्कलन गर्नसक्ने र सो तथ्याङ्क राष्ट्रिय तथ्याङ्क प्रणालीको अभिन्न अङ्ग हुने,
- तथ्याङ्क संकलक, उत्पादक तथा तथ्याङ्क प्रयोगकर्ताको दायित्व उल्लेख गरिएको,
- विद्युतीय अभिलेख, तथ्याङ्कको प्रयोग तथा पहुँच,
- राष्ट्रिय तथ्याङ्क कार्यालय र प्रमुख तथ्याङ्क अधिकारीको व्यवस्था,
- सङ्घ, प्रदेश र स्थानीय तहका सबै कर्मचारीलाई काममा लगाउन सकिने,
- व्यवस्थापन सूचना प्रणालीमा रा.त.का.को पहुँच,

- तथ्याङ्क सङ्कलन गर्ने अनुमतिसम्बन्धी व्यवस्था,
- नेपालको संविधानले अनुसूची ५, ६, ८ र ९ मा स्पष्टताकासाथ सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय अधिकारको सिमाङ्कन गरे बमोजिमको विकेन्द्रित मोडलमा राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना तथा मार्गदर्शन,
- राष्ट्रिय तथ्याङ्क परिषद्को व्यवस्था,
- तथ्याङ्कसम्बन्धी राष्ट्रिय मानक र गुणस्तरका आधार,
- तथ्याङ्क परीक्षण गर्ने अधिकारको प्रावधान,
- गोपनीयता कायम गर्ने,
- प्रदेश, स्थानीय तह तथा प्रचलित ऐनबमोजिम अन्य निकायले तथ्याङ्क सङ्कलन गर्ने अधिकार,
- विद्युतीय अभिलेखको व्यवस्था,
- केन्द्रीय डाटा बैङ्कको व्यवस्था,
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई तथ्याङ्क उपलब्ध गराउने आदि।

तथ्याङ्क ऐनका कतिपय प्रावधान कार्यान्वयन गर्नका लागि तथ्याङ्क नियमावलीको आवश्यकता पर्ने देखिएकोले तथ्याङ्क नियमावली, २०८० नेपाल सरकारबाट पारित भई कार्यान्वयनमा आइसकेको छ। सरकारले तथ्याङ्क नियमावली जारी गरिसकेपछि राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सम्पादनमा आवश्यक पर्ने कानुनी आधारले पूर्णता प्राप्त गरेको अवस्था छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्पादन गर्ने कार्यहरू नेपालका कानुन, नीति, योजना, निर्देशिका, कार्यविधिका अतिरिक्त अन्तर्राष्ट्रिय प्रचलित विधि तथा सिद्धान्तले समेत निर्देशित गर्दछ। यस्ता सिद्धान्तमा संयुक्त राष्ट्रसङ्घीय तथ्याङ्क आयोगले अनुमोदन गरेको आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्त, पेरिस २१ सङ्घको स्थापना, तथ्याङ्कमा प्राविधिक सहयोगसम्बन्धी राम्रा अभ्यासहरूको घोषणा, अन्तर्राष्ट्रिय तथ्याङ्क सञ्चालन गर्ने सिद्धान्त, तथ्याङ्कको लागि माराकेस कार्ययोजना आदि पर्दछन्।

### १.६.५ तथ्याङ्क नियमावली, २०८०

तथ्याङ्क ऐन, २०१५ लाई विस्थापित गरेर गत वर्ष २०७९ मा नयाँ तथ्याङ्क ऐन आएसँगै उक्त ऐनको प्रत्येक दफामा भएका व्यवस्थाहरूको सफल कार्यान्वयनका लागि तथ्याङ्क नियमावली तयार गरी लागु गरिएको छ। यस ऐनको दफा ३५ ले नेपाल सरकारलाई ऐनको कार्यान्वयन गर्न आवश्यक नियम बनाउने अधिकार सुम्पेको र सोही प्रावधान नियमावलीको तयार गरी पारित

गरिएको हो। नेपाल सरकारबाट तथ्याङ्क नियमावली जारी भइसकेपछि राष्ट्रिय तथ्याङ्क प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधि, प्रक्रिया र मापदण्डको महत्त्वपूर्ण कार्यान्वयन विधिवत रूपमा भएको देखिन्छ।[६] त्यस्तै, ऐनमा रहेका सर्वेक्षण अनुमति प्रणाली, निर्धारित तथ्याङ्क प्रणाली, तथ्याङ्क सङ्कलनसम्बन्धी विधि र प्रक्रियाको निक्यौंल, राष्ट्रिय तथ्याङ्क परिषद्द्वारा राष्ट्रिय मानक तथा गुणस्तरको निर्धारण, अन्य निकायबाट उत्पादित तथ्याङ्कहरूको प्रमाणीकरण, विद्युती अभिलेखको प्रयोग र आधिकारिकताका साथसाथै अप्रकाशित सूक्ष्म कोरा तथ्याङ्कको शुल्क निर्धारणसम्बन्धी व्यवस्थाको कार्यान्वयन सहज भएको छ। प्रयोगकर्ताहरूले राष्ट्रिय तथ्याङ्क प्रणालीमार्फत् उत्पादित तथ्याङ्कमाथिको पहुँचसम्बन्धी विधि र प्रक्रियाको स्पष्टता पनि तथ्याङ्क नियमावली मार्फत सम्बोधन भएको छ।

त्यस्तै ऐन र नियमावलीका आधारमा नेपाल सरकारले देहायका विषयमा निर्देशिका बनाई लागु गर्नसक्ने थप अधिकार दफा ३६ मा व्यवस्था रहेको छ।

- क) राष्ट्रियस्तरका गणना तथा सर्वेक्षण सञ्चालनसम्बन्धी,
- ख) तथ्याङ्क प्राप्ति र तथ्याङ्कीय विधि उपयोगसम्बन्धी,
- ग) राष्ट्रिय तथ्याङ्क प्रणाली कार्यान्वयनसम्बन्धी, र
- घ) सर्वेक्षण अनुमतिसम्बन्धी।

---

६ तथ्याङ्क ऐन २०७९, दफा ३(४)

# परिच्छेद २ :
# राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्कीय क्रियाकलाप

## २.१ कार्यालयको महाशाखागत कार्यविवरण

राष्ट्रिय तथ्याङ्क कार्यालयमा आर्थिक तथ्याङ्क महाशाखा, सामाजिक तथ्याङ्क महाशाखा, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा र योजना तथा जनशक्ति व्यबस्थापन महाशाखा गरी चारओटा महाशाखाहरू रहेका छन्। यी महाशाखाले आ-आफ्ना विषयगत तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्दै आइरहेका छन्। यस खण्डमा कार्यालयका यी महाशाखाहरूको कार्यविवरण संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ।

### २.१.१ आर्थिक तथ्याङ्क महाशाखा

यस महाशाखाले आर्थिक तथ्याङ्कसम्बन्धी नीतिगत तथा उच्च प्राविधिक गर्दछ। आर्थिक पक्षसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, सार्वजनिक एवम् वितरणसम्मका कार्यहरू आर्थिक तथ्याङ्क विकास कार्यक्रमसँग जोडिएका हुन्छन्। आर्थिक तथ्याङ्क महाशाखाबाट मुख्यतः राष्ट्रिय कृषिगणना, राष्ट्रिय आर्थिक गणना, राष्ट्रिय औद्योगिक सर्वेक्षण लगायत आर्थिक क्षेत्रसँग सम्बन्धित गणना तथा नमुना सर्वेक्षणहरू (जस्तैः मोटरगाडी तथा मोटरसाइकल सर्वेक्षण, स्थल यातायात सर्वेक्षण, होटल तथा रेष्टुरेन्ट सर्वेक्षण, निजी शैक्षिक संस्था सर्वेक्षण, निजी स्वास्थ्य संस्था सर्वेक्षण, माछा सर्वेक्षण आदि) सञ्चालन गर्दछ। यस्ता गणना तथा सर्वेक्षण आर्थिक तथ्याङ्क उत्पादनको लागि अति आवश्यक हुन्छन्। यस महाशाखाको प्रमुख कार्यविवरण देहायबमोजिम छ।

१. आर्थिक क्षेत्रका विविध पक्षहरूको अध्ययन तथा सर्वेक्षण गरी दीर्घकालीन, मध्यकालीन र अल्पकालीन नीति निर्माणमा सहयोग गर्ने,

२. आवधिक तथा सालबसाली रूपमा आर्थिक तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण तथा प्रकाशनका कार्यहरू गर्ने गराउने,

३. आर्थिक तथ्याङ्क क्षेत्रमा देखिने दोहोरोपना, विसँगति र तथ्याङ्कको अभाव हटाउने,

४. आर्थिक तथ्याङ्क क्षेत्रमा कार्यरत जनशक्तिको दक्षता अभिवृद्धि गर्ने,

५. राष्ट्रिय तथ्याङ्क रणनीति र अन्य सम्बन्धित नीतिअन्तर्गत रहेर आर्थिक तथ्याङ्क महाशाखा अन्तर्गतका आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,

६. तथ्याङ्क उत्पादनकर्ता र प्रयोगकर्तालाई एकै स्थानमा ल्याई आवश्यकतानुसारको आर्थिक तथ्याङ्क उत्पादन गर्ने र ती तथ्याङ्क जनस्तरसम्म पुर्याउन स्थायी किसिमको पद्धति विकास गर्ने,

७. उत्पादित आर्थिक तथ्याङ्कको स्तरीयता, औचित्य र सर्वे क्लियरेन्स आदिका बारेमा प्राविधिक कार्य समूहले दिएको सुझाव र सिफारिस राष्ट्रिय तथ्याङ्क परिषद्मा पेस गर्न आवश्यक व्यवस्था गर्ने र

८. आर्थिक तथ्याङ्कसम्बन्धी प्राविधिक कार्य समूहको नेतृत्व गरी कार्यगत समन्वय गर्ने।

यस महाशाखा अन्तर्गतका शाखाहरूको कार्यविवरण देहायबमोजिम छ।

### २.१.१.१ कृषि तथा पशुपन्छी गणना शाखाको कार्य विवरण

यस शाखाले कृषि तथा पशुपन्छीसम्बन्धी कृषिगणना तथा विभिन्न सर्वेक्षण गर्दछ। कृषि क्षेत्रसँग सम्बन्धित नीति प्रक्रिया, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक पर्ने कृषिसँग सम्बन्धित प्रमुख सूचक उत्पादन गर्दछ। यस शाखाले गर्ने प्रमुख कार्यहरू देहायबमोजिम रहेका छन्।

१. प्रत्येक दश वर्षमा राष्ट्रिय कृषिगणना सञ्चालन गर्ने,

२. व्यावसायिक पशुपालन तथा व्यावसायिक कुखुरापालन सम्बन्धी अध्ययन तथा सर्वेक्षण गर्ने,

३. व्यावसायिक चिया तथा कफी खेती सम्बन्धी अध्ययन तथा सर्वेक्षण गर्ने र

४. व्यावसायिक तरकारी खेतीजस्ता कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न अध्ययन तथा सर्वेक्षण गर्ने।

### २.१.१.२ प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखाको कार्य विवरण

आर्थिक विकासको मेरुदण्ड मानिएको औद्योगिक क्षेत्रमा रहेको रोजगारीको अवस्था, राष्ट्रिय आयमा पुर्याएको योगदान र अन्तरसम्बन्धित क्षेत्रको विकासका लागि औद्योगिक तथ्याङ्कको महत्वपूर्ण भूमिका रहन्छ। त्यस्तै तथ्यमा आधारित औद्योगिक नीति निर्माण तथा योजना तर्जुमा गर्न समय सान्दर्भिक र वस्तुनिष्ठ औद्योगिक तथ्याङ्क आवश्यक पर्दछ। सबै ठुला तथा साना उद्योग प्रतिष्ठानहरूको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, व्यवस्थापन, प्रकाशन तथा वितरण गर्ने र अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान मापन गर्ने उद्देश्यले यो शाखाको स्थापना गरिएको छ। यस शाखाले सम्पादन गर्ने कार्यहरू निम्न छन्।

१. उद्योग क्षेत्रसँग सम्बन्धित आवधिक गणना तथा सर्वेक्षण सञ्चालन गर्ने (खानी तथा उत्खनन; उत्पादनशील उद्योग; विद्युत, ग्यास; पानी, ढल तथा फोहर व्यवस्थापन)
२. होटल तथा रेष्टुरेण्ट क्षेत्रसँग सम्बन्धित आवधिक गणना तथा सर्वेक्षण सञ्चालन गर्ने, र
३. अन्य सेवामूलक प्रतिष्ठानहरूसँग सम्बन्धित गणना तथा सर्वेक्षण गर्ने।

### २.१.१.३ कृषि तथा वन तथ्याङ्क शाखाको कार्य विवरण

यस शाखाले कृषि तथा वनसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी कृषि तथा वन क्षेत्रको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि देशलाई आवश्यक पर्ने आधारभूत तथ्याङ्कहरू (Benchmark Statistics) उपलब्ध गराउँदछ। यस शाखाका कार्य विवरण निम्नानुसार छ।

१. कृषि, वन तथा मत्स्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, र विश्लेषण गर्ने कार्यको व्यवस्थापन गर्ने,
२. प्रशासनिक अभिलेख र गणनाबाट नियमित रूपमा प्राप्त हुने बाहेकका अन्य कृषि, वन तथा मत्स्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको लागि सर्वेक्षण गर्ने,
३. कृषि अर्थतन्त्रको ढाँचाको तुलनात्मक अध्ययन गर्ने,
४. बाली उत्पादन लागत सर्वेक्षण सञ्चालन गर्ने,
५. कृषि तथा वन गणनाका नतिजाहरूको विश्लेषण गरी प्रकाशन गर्ने गराउने, र
६. कृषि तथा वनसम्बन्धी तथ्याङ्कहरू अद्यावधिक गर्ने र सम्बन्धित निकायसँग समन्वय गर्ने।

### २.१.१.४ आर्थिक गणना शाखाको कार्य विवरण

मुलुकको भौगोलिक सिमानाभित्र क्रियाशील रहेका सबै व्यावसायिक आर्थिक एकाइहरू (वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने प्रतिष्ठान/व्यवसायहरू) को निर्धारित प्रक्रियाअनुसार निर्धारित समयभित्र गणना गरी ती प्रतिष्ठानहरूको विवरण सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन एवम् वितरण गर्ने समष्टिगत कार्य गर्नु नै यस शाखाको प्रमुख जिम्मेवारी हो। यस शाखाका कार्यहरू देहायबमोजिम रहेका छन्।

१. राष्ट्रिय आर्थिक गणना सञ्चालन गर्ने,
२. तथ्याङ्कीय व्यावसायिक रजिष्टर तयार पार्ने, र
३. अनौपचारिक आर्थिक क्षेत्रको अध्ययन तथा सर्वेक्षण गर्ने।

### २.१.२ सामाजिक तथ्याङ्क महाशाखा

यस महाशाखाले सामाजिक तथा लैङ्गिक तथ्याङ्कसम्बन्धी नीतिगत तथा उच्च प्राविधिक गर्दछ। विशेषरुपमा जनसाङ्ख्यिक, जीवनस्तर तथा श्रमशक्ति सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण गरी सो सम्बन्धी सूचक तथा तथ्याङ्क प्रकाशन र वितरण गर्ने कार्य यस महाशाखाबाट सम्पादित गरिन्छन्। यस महाशाखाका प्रमुख कामहरू निम्न छन्।

१. सामाजिक क्षेत्रका विविध पक्षहरूको अध्ययन, सर्वेक्षण तथा गणना गरी दीर्घकालीन, मध्यकालीन र अल्पकालीन नीति निर्माणमा सहयोग गर्ने,
२. सामाजिक तथा लैङ्गिक तथ्याङ्क क्षेत्रमा देखिने दोहोरोपना र विसँगति हटाउने,
३. सामाजिक तथा लैङ्गिक तथ्याङ्क क्षेत्रमा कार्यरत जनशक्तिको दक्षता अभिवृदि गर्ने,
४. लगत प्रशोधन तथा GIS सम्बन्धी कार्य व्यवस्थापन गर्ने,
५. तथ्याङ्क उत्पादनकर्ता र तथ्याङ्क प्रयोगकर्तालाई एकै स्थानमा ल्याई आवश्यकतानुसारको तथ्याङ्क (जस्तै सामाजिक तथा मानव विकास सूचकहरू) उत्पादन गर्ने र ती तथ्याङ्कहरू जनस्तरसम्म पुर्याउन स्थायी किसिमको पद्धतिको विकास गर्ने,
६. उत्पादित तथ्याङ्कको स्तरीयता, औचित्य र सर्वे क्लियरेन्स आदिका बारेमा प्राविधिक कार्य समूहले दिएको सुझाव र सिफारिस राष्ट्रिय तथ्याङ्क परिषद्मा पेस गर्न आवश्यक व्यवस्था गर्ने, र
७. सामाजिक तथा लैङ्गिक तथ्याङ्कसम्बन्धी प्राविधिक कार्य समूहको नेतृत्व गरी कार्यगत समन्वय गर्ने।

यस महाशाखाअन्तर्गतका शाखाहरूको कार्य विवरण निम्नानुसार संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ।

#### २.१.२.१ घरपरिवार सर्वेक्षण शाखाको कार्यविवरण

घर परिवार सर्वेक्षण सञ्चालन गरी पारिवारिक संरचना, जीवनस्तर, आर्थिक क्रियाकलाप, श्रमशक्ति, आय, उपभोग, बचत र सामाजिक स्थितिको तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रकाशन गर्नु यस शाखाको मुख्य कार्य हो। यस शाखाबाट सम्पादन गरिने कार्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

१. नेपाल जीवनस्तर सर्वेक्षण सञ्चालन गरी नेपालमा गरिबी, उपभोग तथा जीवनस्तरको स्थिति मापन तथा विश्लेषण गर्ने,

२. नेपाल श्रमशक्ति सर्वेक्षण सञ्चालन गरी नेपालमा श्रमशक्ति र बेरोजगारीको स्थिति मापन तथा विश्लेषण गर्ने,
३. वार्षिक घरपरिवार सर्वेक्षण सञ्चालन गर्ने।
४. समय उपयोग सर्वेक्षण सञ्चालन गर्ने।

### २.१.२.२ जनसङ्ख्या शाखाको कार्यविवरण

यस शाखाले मुख्य रूपमा जनगणना गर्दछ। देशको सामाजिक तथा आर्थिक विकासका लागि योजना तर्जुमा, नीति निर्माण, अध्ययन, अनुसन्धान गर्न आवश्यक जनसाङ्ख्यिक तथा आर्थिक तथ्याङ्क जनगणनाबाट उपलब्ध हुन्छन्। जनगणना र जनसङ्ख्यासँग सम्बन्धित तथ्याङ्क उत्पादन तथा व्यवस्थापन गर्ने कार्य यस शाखाले गर्दछ। यस शाखाका कार्यहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

१. राष्ट्रिय जनगणना सञ्चालन गर्ने,
२. जनगणनाको नतिजा तथा प्रतिवेदन तयार गर्ने,
३. जनसङ्ख्या प्रक्षेपण गर्ने,
४. अन्तर जनगणना जनसाङ्ख्यिक नमुना सर्वेक्षण गर्ने र
५. जनसङ्ख्यासम्बन्धी अन्य सर्वेक्षण, अध्ययन तथा अनुसन्धान गर्ने।

### २.१.२.३ सामाजिक तथा लैङ्गिक तथ्याङ्क शाखाको कार्यविवरण

शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक अवस्थाका सूचक र लैङ्गिक तथ्याङ्क तयारीको लागि आवश्यक तथ्याङ्क सङ्कलन गरी आपूर्ति गर्ने यस शाखाको मुख्य काम हो। यस शाखाअन्तर्गत निम्न कार्यहरू पर्दछन्।

१. सामाजिक पक्षसँग सम्बन्धित शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक अवस्थाका सूचक र लैङ्गिक तथ्याङ्क तयारीको लागि आवश्यक विवरण सङ्कलन तथा आपूर्ति गर्ने,
२. विभिन्न निकायहरूबाट सामाजिक पक्ष र महिला तथा बालबालिकासँग सम्बन्धित विभिन्न तथ्याङ्क एकीकृत रूपमा सङ्कलन, प्रशोधन तथा विश्लेषण गरी सामाजिक तथ्याङ्क पुस्तिका आवधिक रुपमा प्रकाशन गर्ने,
३. लैङ्गिक तथ्याङ्कका सूचकहरू झल्कने हाते पुस्तिका (Leaflet) प्रकाशन गर्ने र
४. सम्बन्धित निकायहरूसँग समन्वय गर्दै महिला तथा बालबालिकासम्बन्धी सर्वेक्षण गर्ने।

### २.१.२.४ भौगोलिक सूचना प्रणाली शाखाको कार्यविवरण

भौगोलिक सूचना प्रणाली भन्नाले भूगोलमा भएको तथ्याङ्कलाई सङ्कलन गरी आधुनिक कम्प्युटर प्रविधिको माध्यमबाट सूचनाको रूपमा अभिव्यक्त गर्ने संयन्त्र वा पद्धति नै भौगोलिक सूचना प्रणाली (Geographic Information System -GIS) हो। यस शाखाले यिनै भौगोलिक सूचनासँग सम्बन्धित लगत प्रशोधन तथा सूचना प्रविधि र कार्टोग्राफीसम्बन्धी निम्नानुसार कार्यहरू गर्दछ।

१. विभिन्न क्षेत्रगत तहमा भौगोलिक तथ्याङ्क सङ्कलन, प्रशोधन, संरक्षण र विश्लेषण गरेर आवश्यकताअनुसार नक्साङ्कन गरी प्रकाशन गर्ने,
२. भौगोलिक सूचना प्रणालीमा प्रयोग गर्न आधार नक्सा प्राप्त गर्ने, नक्सा अद्यावधिक गर्ने, भौगोलिक सूचना अद्यावधिक गर्ने,
३. जनगणना, कृषिगणना, आर्थिक गणना, घरपरिवार सर्वेक्षण जस्ता तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्न आवश्यक गणना क्षेत्र तयार गर्ने र
४. गणना तथा सर्वेक्षणमा प्रयुक्त हुने नक्साको बारेमा आवश्यक सल्लाह उपलब्ध गराउने।

### २.१.२.५ व्यवस्थापन सूचना प्रणाली, सूचना प्रविधि तथा लगत प्रशोधन शाखाको कार्य विवरण

राष्ट्रिय तथ्याङ्क कार्यालयको सूचना प्रविधि व्यवस्थापन गर्ने तथा विभिन्न गणना र सर्वेक्षणका डाटा प्रशोधन तथा डाटा बैङ्क स्थापना गरी सञ्चालन गर्ने कार्य यस शाखाको कार्यविवरणभित्र पर्दछ। यस शाखाको प्रमुख कार्यलाई देहायबमोजिम प्रस्तुत गरिएको छ।

१. राष्ट्रिय तथ्याङ्क कार्यालय र यसअन्तर्गतका तथ्याङ्क समन्वय कार्यालयहरूबाट सञ्चालित सर्वेक्षण तथा गणनाहरूको तथ्याङ्क प्रशोधन कार्यको समन्वय तथा व्यवस्थापन गर्ने,
२. राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आवधिक रूपमा सञ्चालन हुने उद्देश्य राखिएका कार्यक्रमहरूमा प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक सूचना प्रविधि सम्बन्धी सेवा उपलब्ध गराउने,
३. नेपाल सरकार विद्युतीय सुशासन अभियान (e-governance initiative) लाई आवश्यक पर्ने सूचनाहरूको व्यवस्थापनको लागि आवश्यक अध्ययन र विश्लेषण गर्ने,
४. डाटा बैङ्क सञ्चालन गरी उपलब्ध सूचनाहरूलाई सुरक्षित ढंगले व्यवस्थापन गर्ने,
५. सूचना प्रविधि व्यवस्थापनसम्बन्धी आवश्यक कार्य गर्ने गराउने, र
६. तथ्याङ्कीय क्षेत्रमा प्रयोग गर्ने गरी विकास भएका नयाँ नयाँ प्रविधिलाई आफ्नो

सङ्गठनको आवश्यकता र क्षमतानुसार अवलम्बन गर्नको लागि आवश्यक अध्ययन र सुझाव पेस गर्ने।

### २.१.३ राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा

यस महाशाखाले राष्ट्रिय लेखा, मूल्य, व्यापार र वातावरण तथ्याङ्कसम्बन्धी नीतिगत तथा उच्च प्राविधिक काम गर्दछ। राष्ट्रिय लेखा, मूल्य, व्यापार र वातावरण सँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, सार्वजनिक एवम् वितरणसम्मका कार्यहरू राष्ट्रिय लेखा तथ्याङ्क विकास कार्यक्रमसँग जोडिएका हुन्छन्। राष्ट्रिय लेखा तथ्याङ्क महाशाखाले गर्ने कामहरू निम्नानुसार छन्।

१. राष्ट्रिय लेखा प्रणालीको विकाससँगै परिमार्जन भएका अवधारणा, विधि, परिभाषा, मार्गनिर्देशन र वर्गीकरणलाई पूर्ण रूपमा लागु गर्न तथा आर्थिक क्रियाकलापमा आएको परिवर्तनलाई समयसापेक्ष मापन गर्न आवधिक रुपमा आधार वर्ष परिवर्तन र बेन्चमार्किङ (Rebasing and Benchmarking) गर्ने,
२. अर्थतन्त्रका मुख्य सूचक, आर्थिक वृद्धिदर, उपभोग , बचत , लगानी, प्रतिव्यक्ति आय तथा आयात, निर्यात सम्बन्धी तथ्याङ्क तयार गरी प्रकाशन गर्ने,
३. समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary sector), द्वितीय क्षेत्र (Secondary sector) र सेवा क्षेत्र (Tertiary sector) गरी प्रमुख तीन समूहमा विभाजन गरेर तथ्याङ्क विश्लेषण गर्ने,
४. त्रैमासिक राष्ट्रिय लेखाका अनुमानहरूको सबलीकरणको लागि नयाँ सूचकहरूको पहिचान गर्ने, र
५. उत्पादन लेखा (Production Account) तयार गर्ने र राष्ट्रिय लेखा शृङ्खलाको Backcasting कार्यको लागि आवश्यक पूर्वाधार तयारीसम्बन्धी कार्य सम्पन्न गर्ने।
६. त्रैमासिक रुपमा औद्योगिक उत्पादन सूचकाङ्क, उत्पादक मूल्य सूचकाङ्क तथा अन्य सूचकाङ्कहरु तयार गरी प्रकाशन गर्ने,
७. स्थिर मूल्यमा राष्ट्रिय लेखा अनुमानको लागि आवश्यक भाजकहरु(Deflators) हरु तयार गर्ने,
८. आन्तरिक व्यापारसम्बन्धी तथ्याङ्कको आपूर्तिको लागि नियमित सर्वेक्षण तथा अध्ययन गर्ने,
९. पर्यटन स्याटलाइट लेखा (Tourism Satellite Account) का लागि आवश्यक आन्तरिक पर्यटनसम्बन्धी सर्वेक्षण गर्ने,

१०. आयात तथा निर्यातसम्बन्धी सूचकाङ्कहरू तयार गर्ने,

११. वातावरणसम्बन्धी तथ्याङ्क सङ्कलन, संग्रह, प्रशोधन, विश्लेषण तथा प्रकाशन गर्ने,

१२. जलवायु, ध्वनि, विकिरण र प्रदूषणलगायतका वातावरणसम्बन्धी तथ्याङ्क सङ्कलन, संग्रह, प्रशोधन, विश्लेषण तथा प्रकाशन गर्ने,

### २.१.३.१ राष्ट्रिय लेखा शाखाको कार्य विवरण

आर्थिक नीति, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक पर्ने प्रमुख समष्टिगत आर्थिक सूचकहरूसहित राष्ट्रिय लेखा तथ्याङ्क तयार गर्ने यस शाखाको प्रमुख कार्य हो। यस शाखाअन्तर्गत निम्न कार्यहरू पर्दछन् ।

१. राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मान्यता र धारणा (System of National Accounts; SNA and International Standard Industrial Classification; ISIC) अनुसार नेपालको वार्षिक, त्रैमासिक र प्रादेशिक राष्ट्रिय लेखा अनुमान तयार गरी संस्थागत क्षेत्र तथा औद्योगिक वर्गीकरणअनुसार कुल गार्हस्थ्य उत्पादन, राष्ट्रिय उपभोग, बचत र लगानीको अनुमान तयार गरी प्रकाशन गर्ने,

२. नेपाल सरकारलाई नीति निर्माणको लागि आवश्यक पर्ने विभिन्न बृहत् आर्थिक परिसूचक तयार गरी उपलब्ध गराउने,

३. त्रैमासिक, वार्षिक र प्रादेशिक गार्हस्थ्य उत्पादन, वार्षिक आर्थिक वृद्धिदर जस्ता प्रमुख आर्थिक सूचकहरूको आवधिक लेखा राखी प्रयोगकर्ताहरूलाई उपलब्ध गराउने,

४. आपूर्ति तथा उपयोग तालिका (Supply and Use Table- SUTs), आगत निर्गत तालिका (Input and Output Table- IOTs) तयार गर्ने,

५. अन्तर्राष्ट्रिय प्रचलनमा रहेको राष्ट्रिय लेखा प्रणालीमा आधारित राष्ट्रिय लेखाका पूर्वानुमान, संशोधित अनुमान र अन्तिम अनुमानहरू तयार गर्ने,

६. कुल गार्हस्थ्य उत्पादनसम्बन्धी अनुमान तयारीको लागि आवश्यक तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषण गर्ने, र

७. राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन र बेन्चमार्किङ (Rebasing and Benchmarking) को लागि आवश्यक अध्ययन तथा सर्वेक्षण सञ्चालन गर्ने, र

८. क्रमागत लेखा (Sequence of Accounts) तयार गर्ने।

### २.१.३.२ मूल्य तथ्याङ्क शाखाको कार्य विवरण

वस्तु तथा सेवाहरूको मूल्य र परिमाणसम्बन्धी तथ्याङ्क सङ्कलन र प्रशोधन गरी विभिन्न क्षेत्रगत आवधिक आर्थिक सूचकाङ्कहरूको निर्माण, विश्लेषण र प्रकाशन गर्नु यस शाखाको प्रमुख उद्देश्य हो। सरकारको आर्थिक नीति, योजना, कार्यक्रमहरूका साथै कुल गार्हस्थ्य उत्पादन स्थिर मूल्यमा अनुमान गर्न आवश्यक आर्थिक परिसूकहरूको पहिचान गरी तत्सम्बन्धी आर्थिक सूचकाङ्कहरू सम्भाव्यता र आवश्यकताको आधारमा क्रमिक रूपले निर्माण गरी प्रकाशन गर्न यस शाखाले देहायका कार्यहरू गर्दछ।

१. आर्थिक क्षेत्रका समग्र क्रियाकलापहरूको अन्तर्राष्ट्रियस्तरका वर्गीकरणहरूको आधारमा क्रमशः क्षेत्रगत मूल्य तथा परिमाणसम्बन्धी सूचकाङ्कहरू सम्पादन गरी प्रकाशन गर्ने,

२. विद्यमान मूल्य तथा परिमाणसम्बन्धी आवधिक सूचकाङ्कहरूको निर्माण कार्यको विविध पक्षहरूमा अन्तर्राष्ट्रिय असल अभ्यासको आधारमा परिमार्जन र परिष्कृत गर्दै जाने,

३. विभिन्न किसिमका वस्तु तथा सेवाको मूल्य एवम् परिमाणसम्बन्धी सूचकाङ्कहरू निर्माणको लागि मूल्य तथ्याङ्कको क्षेत्रमा संलग्न विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय र सहयोगमा राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा नयाँ सूचकाङ्कहरू निर्माणको लागि सम्भाव्यता अध्ययन सर्वेक्षण आदि कार्यक्रमहरू सञ्चालन गर्ने,

४. क्रय शक्ति समता (Purchasing Power Parity-PPI) मापनको लागि अन्तर्रराष्ट्रिय तुलना कार्यक्रम (International Comparison Programme - ICP) सँग सम्बन्धित विभिन्न सर्वेक्षण तथा अध्ययन गर्ने,

५. त्रैमासिक औद्योगिक उत्पादन सूचकाङ्क (Index of Industrial Production; IIP) निर्माण गर्ने,

६. त्रैमासिक औद्योगिक उत्पादकको मूल्य सूचकाङ्क (Industrial Producers Price Index; IPPI) निर्माण गर्ने,

७. त्रैमासिक निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (Input Price Index of Construction Sectors; IPICS) निर्माण गर्ने,

८. त्रैमासिक कृषि उत्पादकको मूल्य सूचकाङ्क (Agricultural Producers Price Index; APPI) निर्माण गर्ने,

९. त्रैमासिक तथा वार्षिक सूचकाङ्कहरूको तयारी र प्रकाशनको लागि अत्यावश्यक तथ्याङ्क सङ्कलन, सुपरिवेक्षण, अनुगमन तथा भेरिफिकेसन गर्ने, र
१०. स्थीर मूल्यमा राष्ट्रिय लेखा अनुमानको लागि आवश्यक अन्य औद्योगिक क्षेत्रहरूको भाजक (Deflators) अर्थात् उत्पादक मूल्य सूचकाङ्क तयार गर्ने।

### २.१.३.३ व्यापार तथ्याङ्क शाखाको कार्य विवरण

देशको व्यापारिक नीति तथा योजना बनाउन आवश्यक पर्ने तथ्याङ्कको नियमित आपूर्ति गर्ने तथा राष्ट्रिय लेखा प्रयोजनको लागि आवश्यक व्यापारसम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्नु यस शाखाको प्रमुख कार्य हो। यस सन्दर्भमा शाखाले देहायका कार्यहरू गर्दछ।

१. आन्तरिक व्यापारसम्बन्धी तथ्याङ्कको आपूर्ति गर्न नियमित रूपमा व्यापार सर्वेक्षण सञ्चालन गर्ने,
२. आर्थिक गणनाबाट प्राप्त आधारभूत तथ्याङ्कको सम्पादन एवम् विश्लेषण गरी व्यापार सर्वेक्षणको निमित्त आवश्यक फ्रेम तयार गर्ने,
३. वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्कको अद्यावधिक अभिलेख राख्नुको साथै आयात तथा निर्यातसम्बन्धी सूचकाङ्कहरू तयार गरी वैदेशिक व्यापारबाट वास्तविक लाभ र हानीको हिसाब गरी कुल राष्ट्रिय आयको अनुमान गर्न सहयोग गर्ने,
४. Trade in Services सम्बन्धी तथ्याङ्क उत्पादन गर्ने,
५. आन्तरिक पर्यटनसम्बन्धी सर्वेक्षण सञ्चालन गर्ने, र
६. पर्यटन स्याटेलाइट लेखा (Tourism Satellite Account) तयार गर्ने।

### २.१.३.४ वातावरण तथ्याङ्क शाखाको कार्यविवरण

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा नै वातावरण तथ्याङ्कको महत्व बढेर गएको परिप्रेक्ष्यमा नेपालको वातावरणीय अवस्था सम्बन्धी स्तरीय एवम् तुलनायोग्य वातावरण तथ्याङ्क उपलब्ध गराउन यस शाखाबाट देहायका कार्य सम्पादन गरिन्छ।

१. वातावरणसम्बन्धी तथ्याङ्क सङ्कलन, संग्रह, प्रशोधन, विश्लेषण तथा प्रकाशन गर्ने,
२. जलवायु परिवर्तन सर्वेक्षण सञ्चालन गर्ने,
३. जलवायु, ध्वनि, विकिरण र प्रदूषण सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन तथा वितरण गर्ने, र
४. वातावरणीय आर्थिक लेखा प्रणाली अनुसारका तथ्याङ्क उत्पादन गर्ने।

### २.१.४ योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा

राष्ट्रिय तथ्याङ्क कार्यालयको नियमित कार्यको व्यवस्थापन गरी विभिन्न प्रयोजनका लागि आवश्यक तथ्याङ्कहरूको नियमित आपूर्ति गर्न सञ्चालन गरिने तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशनसम्बन्धी कार्यमा स्तरीयता र समन्वय ल्याउनुका साथै संकलित तथ्याङ्कहरूको प्रमाणीकरण कार्यको समुचित व्यवस्था गर्ने यस महाशाखाको प्रमुख कार्य हो। यसै क्रममा यस महाशाखाले योजना, प्रशासन, तालिम तथा स्रोत साधनसम्बन्धी नीतिगत तथा उच्च प्राविधिक कामका साथै प्राविधिक कार्य समूहको समन्वय र राष्ट्रिय तथ्याङ्क परिषद्को सचिवालयको समेत काम गर्दछ। यस महाशाखाका कार्यहरू निम्न छन्।

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको नियमित कार्य सञ्चालनको लागि आवश्यक स्रोत, साधन तथा जनशक्तिको व्यवस्थापन गर्ने,
२. तथ्याङ्कसम्बन्धी योजना, कार्यविधि, जनशक्ति, तालिम तथा प्रकाशन वितरणको स्तर वृद्धि गर्न उपयुक्त किसिमको दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन तथ्याङ्क नीति निर्माण गर्न सहयोग गर्ने,
३. एकीकृत राष्ट्रिय तथ्याङ्कको लागि योजना तर्जुमा, कार्यान्वय र अनुगमन तथा मूल्याङ्कन गर्न योजना बनाई राष्ट्रिय तथ्याङ्क परिषद्मा पेस गर्ने,
४. राष्ट्रिय तथ्याङ्क परिषद्को केन्द्रीय सचिवालयको रूपमा काम गर्ने,
५. उत्पादित तथ्याङ्कको स्तर निर्धारण गर्न सहयोग गर्ने,
६. राष्ट्रिय तथ्याङ्क प्रणालीको विकासको सन्दर्भमा समन्वय गर्न आवश्यक व्यवस्था गर्ने,
७. सर्वेक्षण अनुमति प्रणालीको कार्यान्वयन र मूल्याङ्कन गर्ने,
८. राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक सञ्चालन गर्ने, आर्थिक योजना तथा तथ्याङ्क सेवाका विभिन्न श्रेणी एवम् पदमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिसम्बन्धी तालिमहरू सञ्चालन गर्ने, र
९. तथ्याङ्कीय गतिविधि एवम् विविध विषय (आर्थिक, सामाजिक, वातावरणीय, भौगोलिक, जनसाङ्ख्यिक आदि) को आँकडा समेटिएका प्रकाशन तयार गरी प्रकाशन, वितरण तथा अभिलेखीकरण गर्ने लगायतका कार्यहरू गर्ने।

#### २.१.४.१ योजना शाखाको कार्य विवरण

यस शाखाले कार्यक्रम निर्माण गर्ने सन्दर्भमा राष्ट्रिय तथ्याङ्क कार्यालयका सम्बन्धित शाखाहरूबिच समन्वय गरी कार्यक्रम निर्माणमा सहयोग गर्नुका साथै देहायका कार्यहरू गर्दछ ।

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको आवधिक तथा दीर्घकालीन योजना, नीति तथा रणनीति तर्जुमा गरी पारित गराउने,
२. कार्यसम्पादन सम्झौता तयार गरी सम्बन्धित निकाय तथा पदाधिकारी समक्ष पेस गर्ने,
३. राष्ट्रिय तथ्याङ्क कार्यालयको वार्षिक कार्ययोजना बनाई लागु गराउने,
४. राष्ट्रिय तथ्याङ्क कार्यालयको वार्षिक बजेट तथा कार्यक्रमको आवश्यक तयारी, संशोधन र रकमान्तरसम्बन्धी कार्य गरी मन्त्रालयगत बजेट सूचना प्रणाली )LMBIS (मा प्रविष्टि गर्ने,
५. राष्ट्रिय तथ्याङ्क कार्यालयको मासिक, त्रैमासिक तथा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकाय एवम् पदाधिकारी समक्ष पेस गर्ने,
६. केन्द्र तथा जिल्लास्तरमा सञ्चालित तथ्याङ्कीय कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,
७. राष्ट्रिय तथ्याङ्क परिषद्को सचिवालयको कामकारबाहीको लागि सहजीकरण गर्ने,
८. तथ्याङ्क उत्पादन तथा उपयोग प्रक्रियामा सरोकारवालासँग आवश्यक अन्तरक्रिया गर्ने, र
९. राष्ट्रिय तथ्याङ्क कार्यालयको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने।

### २.१.४.२ तालिम शाखाको कार्यविवरण

यस शाखाका कार्यहरू देहायबमोजिम रहेका छन्।

१. तथ्याङ्कीय मानव संसाधन विकास र कार्यक्षमतामा समसामयिक परिमार्जन तथा अभिवृद्धिको लागि विभिन्न विषय तथा तहको तालिम कार्यक्रम सञ्चालन गर्ने,
२. राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने गणना तथा सर्वेक्षण सम्बन्धी तालिमको संयोजन तथा व्यवस्थापन गर्ने,
३. राष्ट्रिय तथ्याङ्क कार्यालयका शाखाहरू तथा अन्य निकायहरूबाट माग भएमा आवश्यकतानुसार तालिम, गोष्ठी, कार्यशाला तथा सम्मेलनको आयोजना गर्ने,
४. तथ्याङ्कसम्बन्धी अध्ययन, अनुसन्धान गर्ने एकाइको रुपमा कार्य गर्ने, र
५. तथ्याङ्कीय जनशक्तिको क्षमता विकासका लागि अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग आपसी सहयोग र समन्वयमा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

### २.१.४.३ प्रकाशन, वितरण तथा पुस्तकालय शाखाको कार्य विवरण

यस शाखाले तथ्याङ्क प्रकाशन तथा वितरणसम्बन्धी निम्नानुसारका कार्यहरू गर्दछ।

१. विभिन्न शाखाहरूले सञ्चालन गर्ने गणना एवम् सर्वेक्षणहरूको नतिजा प्रकाशन तथा वितरण गर्ने,
२. Nepal Statistical Year Book, Nepal Statistical Pocket Book, Nepal in Figures, नेपालको तथ्याङ्कीय झलक, तथ्याङ्क गतिविधि जस्ता प्रकाशनलगायत अन्य तथ्याङ्कीय सामग्री प्रकाशन गर्ने,
३. राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित सामग्रीहरू वितरणको व्यवस्था गर्ने,
४. तथ्याङ्कसम्बन्धी पुस्तकालय सञ्चालन गरी तथ्याङ्कका पाठक एवम् प्रयोगकर्ताहरूको माग पूर्ति गर्ने,
५. कार्यालयबाट सञ्चालन भै प्रकाशन गरिएका विभिन्न गणना तथा सर्वेक्षणका नतिजाहरू प्रयोगकर्तामैत्री बनाउन अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,
६. तथ्याङ्कको उपयोग र प्रवर्धनसम्बन्धी सामग्री उत्पादन तथा प्रकाशन गर्ने र
७. तथ्याङ्क प्रयोगकर्ता सन्तुष्टि सर्वेक्षण सञ्चालन गर्ने।

### २.१.४.४ सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखाको कार्यविवरण

यस शाखाका कार्यहरू देहायबमोजिम रहेका छन्।

१. सर्वेक्षण अनुमति एवम् प्रमाणिकरणको लागि चाहिने आवश्यक कागजात तथा ढाँचा तयार गर्ने,
२. राष्ट्रियस्तरको सर्वेक्षण सञ्चालनको लागि प्राप्त आवेदनको अभिलेख राख्ने,
३. सर्वेक्षण अनुमति एवम् प्रमाणिकरणको लागि आवश्यक कार्य गर्ने,
४. सर्वेक्षण अनुमति प्राप्त निकायहरूको अभिलेख राख्ने,
५. राष्ट्रियस्तरको सर्वेक्षणको लागि चाहिने स्याम्पल फ्रेमहरू तयार गर्ने,
६. विभिन्न सर्वेक्षणको लागि आवश्यक स्याम्पल डिजाइनमा सम्बन्धित शाखालाई सहयोग गर्ने, र
७. कार्यालयले सञ्चालन गरेका विभिन्न नमुना सर्वेक्षणमा प्रयोग भएका स्याम्पल डिजाइनको अध्ययन गरी मूल्याङ्कन गर्ने।

### २.१.४.५ समन्वय तथा स्तर निर्धारण शाखाको कार्यविवरण

यस शाखाका कार्यहरू देहायबमोजिम रहेका छन् ।

१. तथ्याङ्क उत्पादन गर्ने निकायहरूकाबिच तथ्याङ्क सङ्कलन विधि, परिभाषा तथा तरिकामा एकरूपता ल्याउन समन्वय गर्ने,
२. तथ्याङ्क सङ्कलनको लागि उपयुक्त विधिको स्तर निर्धारण गर्ने,
३. तथ्याङ्कको स्तरीयता र एकरूपताको लागि पेशा, आर्थिक क्रियाकलापलगायतका स्तरीय वर्गीकरण नेपाली संस्करण तयार गर्ने,
४. तथ्याङ्कसम्बन्धी कार्यमा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वयको भूमिका निर्वाह गर्ने,
५. विभिन्न निकायहरूबाट उत्पादित् तथ्याङ्कको दोहोरोपना भए नभएको जाँच गर्ने,
६. कार्यालयका विभिन्न महाशाखा, शाखाले सञ्चालन गर्ने तथ्याङ्कीय क्रियाकलापमा आवश्यकतानुसार समन्वय गर्ने, र
७. प्राविधिक कार्य समूह र राष्ट्रिय तथ्याङ्क परिषद्को कामकारबाहीमा आवश्यक सहयोग गर्ने।

### २.१.४.६ आर्थिक प्रशासन शाखाको कार्य विवरण

यस शाखाका कार्यहरू देहायबमोजिम रहेका छन्।

१. आर्थिक प्रशासनसम्बन्धी कार्यहरू गर्ने,
२. बेरुजुसम्बन्धी विवरण अद्यावधिक गर्दै नियमानुसार सम्परीक्षण गराउने,
३. खर्चको फाँटवारी तयार गर्ने,
४. लेखापरीक्षण गराउने ।

### २.१.४.७ प्रशासन शाखाको कार्य विवरण

यस शाखाका कार्यहरू देहाय बमोजिम रहेका छन् ।

१. राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका तथ्याङ्क समन्वय कार्यालयहरूको प्रशासन र व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने,
२. कार्यालयका विभिन्न शाखाहरू बिच सहयोग र समन्वय कायम राखी दक्ष एवम् प्रभावकारी रूपमा दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने,
३. कर्मचारी बैठकको आयोजना गर्ने,
४. कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,
५. कार्यालय एवम् कार्यकक्षको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
६. जिन्सी तथा भौतिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्ने,

७. खरिद एकाइको कार्य गर्ने,

८. वैदेशिक मनोनयन सिफारिस समितिको निर्णयानुसार मनोनयन सम्बन्धी तोकिएका कार्य गर्ने, र

९. सरकारले घोषणा गरेका महत्वपूर्ण दिवसहरूको अवसरमा कार्यक्रम आयोजना गर्ने।

## २.२ गणना तथा सर्वेक्षण

राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क उत्पादन गर्ने क्रममा विभिन्न गणना तथा सर्वेक्षण सञ्चालन गर्दै आइरहेको छ। नेपालमा विगतदेखि नै आर्थिक, सामाजिक, जनसाङ्ख्यिक तथा वातावरणीय तथ्याङ्कका प्रमुख स्रोतका रूपमा गणना तथा सर्वेक्षणहरू रहिआएका छन्। यसका अतिरिक्त राष्ट्रिय लेखा अनुमान, मूल्य सूचकाङ्क निर्माण लगायतका अन्य तथ्याङ्कीय कार्यहरू पनि नियमित रूपमा सञ्चालन हुदै आएका छन्। प्रतिवेदनको यस खण्डमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिदै आएका केही प्रमुख गणना, सर्वेक्षण तथा तथ्याङ्कीय क्रियाकलापका बारेमा संक्षिप्त परिचय दिइएको छ।

### २.२.१ राष्ट्रिय जनगणना

जनगणना कुनै पनि देशको जनसङ्ख्याको सही र अद्यावधिक जानकारी सङ्कलन गर्नको लागि प्रयोग गरिने प्रमुख तथ्याङ्कीय कार्यक्रम हो। अक्सर बसोबास गरेका सबै व्यक्तिको घरदैलोमा एकै समयमा पुगेर निर्धारित समयभित्र परिवार तथा परिवारका सबै व्यक्तिहरूको जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक विवरणहरू सङ्कलन गर्ने, संकलित तथ्याङ्कको प्रशोधन, सारिणीकरण (tabulation) एवम् प्रकाशन गर्ने समष्टिगत प्रक्रियालाई "**जनगणना**" भनिन्छ। जनगणना मूलतः देहायका तीनओटा उद्देश्य प्राप्तिका लागि गरिन्छ।

- जनसङ्ख्या व्यवस्थापनका लागि आवश्यक आवधिक जनसाङ्ख्यिक तथ्याङ्क उपलब्ध गराउने,
- जनसङ्ख्याको प्रवृत्ति र विशेषताहरूको बारेमा जानकारी गराउने र
- लोककल्याणको लागि नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न जनसाङ्ख्यिक तथ्याङ्क तथा सूचक उपलब्ध गराउने।

जनगणना मुख्यतया दुईओटा विधिबाट सञ्चालन गरिन्छ। तर, यी दुई विधिको समिश्रणबाट समेत जनगणना गर्ने प्रचलन भएका कारण निन्न दुईओटा विधिको सामान्य परिचय दिइएको छ।

- De facto Method: यो जनगणनाको समयमा जुन व्यक्ति जहाँ भेटिन्छ, सोही स्थानबाट

गणना गरिने विधि हो। अर्थात्, यस विधिमा व्यक्तिहरूलाई निश्चित मितिमा कुनै विशेष भौगोलिक क्षेत्रमा तिनीहरूको वास्तविक उपस्थितिको आधारमा गणना गरिन्छ। यसमा समान्यतया ज्यादै छोटो अवधिमा एक रातको समयमा नै जनगणना सञ्चालन गरी सम्पन्न गरिन्छ।

- Dejure Method: यो विधि व्यक्तिहरूको कानुनी बसोबासका आधारमा निर्भर गर्दछ। यसमा समान्यतया निश्चित अवधि (७ दिन, १५ दिन) को समय तोकेर जनगणना सञ्चालन गर्ने गरिन्छ।
- Modified Dejure Method: जनगणना गर्दा अक्सर बसोबास गरेको स्थानको आधारमा गणना गरिने र जनगणनाको अन्तिम दिनमा घरवारविहीन, फिरन्ते आदिलाई जुन व्यक्ति जहाँ भेटिन्छ सोही स्थानबाट गणना गरिने विधिलाई Modified Dejure Method भनिन्छ। नेपालमा वि.सं. २००९-११ देखि सञ्चालन भएका जनगणनाहरू Modified Dejure Method बाट गरिएका छन्।

नेपालमा वि.सं. १९६८ देखि जनगणना गर्ने कार्य सुरु भएको र त्यसपछि लगभग प्रत्येक १०/१० वर्षको अन्तरालमा जनगणना सञ्चालन हुँदै आएको छ। वि.सं. १९९८ सम्म सञ्चालन भएका जनगणना सामान्य व्यक्ति गणना (Head count) का रूपमा मात्र सीमित थिए भने वि.सं. २००९-११ देखि सञ्चालन भएका जनगणनाहरू आधुनिक तथा वैज्ञानिक जनगणना मानिन्छ। वि.सं. २०१५ मा केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएपछिका सबै जनगणनाहरू यही विभागले सञ्चालन गर्दै आएको थियो। यस क्रममा वि.सं. २०६८ मा सम्पन्न नेपालको एघारौं जनगणनाले जनगणनाको इतिहासमा एक शताब्दीको कोशेढुङ्गा पूरा गरेको छ। पछिल्लोपटक सम्पन्न गरिएको राष्ट्रिय जनगणना २०७८, नेपालको बाह्रौं र संघीय गणतान्त्रिक संरचनाको पहिलो जनगणना हो।

जनगणना सञ्चालनको लागि ठुलो परिमाणमा आर्थिक स्रोत साधन तथा जनशक्ति प्रयोग हुने र तयारीको लागि समेत लामो समय लाग्ने भएकोले जनगणनालाई एक महत्वपूर्ण राष्ट्रव्यापी अभियानको रूपमा लिइन्छ। जनगणनाले मुलुकको आर्थिक-सामाजिक विकास, शासकीय स्वरूपको निर्धारण गर्ने एउटा आधार तथा स्रोत साधनको समुचित परिचालनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। जनगणनाको अपरिहार्यतालाई देहायअनुसार उल्लेख गर्न सकिन्छ।

- जनगणनाबाट सङ्कलन भएका तथ्याङ्क देशको सामाजिक तथा आर्थिक विकासका लागि योजना तर्जुमा, अध्ययन, अनुसन्धान गर्न अति नै उपयोगी हुन्छ ।
- निर्वाचन क्षेत्र र प्रतिनिधि संख्या निर्धारण, गाउँपालिका, नगरपालिका, उप–महानगरपालिका महानगरपालिका आदिको क्षेत्र निर्धारण गर्न प्रयोग हुन्छ ।

- संविधानमा व्यवस्था भएको मौलिक हकको कार्यान्वयन गर्न र त्यसको अनुगमन तथा मूल्याङ्कन गर्न, आम नागरिकको सामाजिक सुरक्षा कार्यक्रम तर्जुमा गर्न, तीनै तहको सरकारलाई वित्तीय स्रोत बाँडफाँटलगायत अन्य विकास कार्यका लागि आवश्यक तथ्याङ्क जनगणनाबाट उपलब्ध हुन्छ।
- संघीय संरचनामा जनगणनाबाट प्राप्त हुने तथ्याङ्क सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको लागि आधारभूत तथ्याङ्कको स्रोत हुने र राज्यलाई निरन्तर पृष्ठपोषण उपलब्ध गराउन आम प्रयोगकर्ताहरू जस्तैः बुद्धिजीवी, राजनीतिकर्मी, समाजसेवी, सञ्चारकर्मी, उद्योगपति, व्यापारी, प्राज्ञिक वर्ग, योजनाविद्, अर्थविज्ञ, शिक्षक, विद्यार्थीलगायत आम नागरिकलाई जनगणनाबाट प्राप्त तथ्याङ्क आवश्यक पर्दछ।
- जनसङ्ख्यासम्बन्धी आधारभूत तथ्याङ्क (जनसङ्ख्याको आकार, बनावट, वितरण र वृद्धि) प्राप्त हुन्छ ।
- जनगणनाबाट विभिन्न तथ्याङ्कीय सर्वेक्षणहरूका लागि सूची वा फ्रेम प्राप्त हुन्छ।
- लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी विकासका लागि आवश्यक सूचना उपलब्ध हुन्छ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका लक्ष्यहरू मापन गर्न प्रयोग हुन्छ।

पछिल्लोपटक सम्पन्न राष्ट्रिय जनगणना २०७८ दुई चरणमा सञ्चालन गरिएको थियो। पहिलो चरणमा सुपरिवेक्षकद्वारा घर तथा घरपरिवार सूचीकरण फाराममार्फत प्रत्येक घर तथा घरपरिवारमा पुगी मूलतः निम्न विवरणहरू सङ्कलन गरिएका थिए।

- घरसम्बन्धी विवरणहरू तला संख्या, बनेको कति वर्ष, घरको मुख्य प्रयोजन,
- घरपरिवारमा अक्सर बसोवास गरेका परिवारका सदस्य संख्या, पुरुष, महिला, अन्य लिङ्गी, परिवारको कृषि तथा पशुपन्छीसम्बन्धी विवरण र
- अन्य विवरणहरू -परिवारका कतिजना सदस्यहरूको नाममा बैङ्क खाता रहेको , परिवारले सरकारी अनुदान प्राप्त गरेको वा नगरेको, व्यावसायिक वा प्राविधिक शिक्षा तालिम लिएका परिवारका सदस्यहरू कति जना रहेकोलगायतका विवरण।

दोस्रो चरणमा गणकहरूद्वारा प्रत्येक घरपरिवारमा पुगी मुख्य प्रश्नावली फाराममार्फत निम्न विवरणहरू सङ्कलन गरिएको थियो।

- पारिवारिक विवरणः घरको स्वामित्व, घरको जग, बाहिरी गारो, छाना, भुइँको विवरण, खानेपानीको प्रमुख स्रोत, खाना पकाउने प्रमुख इन्धनको स्रोत, बत्ती बाल्न प्रयोग गरिने

इन्धनको प्रमुख स्रोत, चर्पीको प्रकार, घरायसी सुविधा तथा सामानहरूको उपयोग, परिवारका महिला सदस्यको नाममा जग्गाजमिन भए नभएको, परिवारले साना घरेलु व्यवसाय चलाएको नचलाएको, परिवारका सदस्यहरूको विगत १२ महिनामा भएको मृत्युसम्बन्धी विवरण, अनुपस्थित सदस्यहरूको विवरण।

- परिवारमा अक्सर बसोवास गर्ने प्रत्येक व्यक्तिहरूको जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक विवरणः नाम थर, परिवारमुलीसँगको नाता, लिङ्ग, जाति, धर्म, भाषा, व्यक्तिको देश, वैवाहिक स्थिति, शैक्षिक विवरण, जन्मस्थान र बसाईंसराइसम्बन्धी विवरण, १५–४९ वर्षका विवाहित महिलालाई प्रजनन्सम्बन्धी विवरण, अपाङ्गतासम्बन्धी विवरण र आर्थिक कृयाकलापसम्बन्धी विवरण।

दोस्रो चरणअन्तर्गत सुपरिवेक्षकबाट प्रत्येक स्थानीय तहका सबै वडामा वडास्तरीय सामुदायिक प्रश्नावलीमार्फत आधारभूत स्रोत, साधन, क्षमता र पूर्वाधारसम्बन्धी विवरणहरू पनि सङ्कलन गरिएको थियो ।

यस गणनामा प्रदेश, जिल्ला र स्थानीय जनगणना कार्यालयमा व्यवस्थापकीय कार्यमा संलग्न कर्मचारीहरू १,८७१ जना र स्थलगत गणना कार्यका लागि ८,५४५ सुपरिवेक्षक तथा ३५,६५७ गणक संलग्न रहेका थिए। तथ्याङ्क सङ्कलनमा मूलतः कागजी प्रश्नावलीको नै प्रयोग गरिएको थियो भने काठमाडौं जिल्लाका केही नगरपालिकाहरूमा ट्याब्लेटको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो। साथै, विदेशस्थित कुटनीतिक नियोगमा इ-सेन्ससमार्फत विवरण सङ्कलन गरिएको थियो।

## २.२.२ राष्ट्रिय कृषिगणना

कृषि क्षेत्रको बारेमा सही र अद्यावधिक तथ्याङ्क सङ्कलन गर्नका लागि सञ्चालन गरिने सर्वेक्षण नै राष्ट्रिय कृषिगणना हो। यसलाई कृषिगणना भनिए तापनि यो गणना नमुना छनौट विधिमा आधारित रहेको छ। कृषिगणनामा मूलतः कृषि संरचना, कृषि गतिविधि तथा कृषि उत्पादनसम्बन्धी विवरण सङ्कलन गरिन्छ।

नेपालको पहिलो कृषिगणना वि.सं. २०१८ मा गरिएको थियो र तत्पश्चात् प्रत्येक १० -१० वर्षमा यो गणना गरिँदै आएको छ। सम्वत् २०७८ मा सञ्चालन भएको कृषिगणना नेपालको सातौं गणना हो। कृषिगणना आर्थिक स्रोतसाधन र जनशक्ति परिचालनको हिसाबले राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गर्ने जनगणनापछिको राष्ट्रव्यापी एक महाअभियान हो। कृषिगणनाबाट कृषि क्षेत्रको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि देशलाई आवश्यक पर्ने आधारभूत तथ्याङ्कहरू (Benchmark Statistics) प्राप्त हुन्छन् । यस गणनाका मुख्य उद्देश्यहरू यसप्रकार रहेका छन्।

(क) कृषि विकासका लागि स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका योजना तर्जुमा एवम् नीति निर्माण, अनुगमन तथा मूल्याङ्क गर्न आवश्यक पर्ने तथ्याङ्कको खाँचो पूरा गरी योजनाविद् र नीतिनिर्मातालाई सघाउ पुर्याउने,

(ख) राष्ट्रिय तहमा कृषकले विभिन्न कृषि प्रयोजनका लागि चलन गरेको जग्गा, पशुपन्छीपालन, अन्य खेती तथा उत्पादन, वातवरण एवम् विविध विषयहरूसम्बन्धी मूलतः निम्नलिखित विवरण प्राप्त गर्नेः

(अ) जग्गाको उपभोग र उपयोग तथा बाली लागेको जग्गाको क्षेत्रफल र उत्पादन,

(आ) उमेर र जातअनुसार विभिन्न पशुपन्छीको सङ्ख्याको विवरण,

(इ) माछापालन, च्याउखेती, मौरीपालन, पुष्पखेती, नर्सरी तथा रेशमपालनलगायतका अन्य खेतीसम्बन्धी विवरण,

(ई) कृषि औजार तथा साधनहरूको उपयोग, गैरआवासीय भवनको उपलब्धता, कृषि ऋण, बिमा एवम् अनुदानको अवस्था, कृषि कार्यमा जलवायु परिवर्तनको प्रभाव, हरित गृह पद्धतिको प्रयोग, माटो परीक्षणको अवस्था, पशुआहारको स्रोत, कृषि उत्पादनको उपयोग, कृषि अवशेष र फोहोरको व्यवस्थापन, खाद्यान्नको पर्याप्तता र कृषि बजारसम्मको पहुँचसम्बन्धी विवरण,

(ग) कृषिसम्बन्धी अन्य सर्वेक्षणका लागि आधार तयार गर्ने,

(घ) कृषिसँग सम्बन्धित दिगो विकास लक्ष्यका सूचकहरूको मूल्याङ्कनका लागि आवश्यक आधार तथ्याङ्क उपलब्ध गराउने र

(ङ) कृषि तथ्याङ्कको स्तर बढाउने।

राष्ट्रिय कृषि गणनामा निम्न विवरणहरू सकंलन गरिएको थियो।

- कृषक परिवारको भौगोलिक परिचयात्मक विवरण
- कृषक परिवारसम्बन्धी विवरण
- कृषकले चलन गरेको जग्गाको आकार
- जग्गाको उपभोग र उपयोग
- स्थायी तथा अस्थायी बाली लागेको जग्गाको क्षेत्रफल, उत्पादन र सिँचाइको विवरण
- कृषि सामग्री र औजारको उपयोग
- पशुपन्छीको संख्या र आहारसम्बन्धी विवरण
- कृषि कार्यमा संलग्न जनशक्ति

- लिङ्गको आधारमा कृषि जग्गाको स्वामित्वको अवस्था
- कृषि वन
- कृषि ऋण, बिमा, अनुदान
- कृषि कार्यमा जलवायु परिवर्तनको प्रभाव, हरितगृह पद्धतिको प्रयोग, माटो परीक्षण
- कृषि बजारसम्मको पहुँच
- कृषि अवशेष र फोहोरको व्यवस्थापन लगायतका विवरणहरू

सातौं राष्ट्रिय कृषिगणना, २०७८ कृषि तथ्याङ्कको आवश्यकता र FAO को WCA 2020 को मार्गदर्शनमा आधारित भई २०७८ चैतदेखि २०७९ जेठसम्म सञ्चालन भएको थियो। यस गणना नमुना छनोट विधिमा आधारित भएकोले सोको लागि कृषक परिवारको सूची राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त भएको थिय यसमा ७५३ स्थानीय तहका १३,५७८ गणना क्षेत्रहरूबाट करिब ३,३०,११२ कृषक परिवारको छनौट गरी गणना गरिएको थियो। यो गणनाबाट ७५३ ओटै स्थानीय तहहरूको छुट्टाछुट्टै तथ्याङ्क उपलब्ध हुन्छ। यसपटकको कृषिगणनामा घरपरिवारले गरेको कृषिकार्यका साथै संस्थागत कृषिकार्यको पनि गणना गरिएको छ। कृषिगणना, २०७८ को तथ्याङ्क सङ्कलन कार्यलाई दुई चरणमा विभाजन गरिएको थियो।

- पहिलो चरणमा छानिएका गणना क्षेत्रहरूबाट सम्पूर्ण कृषक परिवारहरूको लगत सङ्कलन गरिएको थियो।
- दोस्रो चरणमा कृषक परिवार लगतबाट आवश्यक संख्यामा कृषक परिवार छनौट गरी छानिएका कृषक परिवारबाट कृषक परिवार प्रश्नावली फाराममार्फत आवश्यक विवरणहरू सङ्कलन गरिएको थियो।
- यसका अतिरिक्त, गणना क्षेत्रसँग सम्बन्धित वडामा वडास्तरीय सामुदायिक प्रश्नावली फाराममार्फत वडास्तरीय कृषि सम्बन्धी विवरणः वडामा मुख्य उत्पादन हुने खाद्यान्न, तरकारी, फलफूल, तेलहन, मसला, दाल बालीबारे विवरण, वडामा घटेका विपदका घटनाहरू, वडामा रहेका सामुदायिक वन, चौर, खर्क, पोखरीका संख्या, पशुपन्छीजन्य प्रमुख उत्पादन आदि सङ्कलन गरिएको थियो।

यस गणनामा ६ हजार गणक, १५ सय सुपरिवेक्षक तथा करिव ७७ कृषिगणना अधिकृतहरू गरी करिब ७,००० कर्मचारी प्रत्यक्ष रूपमा फिल्डमा परिचालित भएका थिए ।तथ्याङ्क सङ्कलनमा मूलतः कागजी प्रश्नावलीको नै प्रयोग गरिएको थियो भने काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा टयाब्लेटमार्फत तथ्याङ्क सङ्कलन गरिएको थियो।

### २.२.३ राष्ट्रिय आर्थिक गणना

देशमा सञ्चालनमा रहेका सबै व्यावसायिक आर्थिक एकाइहरू (वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने प्रतिष्ठान/व्यवसाय) मा पुगी गणनाको निर्धारित प्रकृयाअनुसार निर्धारित समयभित्र ती आर्थिक एकाइहरूको विवरण सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन एवम् वितरण गर्ने समष्टिगत प्रक्रियालाई "आर्थिक गणना" भनिन्छ। नेपालमा वि.सं. २०७५ मा पहिलोपटक आर्थिक गणना सञ्चालन गरिएको थियो।

आर्थिक गणनाका उद्देश्यहरू यसप्रकार रहेका छन्।

- प्रतिष्ठान तथा व्यवसायहरूको व्यावसायिक क्रियाकलापसम्बन्धी वर्तमान अवस्था र यसका वित्तीय पक्षसहित आधारभूत तथ्याङ्कहरू उपलब्ध गराउने,
- केन्द्र, प्रदेश तथा स्थानीयतहका सरकारहरूलाई योजना तर्जुमा र नीति निर्माण गर्न तथ्याङ्कहरू उपलब्ध गराउने,
- राष्ट्रिय लेखा प्रणालीको सुदृढीकरण गर्न तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्कीय व्यावसायिक रजिस्टर निर्माणको आधार खडा गर्ने,
- सम्बन्धित क्षेत्रका व्यवसायी र अनुसन्धानकर्ता तथा अन्य तथ्याङ्क प्रयोगकर्ताहरूलाई तथ्याङ्क उपलब्ध गराउने,
- अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कहरू उपलब्ध गराउने साथै विभिन्न विषयगत आर्थिक सर्वेक्षणहरूको सूचीका लागि प्रतिष्ठान, व्यवसाय तथा इन्टरप्राइजहरूको विवरण उपलब्ध गराउने ।

नेपालको भूभागभित्र गणनाको दिनमा अस्तित्वमा वा सञ्चालनमा रहेका सबै प्रकारका प्रतिष्ठानहरूलाई गणनामा समेटिने भए तापनि देहायबमोजिमका प्रतिष्ठानहरू यस गणनामा समावेश गरिएका छैनन्।

क) नेपालस्तरीय औद्योगिक वर्गीकरणको खण्ड "A" मा उल्लेखित कृषि, वन तथा मत्स्यअन्तर्गत वर्गीकृत दर्ता नभएका प्रतिष्ठानहरू।

ख) नेपालस्तरीय औद्योगिक वर्गीकरणको खण्ड "O" मा उल्लेखित सार्वजनिक प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षाअन्तर्गत वर्गीकृत प्रतिष्ठानहरू।

ग) नेपालस्तरीय औद्योगिक वर्गीकरणको खण्ड "T" मा उल्लेखित "रोजगारदाताका रूपमा घरपरिवारबारेका घरायसी क्रियाकलापहरू, आफ्नो प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवाहरू उत्पादन गर्ने क्रियाकलापहरू" अन्तर्गत वर्गीकृत प्रतिष्ठानहरू।

घ) नेपालस्तरीय औद्योगिक वर्गीकरणको खण्ड "U" मा उल्लेखित "अन्तर्राष्ट्रिय सङ्गठन तथा निकायहरूका क्रियाकलापहरू" अन्तर्गत वर्गीकृत प्रतिष्ठानहरू ।

संयुक्त राष्ट्रसङ्घको परिभाषा अनुसार गणनाको लागि प्रतिष्ठानलाई गणना एकाइको रूपमा लिइएको छ। यहाँ, "प्रतिष्ठान भन्नाले एउटै स्वामित्व वा नियन्त्रणमा कुनै निश्चित स्थानमा रही एउटै वा मुख्य रूपले कुनै एउटा आर्थिक क्रियाकलाप गर्ने वा आर्थिक क्रियाकलापमा संलग्न एउटा आर्थिक एकाइलाई बुझाउँदछ।" जस्तैः खनिज उत्खनन् गर्ने व्यवसाय, कारखाना, वर्कसप, पसल आदि।

यस गणनामा कागजी प्रश्नावली फाराम र ट्याब्लेट प्रयोग गरी विवरणहरू सङ्कलन गरिएको थियो। तर, इ–सेन्ससमा सहभागी हुन चाहने व्यवसायीहरूका लागि इन्टरनेटमार्फत विवरणहरू सङ्कलन गरिएको थियो।

राष्ट्रिय आर्थिक गणनामा निम्न विवरणहरू सङ्कलन गरिएको थियो।

- प्रतिष्ठानको परिचयात्मक विवरण
- प्रतिष्ठान / व्यवसायको विवरण
- सरकारी निकायमा दर्ता भए नभएको नस्थिति
- सरकारी निकायमा दर्ता भएका प्रतिष्ठानको वैधानिक स्थिति
- सरकारी निकायमा दर्ता नभएका प्रतिष्ठानको स्वामित्व स्थिति
- व्यवस्थापक र व्यवसायधनीको विवरण
- प्रतिष्ठान / व्यवसाय सञ्चालन विवरण
- प्रतिष्ठान / व्यवसायस्थलको स्वामित्व, प्रकार र ओगटेको क्षेत्रफलसम्बन्धी विवरण
- सन्दर्भ दिनमा प्रतिष्ठानमा कार्यरत / संलग्न व्यक्तिहरूको विवरण
- प्रतिष्ठानले सञ्चालन गरेका मुख्य आर्थिक क्रियाकलाप
- एकल एकाइ मुख्य कार्यालय र शाखा कार्यालयको विवरण
- प्रतिष्ठान / व्यवसायको लेखा तथा श्रेस्तासम्बन्धी विवरण
- सन्दर्भ अवधि २०७३/७४ मा सरदर मासिक आम्दानी, बिक्री र सञ्चालन खर्च
- पुँजी तथा वैदेशिक पुँजीको अनुपात
- ऋणमा पहुँच
- मातृ कम्पनीको विवरण

### २.२.४ नेपाल जीवनस्तर सर्वेक्षण

नेपालका घरपरिवारको गरिबीको अनुमान र जनताको जीवनस्तरमा आएको परिवर्तन मापन गर्नका लागि विश्व बैङ्कले प्रतिपादन गरेको अन्तर्राष्ट्रिय रूपमा प्रचलनमा रहेको जीवनस्तर मापन सर्वेक्षणको ढाँचालाई अवलम्बन गरी आ.व. २०५२/५३ मा साबिक केन्द्रीय तथ्याङ्क विभागले नेपाल जीवनस्तर सर्वेक्षण पहिलोपटक सञ्चालन गर्यो। यस सर्वेक्षणमा तथ्याङ्कीय विधिको प्रयोग गरेर नमुना छनौट गरी छनौटमा परेका क्षेत्रका घरपरिवारहरूमा पुगेर तथ्याङ्क सङ्कलन गरिन्छ। नमुना छनौटमा परेका प्राथमिक एकाइहरूलाई तीन समूहमा बाँडी विभिन्न मौसमअनुसार वर्षभरि नै तथ्याङ्क सङ्कलन गरिन्छ।

नेपालमा जीवनस्तर मापनसम्बन्धी वस्तुगत तथ्याङ्क सङ्कलन कार्य २०५२/५३ बाट सुरू गरिएको हो। यो जनताको जीवनस्तरको मापन र देशमा गरिबीको अवस्था थाहा पाउन घरपरिवारको समृद्धि (Household Welfare) संग सम्बन्धित विविध विषयहरू जस्तै: घरपरिवारको उपभोग, आय, सेवा सुविधामा पहुँच, आवास तथा आवासिय सुविधाको उपभोग, शिक्षा, स्वास्थ्य, रोजगारी, बचत तथा ऋण, विप्रेषण, जग्गाको स्वामित्व, बाली लगाएको क्षेत्रफल, उत्पादन, मल बीउको प्रयोग आदि समावेश गरिएको बहु आयामिक तथा बहु विषययुक्त सर्वेक्षण हो। बहुविषयक सर्वेक्षण भएकाले यसमा धेरै विषयहरूको बारेमा तथ्याङ्क सङ्कलन गरी नतिजा तयार गरिन्छ। यस सर्वेक्षणमा मुख्यतः पारिवारिक उपभोगको तथ्याङ्क सङ्कलन गरिन्छ। यस सर्वेक्षणमा संकलित पारिवारिक उपभोग खर्चको आधारमा गरिबीको विश्लेषण गर्ने गरिएको छ। यस विधिअनुसार परिवारको खाद्य वस्तु गैरखाद्य वस्तु र बासस्थानको लागि भएका खर्चहरू जोडेर कुल पारिवारिक खर्च निकालिन्छ। नेपालमा आधारभूत आवश्यकताको लागत (Cost of Basic Needs Approach-CBNA) मा आधारित भएर गरिबीमापन गर्ने गरिएको छ। यस विधिअनुसार आधारभूत आवश्यकतालाई खाद्य र गैरखाद्य गरी दुई भागमा बाँडेर तिनीहरूको बेग्लाबेग्लै उपभोग खर्च निकालेर दुवैलाई जोडी गरिबीको रेखा निर्धारण गरिन्छ। यसरी निर्धारण गरिएको गरिबीको रेखाले आधारभूत आवश्यकता जुटाउन आवश्यक पर्ने न्यूनतम खर्चको मूल्य दिन्छ। यसप्रकार कुल पारिवारिक उपभोग खर्च उक्त रेखाभन्दा कम हुने अर्थात् आधारभूत आवश्यकता पनि खर्च गर्न नसकेका परिवार गरिब मानिन्छन्।

नेपाल जीवनस्तर सर्वेक्षण पहिलोपटक सम्वत् २०५२/५३, दोस्रोपटक २०६०/६१ र तेस्रोपटक २०६७/६८ मा सञ्चालन गरिएको थियो। पछिल्लोपटक २०७९/८० मा चौथोपटक नेपाल जीवनस्तर सर्वेक्षण सञ्चालन गरिएको थियो। हाल यस सर्वेक्षणको नतिजा तयार गरी प्रकाशन गरिसकिएको छ।

**तालिका ३ नेपालमा गरिबीको अवस्था**

| नेपाल जीवनस्तर सर्वेक्षण | क्षेत्र | गरिबीको रेखामुनिको जनसङ्ख्या (Head Count Index ) | गरिबीको विषमता ( Poverty Gap Index ) | गरिबीको गहनता (Squared Poverty Gap Index ) |
|---|---|---|---|---|
| पहिलो (२०५२/५३) | नेपाल | ४१.७६ | ११.७५ | ४.६७ |
| | सहरी | २१.५५ | ६.५४ | २.६५ |
| | ग्रामीण | ४३.२७ | १२.१४ | ४.८३ |
| दोस्रो (२०६०/६१) | नेपाल | ३०.८५ | ७.५५ | ४.६७ |
| | सहरी | ९.५५ | २.१८ | २.६५ |
| | ग्रामीण | ३४.६२ | ८.५० | ४.८३ |
| तेस्रो (२०६६/६७) | नेपाल | २५.१६ | ५.४३ | १.८१ |
| | सहरी | १५.४६ | ३.१९ | १.०१ |
| | ग्रामीण | २७.४३ | ५.९६ | २.०० |
| चौथो (२०७९/८०) | नेपाल | २०.२७ | ४.५२ | १. ४८ |
| | सहरी | १८.३४ | ४.०३ | १.२९ |
| | ग्रामीण | २४.६६ | ५.६४ | १.९१ |

*स्रोतः विभिन्न जीवनस्तर सर्वेक्षण, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.२.५ नेपाल बहुसूचक सर्वेक्षण

नेपाल बहुसूचक सर्वेक्षण देशभरिका महिला, बालबालिका तथा घरपरिवारको अवस्थाको अनुगमनमा स्तरीय तथा तुलनायोग्य सूचकहरू उपलब्ध गराउने उद्देश्यले संचालित घरपरिवार सर्वेक्षण हो। बहुसूचक सर्वेक्षण सन् १९९० को दशकमा संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) ले विकास गरेको घरपरिवार सर्वेक्षण कार्यक्रम हो। नेपालमा प्रथमपटक सन् २०१० मा नेपाल बहुसूचक सर्वेक्षण सम्पन्न गरिएको थियो। तत्पश्चात् सन् २०१४ मा दोस्रो र सन् २०१९ मा तेस्रो बहुसूचक सर्वेक्षण सम्पन्न गरिएको थियो। पहिलो सर्वेक्षणको दायरा नेपालको तत्कालीन पाँच विकास क्षेत्रमध्ये मध्य र सुदुरपश्चिम विकास क्षेत्र मात्र थिए भने दोस्रो र तेस्रो सर्वेक्षणको दायरा नेपालभर विस्तार गरिएको थियो।

राष्ट्रिय तथ्याङ्क कार्यालयले पछिल्लोपटक युनिसेफको सहयोगमा नेपाल बहुसूचक सर्वेक्षण सन् २०७५/७६ सञ्चालन गरेको थियो। यस सर्वेक्षणमा देशका ७७ जिल्लाका निर्धारित गणना

क्षेत्रहरूमा छानिएका घरपरिवारहरूबाट अलग अलग छओटा प्रश्नावलीको प्रयोग गरी अन्तर्वार्ताको माध्यमबाट विवरणहरू सङ्कलन गरिएको थियो। यसबाट पाँच वर्षमुनिका बालबालिकाहरू, ५ देखि १७ वर्ष उमेरका बालबालिकाहरू र १५ देखि ४९ वर्ष उमेरका महिला तथा पुरुषका विवरणहरू सङ्कलन गरिएको थियो। यस सर्वेक्षणबाट स्वास्थ्य, महिला तथा बालबालिकाको अवस्था, शिक्षा, एचआईभी तथा एड्ससँग सम्बन्धित विश्वसनीय तथा अन्तर्राष्ट्रियस्तरमा तुलनायोग्य सूचकहरू प्राप्त भएका छन्। यस सर्वेक्षणमा खानेपानीको गुणस्तरको साथै पाँच वर्षमुनिका बालबालिकाहरूको स्वास्थ्य सूचकको रूपमा तिनीहरूको तौल तथा उचाइ मापन गरी तथ्याङ्क सङ्कलन गरिएको थियो।

नेपाल बहुसूचक सर्वेक्षण २०७५/७६ नमुना छनौट विधिमा आधारित सर्वेक्षण हो । यस सर्वेक्षणको पहिलो चरणमा नेपालको सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी वडा वा वडाखण्डहरू छनौट गरिएको थियो। यो सर्वेक्षणमा देशभरका ५१२ ओटा प्राथमिक एकाइबाट छनौटमा परेका १२,८०० ओटा घरपरिवारमध्ये १२,६५५ ओटा घरपरिवारबाट विवरणहरू सङ्कलन गरिएको थियो।

### २.२.६ जलवायु परिवर्तन सर्वेक्षण

जलवायु परिवर्तन भन्नाले विश्वव्यापी रूपमा तापमान र मौसमको स्वरूपमा लामो अन्तरालमा आउने परिवर्तनलाई बुझाउँछ। जलवायु प्राकृतिक रूपमा नै परिवर्तनशील हुने भए तापनि हाल भइरहेको जलवायु परिवर्तन, मूलतः मानवसिर्जित क्रियाकलापका कारणले हुने बढ्दो तापमान वृद्धिले भएको देखिन्छ। जलवायु परिवर्तन हाम्रोजस्तो कम विकसित मुलुकको लागि एक गम्भीर चुनौतीको विषय बनेको छ। मानवसिर्जित हुने जलवायु परिवर्तन मानवीय क्रियाकलापबाट उत्सर्जित हरितगृह ग्यासको कारणले हुन्छ जुन कुरा वैज्ञानिकहरूको प्रमाणले पनि पुष्टि गरिसकेको छ। वनजङ्गलको विनास, बढ्दो सहरीकरण, कोइला, खनिज तेल र ग्यासको अत्याधिक प्रयोग, भू—उपयोगमा परिवर्तन, कृषिजन्य प्रविधिमा परिवर्तन, जैविक पदार्थको अत्यधिक प्रयोग र औद्योगिकीकरणजस्ता क्रियाकलापहरूबाट हरितगृह ग्यासहरूको उत्सर्जन हुने गर्दछ।

नेपाल हरितगृह ग्यास उत्पादनमा विश्वको १२६ औं स्थान (०.०२५ प्रतिशत ) मा रहे तापनि जोखिमको दृष्टिकोणले विश्वको पाँचौ मुलुकभित्र पर्दछ।[७] जलवायु परिवर्तनले विभिन्न क्षेत्रहरूमा पार्ने यससम्बन्धी अनुकूलनका उपायहरू जोखिमको मूल्याङ्कन गरी जलावयु परिवर्तनसम्बन्धी ज्ञान, विविध सामाजिक-आर्थिक क्षेत्रमा पारेको नकारात्मक प्रभाव र असरलाई न्यूनीकरण गर्ने विभिन्न अनुकूलनका उपायहरूसँग सम्बन्धित सूचनाहरू सङ्कलन गर्नको लागि जलवायु परिवर्तन सर्वेक्षण

---

७. Intergovernmental Panel on Climate Change, Report 2007

गर्ने गरिएको हो। यसै सन्दर्भमा राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.सं. २०७३ मा पहिलोपटक जलवायु परिवर्तन सर्वेक्षण गरेको थियो। दोस्रोपटक वि.सं. २०७९ मा जलवायु परिवर्तन सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको छ। यस सर्वेक्षणमा वि.सं. २०७९ माघ महिनादेखि २०७९ असार महिनासम्म Computer-Assisted Personal Interviews (CAPI) विधि प्रयोग गरी स्थलगत कार्य सञ्चालन भएको थियो। नमुना स्याम्पल छनौटमा परेका २९ जिल्लाका ३२६ गणना क्षेत्रहरूमा सर्वेक्षण भएको थियो।

सर्वेक्षणमा ३१ जना गणकहरू परिचालन गरिएको थियो। सर्वेक्षणको पहिलो चरणमा गणना क्षेत्रका सबै घरपरिवारहरूको सूचीकरणको कार्य गरिएको थियो। तत्पश्चात् दैवी संख्या तालिका (Random Number Table ) को प्रयोगबाट गणनाको समयमा उत्तर दिने ४५ वर्ष उमेर पुगेको र २५ वर्षदेखि उक्त समुदायमा बस्दै आएको उत्तरदाता भएको २० ओटा घरपरिवारको छनौट गरिएको थियो। यस सर्वेक्षणमा पहिलोपटक सामुदायिक प्रश्नावलीमार्फत समुदायस्तरको जलवायु परिवर्तनसँग सम्बन्धित विवरणहरू पनि सङ्कलन गरिएको थियो। सामुदायिक विवरण सङ्कलन गर्नका लागि The Pen-and-Paper Personal Interview (PAPI) विधिको प्रयोग गरिएको थियो। सर्वेक्षणबाट प्राप्त तथ्याङ्क राष्ट्रिय, प्रादेशिक तथा स्थानीयस्तरमा योजना तर्जुमा, नीति निर्माण, अध्ययन अनुसन्धान, अनुगमन र मूल्याङ्कनका लागि उपयोगी हुनेछन्।

### जलवायु परिवर्तन सर्वेक्षण २०७९ को उद्देश्यः

यो सर्वेक्षणको प्रमुख उद्देश्य जलवायु परिवर्तनले आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा पारेको असर तथा प्रभावको बारेमा जानकारी लिनु हो। अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्।

(क) जलवायु परिवर्तनको कारणले भौतिक सम्पत्ति तथा व्यवसायमा पारेको प्रभावको तथ्याङ्क प्राप्त गर्ने।

(ख) जलवायु परिवर्तनले जैविक विविधतामा पारेको प्रभावसम्बन्धी तथ्याङ्कहरू प्राप्त गर्ने।

(ग) जलवायु परिवर्तनको सामना गर्न घरपरिवारहरूले अपनाएका जलवायु अनुकूलित कार्यको तथ्याङ्क प्राप्त गर्ने।

(घ) जलवायु परिवर्तन सम्बद्ध प्रगति मापन गर्न आवश्यक सूचना प्राप्त गर्ने।

**बक्स नं.१ नमूना छनौटमा परेका २९ जिल्लाहरूः** अछाम, अर्घाखाँची, इलाम, ओखलढुंगा, काठमाडौं, कास्की, कैलाली, चितवन, जुम्ला, तनहुँ, दार्चुला, दैलेख, धनकुटा, धनुषा, धादिङ, नवलपरासी (ब.सु.प.), प्यूठान, बाग्लुङ, बाँके, मोरङ, मुगु, मुस्ताङ, रामेछाप, रौतहट, रुपन्देही, सप्तरी, संखुवासभा, सिन्धुपाल्चोक र सुर्खेत)

**जलवायु परिवर्तन सर्वेक्षण २०७९ मा सङ्कलन गरिएका विवरणहरू:**

(क) परिचयात्मक विवरण

(ख) व्यक्तिगत तथा पारिवारिक विवरण

(ग) जग्गासम्बन्धी विवरण

(घ) घरपरिवारको सामाजिक तथा आर्थिक सेवामा पहुँच

(ङ) घरपरिवारको आम्दानीको विवरण

(च) जलवायु परिवर्तनसम्बन्धी ज्ञान तथा धारणा

(छ) जलवायु परिवर्तनका कारण परेको विपद्का प्रभाव

(ज) मावन तथा पशु स्वास्थ्यमा जलवायु परिवर्तनले पारेको प्रभाव

(झ) पानीको स्रोतमा जलवायु परिवर्तनको प्रभाव र ऊर्जा सम्बन्धी जानकारी

(ञ) जैविक विविधतामा जलवायु परिवर्तनको प्रभाव

(ट) जलवायु परिवर्तन सामना गर्न घरपरिवारले अपनाएका अनुकूलित कार्यहरू

## २.२.७ राष्ट्रिय औद्योगिक सर्वेक्षण

अर्थतन्त्रमा महत्वपूर्ण हिस्सा ओगट्ने औद्योगिक क्षेत्रमा रहेको रोजगारीको अवस्था, राष्ट्रिय आयमा पुर्याएको योगदान र अन्तरसम्बन्धित क्षेत्रको विकासका लागि औद्योगिक तथ्याङ्कको महत्वपूर्ण भूमिका रहन्छ। औद्योगिक क्षेत्रसम्बन्धी नीति निर्माण तथा योजना तर्जुमा गर्न समय सान्दर्भिक र तथ्यपरक औद्योगिक तथ्याङ्कको आवश्यकता पर्दछ। यसलाई मध्यनजरमा राखी राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रूपमा औद्योगिक गणना तथा सर्वेक्षणमार्फत औद्योगिक क्षेत्रसम्बन्धी आवश्यक तथ्याङ्क उपलब्ध गराउँदै आइरहेको छ।

नेपालमा प्रथम औद्योगिक गणना वि.सं. २०२२ मा सम्पन्न भएको थियो । त्यसपछि वि.सं. २०३०, २०३४, २०३९, २०४४, २०४९, २०५४, २०५९, २०६४ र २०६९ सम्ममा दसओटा गणना सम्पन्न भइसकेका छन्। त्यस्तै प्रथम औद्योगिक सर्वेक्षण वि.सं. २०२९ मा सम्पन्न भएको थियो। त्यसपछि वि.सं. २०३९, २०४८, २०५६ र २०६६ सम्ममा पाँचओटा सर्वेक्षण सम्पन्न भइसकेका छन्।

दश वा सोभन्दा बढी कामदार संलग्न भएका ठुला उद्योग प्रतिष्ठानहरू औद्योगिक गणनामा र १० भन्दा कम कामदार संलग्न भएका साना औद्योगिक प्रतिष्ठानहरू औद्योगिक सर्वेक्षणमा समेटिएको थियो। साथै ती दुवै गणना तथा सर्वेक्षणमा उत्पादनशील औद्योगिक प्रतिष्ठान (Manufacturing Establishment) लाई मात्र समेटिएको थियो।

राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ मा विगतका गणना तथा सर्वेक्षणको दायरालाई फराकिलो पार्दै नेपाल स्तरीय औद्योगिक वर्गीकरण (Nepal Standard Industrial Classification, NSIC) मा समावेश गरिएका चार औद्योगिक क्रियाकलापहरूः

- "B" खानी तथा उत्खनन्,
- "C" औद्योगिक उत्पादन,
- "D" विद्युत्, ग्यास, बाफ तथा वातानुकूलित सेवा,
- "E" पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र

त्यसको उपचारात्मक क्रियाकलापहरू अन्तर्गत पर्ने सबै उद्योग प्रतिष्ठानहरूलाई समावेश गरिएको थियो।

राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ मा पूर्ण गणना र नमुना छनौट विधि दुवै तरिका अवलम्बन गरिएको थियो। नमुना छनौट गर्ने प्रयोजनको लागि स्याम्प्लिङ फ्रेमको रूपमा राष्ट्रिय आर्थिक गणना, २०७५ को तथ्याङ्कलाई आधार मानिएको छ। गणना गर्दा NSIC खण्ड B, D र E अन्तर्गत पर्ने सबै उद्योग प्रतिष्ठानहरूको पूर्ण गणना गरिएको थियो भने C अन्तर्गत पर्ने प्रतिष्ठानहरूको हकमा पूर्ण गणना र नमुना छनौट दुवै विधि अवलम्बन गरिएको थियो।

## राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को उद्देश्यः

यस सर्वेक्षणको मुख्य उद्देश्य देशभरि सन्दर्भ अवधि (आ.व.२०७५/७६) मा सञ्चालनमा रहेका साना तथा ठुला सबै उद्योग प्रतिष्ठानहरूको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, व्यवस्थापन, प्रकाशन तथा वितरण गर्ने र अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान मापन गर्नुका साथै नीतिनिर्माता, योजनाविद्, अनुसन्धानकर्ता, विद्यार्थी तथा अन्य प्रयोगकर्ताहरूलाई आवश्यक पर्ने तथ्याङ्क उपलब्ध गराउनु हो। साथै, यस क्षेत्रका विद्यमान समस्या पहिचान गरी सोको असरका बारेमा जानकारी गराउनु पनि रहेको छ।

यस सर्वेक्षणको लागि सन्दर्भ अवधि २०७५ श्रावण १ गतेदेखि २०७६ आषाढ मसान्तसम्मको अवधिलाई लिइएको थियो। सर्वेक्षणको तथ्याङ्क सङ्कलन कार्यको प्रारम्भ २०७६ फागुन २१ गते गरिएकोमा कोभिड महामारीको प्रकोपका कारण स्थलगत कार्य प्रभावित भई २०७८ असार मसान्तमा मात्र सम्पन्न भएको थियो।

## राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ मा सङ्कलन गरिएका विवरणहरुः

क) उद्योग प्रतिष्ठानको परिचयात्मक विवरण

ख) प्रतिष्ठानको सांगठनिक ढाँचा

ग) रोजगारीसम्बन्धी विवरण

घ) इन्धन, पानी तथा विद्युतसम्बन्धी विवरण

ङ) कच्चा पदार्थको खरिदसम्बन्धी विवरण

च) उत्पादन र उत्पादित वस्तुको बिक्री

छ) मौज्दात

ज) औद्योगिक सेवावापतको खरिदखर्च तथा बिक्रीबाट प्राप्त आम्दानी

झ) अन्य औद्योगिक सेवावापत खर्च रकम

ञ) अन्य औद्योगिक सेवाबापत प्राप्त रकम

ट) अप्रत्यक्ष कर

ठ) स्थायी सम्पत्तिको विवरण

ड) अनुसन्धान तथा विकास

ढ) उत्पादन क्षमताको उपयोग

ण) वातावरण तथा फोहोर व्यवस्थापनसम्बन्धी विवरण

त) उद्योग प्रतिष्ठानलाई व्यावसायिक प्रभाव पार्ने पक्षहरू

थ) विविध

### २.२.८ नेपाल व्यापार सर्वेक्षण

अर्थतन्त्रका प्रमुख क्रियाकलापहरूमध्ये व्यापार क्षेत्र पनि एक प्रमुख क्षेत्र हो। यस क्षेत्रलाई आन्तरिक व्यापार र वैदेशिक व्यापारमा विभाजन गरी अध्ययन गर्ने गरेको पाइन्छ। आन्तरिक व्यापारअन्तर्गत मुलुकभित्र हुने विभिन्न प्रकारका व्यापारिक क्रियाकलापहरूमध्ये वस्तुहरूको थोक तथा खुद्रा व्यापार र मोटरगाडी तथा मोटरसाइकल मर्मतसम्बन्धी आर्थिक क्रियाकलापहरू पर्दछन्। योगदानको हिसाबले थोक तथा खुद्रा व्यापार क्षेत्र नेपालको कुल गार्हस्थ्य उत्पादनको दोश्रो प्रमुख क्षेत्र हो। आ.व. २०७९/८० मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा १५.३९ प्रतिशत योगदान रहेको प्रारम्भिक अनुमान छ। नेपालमा वि.सं. २०६५ मा पहिलोपटक वितरणात्मक व्यापार सर्वेक्षण सम्पन्न गरिएको थियो। दोस्रोपटक वि.सं. २०७८ मा गरिएको व्यापार सर्वेक्षणबाट व्यापार क्षेत्रमा भइरहेका परिवर्तन र विद्यमान अवस्थाको बारेमा र प्रमुख वस्तुहरू तथा व्यापारको किसिमअनुसार (थोक तथा खुद्रा व्यापार) को Trade Margin अनुमानको बारेमा यथार्थपरक जानकारी प्राप्त हुने अपेक्षा गरिएको छ। सर्वेक्षणको स्थलगत कार्य २०७८ चैत्र महिनादेखि २०७९ असार महिनासम्म सञ्चालन गरिएको थियो।

व्यापार सर्वेक्षणबाट प्राप्त हुने तथ्याङ्क तथा सूचकहरूले सरकारलाई वाणिज्य नीतिमा सामयिक सुधार र परिमार्जन गर्न वस्तुनिष्ठ आधार प्रदान गर्दछ।

**नेपाल व्यापार सर्वेक्षण २०७८ का उद्देश्यहरू:-**

(क) मुलुकभित्र थोक तथा खुद्रा व्यापार र मोटरगाडी तथा मोटरसाइकल मर्मत गर्ने व्यापारिक प्रतिष्ठानहरूको आर्थिक तथा वित्तीय विवरणहरू सङ्कलन गरी यस क्षेत्रको राष्ट्रिय अर्थतन्त्र तथा रोजगारीमा योगदान यकिन गर्न आवश्यक पर्ने तथ्याङ्क उत्पादन गर्ने।

(ख) व्यापारको किसिम ()थोक तथा खुद्रा व्यापार अनुसार प्रमुख वस्तुहरूको Trade Margin अनुमानको लागि तथ्याङ्क सङ्कलन गर्ने।

(ग) राष्ट्रिय लेखा प्रयोजनको लागि यस क्षेत्रको आम्दानी तथा खर्च, मूल्य अभिवृद्धि, लगानी, रोजगारी, तलब तथा ज्याला, मौज्दात र अन्य आर्थिक विवरणहरू सङ्कलन गर्ने।

(घ) योजनाविद् एवम् नीति निर्माणकर्ताहरू, उद्योगपति, व्यापारी, अनुसन्धानकर्ता तथा यस क्षेत्रमा सरोकार राख्ने व्यक्तिहरूको लागि आवश्यक पर्ने व्यापार तथ्याङ्कको आवश्यकता पूर्ति गर्ने।

**नेपाल व्यापार सर्वेक्षणमा २०७८ मा सङ्कलन गरिएका विवरणहरू:-**

(क) व्यापारिक प्रतिष्ठानको परिचयात्मक विवरण

(ख) व्यापारिक प्रतिष्ठानको वैधानिक स्थिति

(ग) व्यापारिक प्रतिष्ठानको प्रकार

(घ) व्यापारको किसिम

(ङ) मुख्य व्यापारिक क्रियाकलापहरू

(छ) रोजगारी, तलब तथा ज्याला र अन्य सुविधासम्बन्धी विवरण

(ज) व्यापारिक प्रतिष्ठान सञ्चालन खर्चसम्बन्धी विवरण

(झ) वस्तुहरूको खरिद तथा बिक्रीसम्बन्धी विवरण

(ञ) प्रतिष्ठानले गरेको अन्य आम्दानीसम्बन्धी विवरण

(ट) व्यापारिक प्रतिष्ठानको स्थायी सम्पत्ति सम्बन्धी विवरण

(ठ) व्यापारिक प्रतिष्ठानको मौज्दातसम्बन्धी विवरण

(ड) कर तथा शुल्कसम्बन्धी विवरण

(ढ) प्रतिष्ठानको वित्तीय कारोबारसम्बन्धी विवरण

(ण) व्यापारिक प्रतिष्ठानका मुख्य मुख्य समस्याहरूसम्बन्धी विवरण

(त) कोभिड १९ प्रभावसम्बन्धी विवरण

(थ) व्यावसायिक सामाजिक उत्तरदायित्वसम्बन्धी विवरण

(द) उत्तरदाताको राय सुझाव

## २.३ राष्ट्रिय लेखा

अर्थतन्त्रमा निश्चित अवधिभित्र सञ्चालन भएका सबै आर्थिक क्रियाकलापबाट उत्पादित वस्तु तथा सेवाको प्रवाह र मौज्दात लगायत सोसँग सम्बन्धित संस्थागत एकाइबीचको कारोबारको मापन गरी लेखा राख्ने प्रणालीलाई राष्ट्रिय लेखा प्रणाली भनिन्छ। कुनै पनि मुलुकको अर्थतन्त्रको वास्तविक अवस्था र गतिको दिशा मापन विभिन्न प्रकारका समष्टिगत आर्थिक सूचक तथा परिसूचकहरूबाट गरिन्छ। यसप्रकारका आर्थिक सूचक तथा परिसूचकहरूको समष्टिलाई राष्ट्रिय लेखा प्रणालीले प्रस्तुत गर्दछ। राष्ट्रिय लेखा प्रणालीमा विश्वव्यापीरूपमा स्वीकृत अवधारणा, परिभाषा, वर्गीकरण तथा लेखाङ्कन विधिहरूको साथै अन्तर्राष्ट्रियरूपमा स्वीकृत मापदण्डहरूको सिफारिसहरू गरिएका हुन्छन्। यो प्रणालीको मार्गदर्शनबमोजिम देशको अर्थतन्त्र भित्र सञ्चालित आर्थिक क्रियाकलापको तथ्याङ्कीय मापन गरी कुल गार्हस्थ्य उत्पादन, आय, उपभोग, बचत जस्ता आर्थिक परिसूचक तयार गर्ने कार्य राष्ट्रिय लेखा अनुमान अन्तर्गत पर्दछ। राष्ट्रिय लेखा अनुमान गर्न संयुक्त राष्ट्रसङ्घ, युरोपियन यूनियन, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, आर्थिक विकास तथा सहयोगका लागि सँगठन जस्ता अन्तर्राष्ट्रिय संस्थाद्वारा संयुक्त रूपमा विकास गरेको राष्ट्रिय लेखा प्रणाली (System of National Accounts, 2008) ले मार्गदर्शन प्रदान गर्दछ। यही मार्गदर्शनबमोजिम हाल राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय लेखा तथ्याङ्क अनुमान गरी प्रकाशन गर्दछ।

### २.३.१ वार्षिक राष्ट्रिय लेखा अनुमान

नेपालको इतिहासमा पहिलोपटक कुल गार्हस्थ्य उत्पादनका अनुमान तयार गर्ने प्रयास तत्कालीन आर्थिक योजना मन्त्रालयअन्तर्गत राष्ट्रिय लेखा अनुमान गर्न गठित समितिले सन् १९६१/६२ मा गरेको थियो। त्यसपछि राष्ट्रिय लेखा अनुमान तयार गर्ने जिम्मेवारी तत्कालीन केन्द्रीय तथ्याङ्क विभागलाई सुम्पियो। तत्कालीन केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय लेखाका अविछिन्न शृङ्खलाहरू इ.सं. १९६४/६५ देखि उपलब्ध गराउँदै आएको छ। सन् १९६४/६५ देखि १९७३/७४ सम्मका राष्ट्रिय लेखा अनुमानहरूमा संयुक्त राष्ट्रसङ्घको राष्ट्रिय लेखा प्रणाली १९५३ को अवधारणाअनुरूप सीमित राष्ट्रिय लेखा सूचकहरू तयार गरिएको थियो।

राष्ट्रिय लेखा प्रणालीको विकाससँगै परिमार्जन भएका अवधारणा, विधि, परिभाषा, मार्गनिर्देश र वर्गीकरणलाई पूर्णरूपमा लागु गर्न तथा आर्थिक क्रियाकलापमा आएको परिवर्तनलाई समयसापेक्ष मापन गर्न समय समयमा आधार वर्ष परिवर्तन र बेन्चमार्किङ (Rebasing and Benchmarking) गरिन्छ। राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन र बेन्चमार्किङ राष्ट्रिय लेखा तथ्याङ्कको

गुणस्तर सुधार गर्ने एक प्रमुख आधार हो। नेपालमा समय समयमा आधार वर्ष परिवर्तन र बेन्चमार्किङ गर्ने कार्य हुँदै आइरहेको छ। पहिलोपटक सन् १९६४/६५ बाट १९७३/७४ मा आधार वर्ष परिवर्तन र बेन्चमार्किङ गर्दा राष्ट्रिय लेखा प्रणाली १९६८ का अवधारणाहरू लागु गरिएको थियो। त्यसैगरी दोस्रो पटक आधार वर्ष १९७३/७४ बाट १९८३/८४ मा, तेस्रो पटक आधार वर्ष १९८३/८४ बाट १९९३/९४ मा परिवर्तन गरिएको थियो। चौथोपटक आधार वर्ष १९९३/९४ बाट २०००/०१ आधार वर्ष परिवर्तन र वेन्चमार्किङ गर्दा राष्ट्रिय लेखा प्रणाली १९९३ का अवधारणाहरू लागु गरिएको थियो। पाँचौंपटक आधार वर्ष २०००/०१ बाट २०१०/११ मा आधार वर्ष परिवर्तन र वेन्चमार्किङ गर्दा राष्ट्रिय लेखा प्रणाली २००८ का अवधारणाहरू लागु गरिएको थियो।

नेपालको हाल प्रचलनमा रहेको राष्ट्रिय लेखा तथ्याङ्क SNA २००८ अनुसार सन् २०१०/११ लाई आधार वर्षको रूपमा लिई तयार गरिएको छ। हालको राष्ट्रिय लेखा तथ्याङ्क मूलतः उत्पादन विधिद्वारा तयार गरिएको कुल गार्हस्थ्य उत्पादन (GDP), व्यय विधिद्वारा तयार गरिएको अन्तिम उपभोग, पुँजी निर्माण, खुद निर्यात तथा आय विधिद्वारा तयार गरिएको तलब, अपरेटिङ सरप्लस/मिश्रित आय, खुद कर जस्ता अनुमानसँग सम्बन्धित छन्। यी अनुमानहरू प्रचलित तथा स्थिर मूल्यमा उपलब्ध छन्। यी प्रमुख समष्टिगत चलहरूकै आधारमा अर्थतन्त्रका मुख्य सूचकहरू, आर्थिक वृद्धि दर, उपभोग दर, बचत दर, लगानी दर, प्रतिव्यक्ति आम्दानी तथा आयात निर्यातको अनुपातहरू तयार गरिन्छन्। कुल गार्हस्थ्य उत्पादनका अनुमानहरू प्रचलित तथा स्थिर मूल्यमा ISIC तथा संस्थागत क्षेत्रको वर्गीकरणअनुसार उपलब्ध छन्। त्यसै गरी उपभोग र पुँजी निर्माणका अनुमानहरू पनि सोही वर्गीकरणअनुसार उपलब्ध छन्।

राष्ट्रिय लेखा अनुमान तयारीको लागि विभिन्न स्रोतबाट सालबसाली तथ्याङ्क सङ्कलन गरिन्छ। कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन अनुमानको लागि मुख्यतया कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयबाट बालीनाली, पशुपन्छी तथा मत्स्य उत्पादनका आँकडाहरू प्राप्त हुन्छन्। कृषि क्षेत्रका मध्यवर्ती उपभोगको अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गरेका अध्ययन, सर्वेक्षणहरूमा आधारित हुन्छन्। कृषि वस्तुहरूको मूल्य राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सङ्कलन गरिन्छन्। प्रायः खनिज उत्पादनसम्बन्धी तथ्याङ्क खानी विभागबाट प्राप्त हुन्छ। औद्योगिक उत्पादनको तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने औद्योगिक सर्वेक्षणबाट प्राप्त हुने तथ्याङ्कको आधारमा र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट नै त्रैमासिक रूपमा सञ्चालन हुने औद्योगिक प्रतिष्ठानसम्बन्धी सर्वेक्षणबाट प्राप्त हुन्छन्। उपरोक्त तथ्याङ्कको आधारमा आद्यौगिक क्षेत्रको मूल्य अभिवृद्धिको अनुमान तयार गरिन्छ। विद्युत्, पानी तथा ग्यासका मूल्य अभिवृद्धिको आँकडाहरू सम्बन्धित निगम र प्रतिष्ठानहरूबाट प्राप्त तथ्याङ्कका आधारमा तयार गरिन्छ।

निर्माणतर्फको उत्पादन र मूल्य अभिवृद्धिको अनुमान वस्तु प्रवाह विधि (Commundity Flow Approach) को आधारमा तयार गरिन्छ र यसलाई सरकारी खर्च र पटके सर्वेक्षणहरूको नतिजाको आधारमा जाँच गरिन्छ। जस्तोः मुलुकभित्रको निर्माण सामग्रीहरूको उत्पादन (सिमेन्ट, छड्, ईंटा आदि) र आयातको आधारमा कुल आपूर्तिको अनुमान तयार गरी त्यसको प्रयोग प्राविधिक अनुपातका आधारमा तयार गरिन्छ। व्यापार, होटल, रेष्टुराँ आदिको योगदान तत् क्षेत्रका ससाना सर्वेक्षणहरू र ठुला होटलहरूको सन्दर्भमा ती एकाइहरूबाट प्राप्त नाफा नोक्सान खाता विवरणको आधारमा मूल्य अभिवृद्धिको अनुमान तयार गरिन्छ। यातायात क्षेत्रको योगदानको अनुमानको लागि यातायातका साधनहरूको संख्या र पुँजीका आधारमा तथ्याङ्क सङ्कलन गरिन्छ। सञ्चार क्षेत्रअन्तर्गतका दूरसंचार, हुलाक सेवा आदिसँग सम्बन्धित तथ्याङ्क तत् प्रतिष्ठानहरूबाट सङ्कलन गरिन्छ।

वित्तीय संस्थाहरूको तथ्याङ्क नेपाल राष्ट्र बैङ्क तथा अन्य बैङ्कहरू, बिमा कम्पनी आदिबाट प्राप्त हुन्छ। त्यस्तै सरकारी खर्चहरूको संशोधित तथा यथार्थ खर्च महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त हुन्छ। उपभोग खर्चको अनुमान नेपाल जीवनस्तर सर्वेक्षणबाट प्राप्त तथ्याङ्क र नेपाल राष्ट्र बैङ्कबाट प्राप्त हुने उपभोक्ता मूल्य सूचकाङ्कका आधारमा अद्यावधिक गरिएका छन्। पुँजी निर्माणको अनुमानका लागि आवश्यक पर्ने निर्माण क्षेत्रको तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट र भन्सार विभागबाट प्राप्त हुने औजार तथा पुँजीगत सामानहरूका आयात निर्यात तथ्याङ्कबाट एकत्रित गरी तयार गरिन्छ। नेपाल राष्ट्र बैङ्कबाट प्राप्त हुने शोधनान्तर स्थिति (Balance of Payments) को तथ्याङ्कबाट प्राप्त सेवा आयात र चालु किसिमका सहयोग स्थानान्तरण (Current Transfers) को तथ्याङ्क समायोजन गरी कुल राष्ट्रिय आय (Gross National Income ) को अनुमान तयार गरिन्छ। स्थिर मूल्यमा यी अनुमानहरू तयारीको लागि क्षेत्रगत मूल्य सूचकाङ्कहरू पनि तयार गरिन्छन्।

उत्पादन विधि (Production Approach) बाट माथि उल्लेखित औद्योगिक क्षेत्रहरूको कुल उत्पादन (Gross Output), मध्यवर्ती खर्च (Intermediate Consumptions) र कुल मूल्य अभिवृद्धि (Gross Value added) का अनुमानहरू तयार गरिन्छन्। सबै औद्योगिक क्षेत्रहरूको कुल मूल्य अभिवृद्धिको योगबाट मुलुकको कुल गार्हस्थ्य उत्पादन तयार गरिन्छ। उत्पादन र उत्पादन प्रक्रियामा लाग्ने जम्मा कर र सरकारले प्रदान गर्ने जम्मा अनुदानको हिसाब गरेर उपभोक्ताको मूल्यमा कुल गार्हस्थ्य उत्पादनको समायोजन गरिन्छ। सम्पूर्ण अर्थतन्त्रमा हुने अन्तिम उपभोग, पुँजी निर्माण र खुद आयात र निर्यातको हिसाब गरेर व्यय विधि (Expenditure Approach) बाट पनि कुल गार्हस्थ्य उत्पादनको अनुमान तयार गरिन्छ। तथापि उत्पादन विधि (Production Approach) बाट तयार गरिएको कुल गार्हस्थ्य उत्पादनको अनुमान र व्यव विधि (Expenditure

Approach) बाट तयार गरिएको कुल गार्हस्थ्य उत्पादनको अनुमानमा केही मात्रामा भिन्नता पनि रहेको पाइन्छ, जसलाई तथ्याङ्कीय विसँगति भनेर बुझिन्छ।

अझै पनि आय विधिबाट स्वतन्त्र रूपमा कुल गार्हस्थ्य उत्पादनको अनुमान तयार गर्न सकिएको छैन। उत्पादन विधि (Production Approach) बाट तयार गरिने कुल गार्हस्थ्य उत्पादनको अनुमान प्रयोग गरी शेष विधिबाट विशुद्ध बचत/मिश्रित आय (Operating Surplus/Mixed Income) को अनुमान तयार गरी कुल तलब/ज्याला, खुद कर ( Total Tax – Total Subsidies) को अनुमानहरूसँग हिसाब गरेर आय विधि (Income Approach) बाट कुल गार्हस्थ्य उत्पादनको अनुमान तयार गरिन्छ। बाह्य संसार (Rest of World) बाट मुलुकी अर्थतन्त्रमा प्राप्त हुने प्राथमिक आय वितरणको अंश र मुलुकी अर्थतन्त्रबाट बाह्य संसार (Rest of World) मा जाने प्राथमिक आय वितरणको अंशको खुद मानलाई कुल गार्हस्थ्य उत्पादनमा जोडेर कुल राष्ट्रिय आय (GNI) को अनुमान तयार गरिन्छ। बाह्य संसार (Rest of World) बाट मुलुकी अर्थतन्त्रमा प्राप्त हुने द्वितीय आय वितरणको अंश र मुलुकी अर्थतन्त्रबाट बाह्य संसार (Rest of World) मा जाने द्वितीय आय वितरणको अंशको खुद मानलाई कुल राष्ट्रिय आयको अनुमानसँग जोडेर कुल राष्ट्रिय खर्चयोग्य (GDNI) को अनुमान तयार गरिन्छ। यिनै प्रमुख राष्ट्रिय अनुमानहरूबाट अन्य राष्ट्रिय लेखासम्बन्धी सूचकहरू तयार गरिन्छन्।

### २.३.२ प्रादेशिक राष्ट्रिय लेखा अनुमान

नेपालको शासन प्रणालीको संरचनामा भएको परिवर्तनपछि प्रादेशिक तहमा भएका आर्थिक गतिविधिको मापन गर्न र प्रदेश तहमा भएका सामाजिक तथा आर्थिक विभेदलाई कम गर्न आवश्यक नीति निर्माण गर्न आ.व. २०१७/१८ देखि प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादन तयार गर्ने कार्य सुरु गरिएको थियो। नेपालमा विश्वमा प्रचलित Top Down विधिबाट प्रदेशस्तरका अनुमानहरू तयार गरिएका छन्। यस विधिमा राष्ट्रिय तहमा अनुमान गरिएका विभिन्न आर्थिक क्रियाकलापको वर्गीकरणअनुसारको कुल मुल्य अभिवृद्धिका अनुमानलाई विभिन्न सूचकको आधारमा प्रदेश तहमा विभाजन गरिन्छ।

### २.३.३ त्रैमासिक राष्ट्रिय लेखा अनुमान

अर्थतन्त्रमा छोटो समयमा हुने परिवर्तनलाई समयमै पहिचान गरी त्यसका सकारात्मक असरबाट फाइदा लिन तथा नकारात्मक असरबाट बच्नको लागि आवश्यक नीति निर्माण गर्न त्रैमासिक राष्ट्रिय लेखा तयार गरिन्छ। अर्थतन्त्रको तत्कालीन परिदृश्यलाई समयमै आँकलन गर्ने त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कको तुलनामा कम विस्तृत र अन्य एकल अल्पकालीन सूचकभन्दा बढी विस्तृत हुन्छ। नेपालमा सन् २००४/०५ देखि त्रैमासिक राष्ट्रिय

लेखा अनुमान तयार गर्न सुरु गरिएको हो। विभिन्न निकायबाट निर्धारित समयमा तथ्याङ्क उपलब्ध हुन नसक्नु तथा राष्ट्रिय लेखा तयार गर्ने पर्याप्त जनशक्तिको अभाव हुनुले त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क समयमै उपलब्ध हुन नसकेको अवस्था छ।

### २.३.४ आपूर्ति र उपयोग तालिकाहरू (Supply and Use Tables)

आपूर्ति र उपयोग तालिकाहरू (Supply and Use Tables) लाई SNA २००८ ले राष्ट्रिय लेखा प्रणालीको अभिन्न अङ्गको रूपमा लिँदै यिनको विकास, तयारी र प्रयोगमा जोड दिएको छ। सन्तुलित आपूर्ति र उपयोग तालिकाहरूमार्फत प्रचलनमा रहेका तीनओटै विधिबाट तयार गरिएका कुल गार्हस्थ्य उत्पादनका अनुमानहरूको मान एउटै हुन्छ। नेपालको सन्दर्भमा आधार वर्ष २०१०/११ मा मात्र आपूर्ति र उपयोग तालिकाहरू (Supply and Use Tables) तयार गरी यिनीहरूको माध्यमबाट कुल गार्हस्थ्य उत्पादनका अनुमानहरू तयार गरिएको थियो। त्यसपछिका वर्षहरूमा आपूर्ति र उपयोग तालिकाहरू तयार गर्न सकिएको छैन।

## २.४ मूल्य तथ्याङ्क तथा सूचकाङ्कहरू

कुनै वस्तु वा सेवा प्राप्तिको लागि क्रेताले बिक्रेतालाई तिर्ने रकम नै उक्त वस्तु वा सेवाको मूल्य हो। वस्तु वा सेवाको मूल्य समयक्रममा बढ्ने वा घट्ने गर्छ। वस्तुको कारोबार हुने स्थानअनुसार वस्तु वा सेवाको मूल्यमा फरक हुन सक्छ। उत्पादन हुने स्थलको ढोका (परिसर) बाट वस्तु वा सेवा बिक्री गर्दा निर्धारण भएको मूल्यलाई उत्पादकको मूल्य (Producer's Price) भनिन्छ। जसमा उत्पादित उपजमा लाग्ने कर जोडी उत्पादनमा दिइएको अनुदान घटाएको हुन्छ। उत्पादक मूल्यमा क्रेताले तिर्नुपर्ने कुनै पनि कर (जस्तैः मूल्य अभिवृद्धि कर), खुद्रा/थोक मार्जिन तथा ढुवानी र बिमासम्बन्धी खर्चहरू जोडिएको हुँदैन। त्यस्तै, उत्पादक मूल्यबाट उत्पादित उपजमा लाग्ने कर घटाई उत्पादनमा पाउने अनुदान जोड्दा उत्पादकले पाउने खुद रकमलाई आधार मूल्य (Basic Price) भनिन्छ।

वस्तुको थोक बिक्री हुने स्थानमा तोकिएको मूल्यलाई थोक मूल्य (Wholesale Price) भनिन्छ भने वस्तु वा सेवाको अन्तिम उपभोगको लागि उपभोक्ताले खरिद गर्दा खुद्रा बजारमा तिर्ने मूल्यलाई खुद्रा मूल्य वा उपभोक्ता मूल्य (Consumer or Retail Price) भनिन्छ। तोकिएको निश्चित वस्तु र सेवाको डालो (Basket) को मूल्यमा आउने आवधिक परिवर्तनलाई मूल्य सूचकाङ्कले मापन गर्दछ। आधिकारिक तथ्याङ्क उत्पादन गर्ने दुई सरकारी निकायहरू रा.त.का. र ने.रा.बैं. ले आफ्नो आवश्यकतानुसार मूल्य सूचकाङ्क निर्माणको काम गर्दै आइरहेका छन्। रा.त.का.ले हाल त्रैमासिक रूपमा औद्योगिक उत्पादक मूल्य सूचकाङ्क (Industrial Producer Price Index-IPPI), कृषि उत्पादक मूल्य सूचकाङ्क (Agriculture Producer Price Index-APPI) र निर्माण क्षेत्रको लागत मूल्य

सूचकाङ्क (Input Price Index of Construction Sector- IPICS) तयार गरी प्रकाशन गर्दै आइरहेको छ। रा.त.का.ले आ.व. २०३१/३२ मा वार्षिक सूचकाङ्कको तयारी सुरु गरेको देखिन्छ भने चौमासिक र त्रैमासिक Producer Price Index-PPI को सम्पादन क्रमशः २०५३/५४ र २०५८/५९ मा सुरु गरेको थियो। यसका साथै, अन्तर्राष्ट्रियस्तरमा वास्तविक कुल गार्हस्थ्य (Real Gross Domestic Product), उत्पादन क्रयशक्ति समता (Purchasing Power Parity-PPP) र मूल्य तह सूचकाङ्क (Price Level Index) मापनको लागि १७० भन्दा बढी देशहरूमा एकैपटक सञ्चालन हुने संसारकै सबैभन्दा ठुलो तथ्याङ्कीय कार्यक्रम अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program-ICP) मा नेपालको तर्फबाट सन् २००५ देखि सहभागी भई विभिन्न मूल्य सर्वेक्षणहरू सञ्चालन गर्दै आइरहेको छ। PPI ले देशभित्र उत्पादन भएका वस्तु र सेवाहरू उत्पादकले बिक्री वा खरिद गर्दाको मूल्यमा भएको परिवर्तन दरलाई मापन गर्दछ। PPI को लागि आवश्यक वस्तु र सेवाको उत्पादक मूल्य सम्बन्धित प्रतिष्ठानहरूबाट सङ्कलन गरिन्छ र स्वदेशमै बिक्री गर्ने वस्तु र सेवाहरूको मूल्यको आधारमा PPI तयार गरिन्छ।

उत्पादन सूचकाङ्क (Production index-PI) ले निश्चित समान्यान्तरमा उत्पादनको परिमाण भएको परिवर्तन दरलाई मापन गर्दछ। राष्ट्रिय तथ्याङ्क कार्यालयले खानी तथा उत्खनन्; उद्योग; विद्युत, ग्यास स्टिम, वातानुकूलित वस्तुको आपूर्ति र पानी सङ्कलन, प्रशोधन तथा आपूर्ति, ढल तथा फोहर व्यवस्थापन गरी चारओटा उद्योगहरूको अलग अलग त्रैमासिक र वार्षिक उत्पादन सूकाङ्क (Production index-PI) तयार गरी तिनीहरूको संयुक्त सूकाङ्क (Composite Index) को रूपमा Index Of Industrial Production (IIP) तयार गरी प्रकाशन गर्दै आइरहेको छ । Index Of Industrial Production (IIP) मा ८७ प्रतिशतभन्दा बढी भार औद्योगिक उत्पादन सूचकाङ्क (Manufacturing Production Index-MPI) रहेको छ।

## २.५ तथ्याङ्कीय साक्षरता

तथ्याङ्कका भाषाहरू पढ्न, लेख्न, बुझ्न, व्याख्या गर्न, सञ्चार गर्नसक्ने क्षमतालाई तथ्याङ्कीय साक्षरता (Statistical literacy) भनिन्छ। यसै गरी डिजिटल माध्यमबाट सूचना प्राप्त गर्ने, बुझ्ने, उत्पादन गर्ने, सञ्चार गर्ने जस्ता विविध क्रियाकलापलाई डिजिटल साक्षरता भनिन्छ। यद्यपि विद्वानहरूले यी दुई अवधारणालाई भिन्नभिन्न तरिकाले परिभाषित गरेको पाइन्छ (बक्स २)।

विद्वान गलकाअनुसार तथ्याङ्कीय साक्षर हुनका लागि निम्नानुसारका क्षेत्रमा ज्ञान हासिल गरेको हुनुपर्दछः

क) गणितको ज्ञान,

ख) तथ्याङ्कको ज्ञान,

ग) सन्दर्भको ज्ञान,

घ) साक्षरता कौशल र

ङ) आलोचनात्मक प्रश्न ।

**बक्स २ तथ्याङ्कीय साक्षरताको परिभाषा**

"तथ्याङ्कीय साक्षरता भनेको हाम्रो दैनिक जीवनमा व्याप्त तथ्याङ्कीय नतिजाहरूलाई बुझ्ने र आलोचनात्मक रूपमा मूल्याङ्कन गर्ने क्षमता हो ।यसका साथै, तथ्याङ्कीय सोचले सार्वजनिक र निजी, व्यावसायिक र व्यक्तिगत निर्णयहरूमा गर्नसक्ने योगदानहरूको कदर गर्ने क्षमता राख्दछ।"

- वालम्यान (Wallman (1993, p. 1)

"तथ्याङ्क साक्षरताले धेरै खूबीको आवश्यकतालाई औंल्याउँदछ र तीमध्ये गणितीय एवम् तथ्याङ्कीय क्षमता, अङ्कलाई शुद्धताका साथ बुझ्न सक्ने योग्यता र तथ्याङ्कलाई सत्यपरक वा बदनियतपूर्ण प्रस्तुति गरिएको अवस्थालाई पहिचान गर्न सक्ने क्षमता प्रमुख हुन्।"

– (United Nations Economic Commission for Europe. (2012). *Making Data Meaningful*)

"तथ्याङ्कीय साक्षरताले तथ्याङ्कको आधारभूत भाषा र उपकरणहरू बुझ्ने र प्रयोग गर्ने क्षमता बुझाउँदछ ।अर्को अर्थमा, आधारभूत तथ्याङ्कीय अवधारणाहरूको अर्थ के हो भनेर जान्नु, साधारण तथ्याङ्कीय संकेतहरूको प्रयोग बुझ्ने र पहिचान गर्ने तथा तथ्याङ्कको विभिन्न प्रस्तुतिको व्याख्या गर्न सक्षम हुनु नै तथ्याङ्कीय साक्षरता हो।"

- गरफिल्ड, डेलमास र जिफ्लर (Garfield, delMas, and Zieffler (2010))

"तथ्याङ्कीय सूचना तथा तथ्याङ्क सम्बन्धित तर्कहरू व्याख्या गर्ने र आलोचनात्मक रूपमा मूल्याङ्कन गर्ने मानिसहरूको क्षमतालाई तथ्याङ्कीय साक्षरता भनिन्छ ।"

- गल (Gal (2004, p. 49))

सङ्क्षेपमा भन्नुपर्दा, तथ्याङ्कीय साक्षरता भनेको तथ्याङ्कलाई बुझ्ने र तर्क गर्ने क्षमता हो।यस्तो क्षमता तथ्याङ्कसँग सम्बन्धित सबै सरोकारवालाहरूसँग भएमा मात्र तथ्याङ्कको सही उत्पादन तथा प्रयोग भई प्रमाणमा आधारित निर्णय प्रक्रियाको पूर्ण प्रयोग हुन्छ र प्रमाणकै आधारमा नीति, योजना तथा कार्यक्रमहरू तय भई जनताको अधिकतम हित हुन सक्दछ।तसर्थ, तथ्याङ्कीय रूपले साक्षर हुनका लागि तथ्याङ्कको बोध गर्ने क्षमता (data awareness), तथ्याङ्कीय अवधारणाहरू बुझ्ने क्षमता (The ability to understand statistical concepts), तथ्याङ्कीय जानकारीको विश्लेषण, व्याख्या र मूल्याङ्कन गर्ने क्षमता (The ability to analyse, interpret and evaluate statistical information), र तथ्याङ्कीय जानकारी तथा बुझाइ सञ्चार गर्ने क्षमता (The ability to communicate statistical information and understandings) भएको हुनुपर्दछ।

नेपालमा संघीयता कार्यान्वयनसँगै तथ्याङ्कीय क्रियाकलापका कार्यहरू सङ्घ, प्रदेश तथा स्थानीय तहमा वितरण भएको छ।यसका अतिरिक्त तथ्याङ्कको माग तथा प्रयोगका क्षेत्र र दायरा पनि फराकिलो हुँदै गएको छ।तथ्याङ्कका सरोकारवालाहरूबिच पनि तथ्याङ्कको लोकप्रियता बढ्दै गइरहेको छ।यद्यपि गैरतथ्याङ्कीय पृष्ठभूमिका सरोकारवाला तथा कर्मचारीहरूमा तथ्याङ्कका

आधारभूत विषयहरूको बुझाइमा वैज्ञानिक रूपले एकरूपता कायम छैन। अतः तथ्याङ्कीय गतिविधिमा संलग्न सरोकारवालाहरू तथा तथ्याङ्क प्रयोगकर्तालाई तथ्याङ्कीय अवधारणा तथा आधारभूत सिद्धान्त र तथ्याङ्कका आधारभूत विधिहरूका बारेमा जानकारी गराउँदै तथ्याङ्कीय सिप र क्षमता अभिवृद्धि गर्ने र गुणस्तरीय तथ्याङ्क उत्पादन तथा प्रयोगमा अभिवृद्धि गर्ने उद्देश्यबमोजिम राष्ट्रिय योजना आयोग तथा राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्कीय साक्षरता कार्यक्रम अगाडि बढाएको छ। यसै सिलसिलामा आर्थिक वर्ष २०७९/८० मा The Foreign and Commonwealth Development Office (FCDO), The Asia Foundation (TAF) र विकास उद्यमी नामक संस्थाहरूको आर्थिक सहयोगमा तथ्याङ्क र तथ्याङ्कीय साक्षरता नामक हाते पुस्तिका नेपालीमा प्रकाशनमा ल्याइएको छ। यो पुस्तक मूलतः विकास प्रशासनका लागि नीतिनिर्माता, योजनाविद्, विकास साझेदार, अध्येता एवम् पत्रकारहरूको प्रयोगका लागि लक्षित रहेको छ।

तथ्याङ्क र तथ्याङ्कीय साक्षरता नामक हाते पुस्तिका विषयवस्तुहरूलाई सम्बन्धित प्रयोगकर्ताका माझ पुर्याउन तथ्याङ्कीय साक्षरता विषयमा तालिम आवश्यकता महसुस गरी राष्ट्रिय योजना आयोग तथा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट FCDO, TAF र विकास उद्यमीको आर्थिक सहयोगमा विभिन्न चरणका तालिम सञ्चालन गरिंदै आइएको छ। तालिमसम्बन्धी थप विवरण यस प्रतिवेदनको तालिमसँग सम्बन्धित परिच्छेदमा उल्लेख गरिएको छ।

# परिच्छेद ३:
# आर्थिक वर्ष २०८०/८१ मा सम्पादित कार्यहरूको विवरण

## ३.१ आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम तथा बजेट र प्रगति

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका तथ्याङ्क कार्यालयहरूको लागि ८७ करोड ४३ लाख २२ हजार १८० रुपैयाँ बजेट विनियोजन भएको थियो। जसमा चालु खर्च तर्फ ८३ करोड ८४ लाख २२ हजार १८० रुपैयाँ र पुँजीगत खर्च तर्फ ३ करोड ५९ लाख रुपैयाँ रहेको थियो। यस आर्थिक वर्षको तेश्रो त्रैमासिकसम्ममा केही क्रियाकलापहरु सम्पन्न गर्न नसक्ने अवस्था रहेको कारणले १९ करोड ८१ लाख ४ हजार रुपैयाँ बजेट समर्पण गरिएको थियो। फलस्वरुप राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका तथ्याङ्क कार्यालयहरुको खुद बजेट ६७करोड ६२ लाख १८ हजार १८० रुपैयाँ कायम भयो। जसमध्ये चालु खर्च शीर्षकमा ६४ करोड ३ लाख १८ हजार १८० रुपैयाँ र पुँजीगत खर्च शीर्षकमा ३ करोड ५९ लाख रुपैयाँ कायम भएको थियो। समर्पण पश्चात कायम बजेट मध्ये राष्ट्रिय तथ्याङ्क कार्यलयको ३४ करोड २३ लाख ९६ हजार ८३० रुपैयाँ कायम भयो। यस मध्ये चालु खर्च शीर्षकमा ३० करोड ६४ लाख ९६ हजार ८३० रुपैयाँ र पुँजीगत खर्च शीर्षकमा ३ करोड ५९ लाख रुपैयाँ कायम भएको थियो। त्यसैगरी तथ्याङ्क कार्यालयहरूको खुद बजेट मध्ये ३३ करोड ३८ लाख २१ हजार ३५० रुपैयाँ कायम भएको थियो। तथ्याङ्क कार्यालयको बजेट सबै चालु शीर्षक अन्तर्गत मात्र विनियोजन गरिएको थियो। समर्पण पश्चात कायम बजेट मध्ये राष्ट्रिय तथ्याङ्क कार्यालयले ६२.८ प्रतिशत र तथ्याङ्क कार्यलयले ७०.१ प्रतिशत खर्च भएको देखिन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु खर्च बजेटको ६८.८ प्रतिशत र पुँजीगत खर्च बजेटको ११.५ प्रतिशत खर्च भएको देखिन्छ।

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा जिल्लास्थित ३३ तथ्याङ्क कार्यालयहरू खारेज गरिने र प्रदेशमा तथ्याङ्क समन्वय कार्यालय स्थापना गरिने उल्लेख भएको र यसका लागि आवश्यक सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य समय मै सम्पन्न हुन सकेको अवस्था थिएन। जसको कारण तथ्याङ्क कार्यालयहरुलाई मंसिर मसान्त सम्मको लागि चालु बजेट मात्र उपलब्ध गराइएको थियो। राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत कार्यालयको संक्षिप्त सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पादन गरी मिति २०८० पौष १२ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार साबिकका ३३ तथ्याङ्क कार्यालयहरू खारेज गरिने र १८ ओटा तथ्याङ्क समन्वय कार्यालय स्थापना गरिने व्यवस्था गरियो। यो निर्णय तत्काल कार्यान्वयन नगरेर नयाँ आर्थिक वर्ष

२०८१/८२ को श्रावणदेखि गर्ने निर्णय भए बमोजिम चैत्र मसान्तमा साविकका तथ्याङ्क कार्यालयहरुलाई चालु बजेट पठाउने निर्णय भएको थियो। यस अवस्थाले गर्दा विनियोजित बजेट पूर्णरुपमा खर्च नभएको देखिन्छ। साथै, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको सर्वेक्षण तथा नेपाल बहुसूचक सर्वेक्षण सञ्चालनको लागि LMBIS मा प्रविष्ट रकम क्रमशः नौ करोड, ९० लाख रुपैयाँ सम्बन्धित दातृ निकायहरुसँग समयमै सम्झौता हुन नसकेका कारणले बजेट रकम उपलब्ध हुनसकेन। यीनै कारणहरुले गर्दा कार्यालयको समग्र वित्तीय प्रगति सन्तोषजनक हुन नसकेको अवस्था रह्यो। पुँजीगत खर्च बजेटको हकमा जिल्लास्थित तथ्याङ्क कार्यालयको लागि भैपरी पुँजीगत शीर्षकमा खर्च गर्न नमिल्ने अवस्थाका कारणले पुँजीगत खर्च न्यून देखिन्छ।

### ३.१.१ वित्तीय तथा भौतिक प्रगति

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालित कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगति तालिका ३.१ मा प्रस्तुत गरिएको छ। प्रगतिलाई बजेट समर्पण गर्नु अघि र पछिको आधारमा प्रस्तुत गरिएको छ। जसअनुसार समर्पण अगाडि राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत कार्यालयहरुको एकमुष्ट भौतिक प्रगति ६१.४ प्रतिशत र वित्तीय प्रगति ५१.४ प्रतिशत देखिन्छ। समर्पण पछिको प्रगति अवस्था हेर्दा भौतिक प्रगति ८४.२ र वित्तीय प्रगति ६६.४ प्रतिशत कायम भएको देखिन्छ।

तुलनात्मक रुपमा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रगति अवस्था भन्दा तथ्याङ्क कार्यालयहरुको प्रगति अवस्था राम्रो देखिन्छ। महाशाखागत रुपमा हेर्दा योजना तथा जनशक्ति महाशाखाको प्रगति सबैभन्दा बढी र सामाजिक तथ्याङ्क महाशाखाको सबैभन्दा कम देखिन्छ (तालिक ३.१)।

**तालिका ३.१ः आर्थिक वर्ष २०८०/८१ को भौतिक तथा वित्तीय प्रगति विवरण (प्रतिशतमा)**

| विवरण | बजेट समर्पण अघि | | बजेट समर्पण पछि | |
|---|---|---|---|---|
| | भौतिक प्रगति | वित्तीय प्रगति | भौतिक प्रगति | वित्तीय प्रगति |
| योजना तथा जनशक्ति महाशाखा | ७०.७ | ५३.७ | ७६.३ | ६१.१ |
| सामाजिक तथ्याङ्क महाशाखा | २४.६ | १६.६ | ६४.२ | ६७.२ |
| राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा | ५०.७ | ३१.५ | ७९.४ | ४९.९ |
| आर्थिक तथ्याङ्क महाशाखा | ६५.२ | ३५.७ | ८५.० | ५४.९ |
| राष्ट्रिय तथ्याङ्क कार्यालय | ४१.४ | ३९.८ | ७४.८ | ६२.८ |
| तथ्याङ्क कार्यालय सबै | ९३.८ | ७०.१ | ९३.८ | ७०.१ |
| राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत | ६१.४ | ५१.४ | ८४.२ | ६६.४ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## ३.२ आर्थिक तथ्याङ्क विकास कार्यक्रम

आर्थिक पक्षसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, सार्वजनिक एवम् वितरणसम्मका कार्यहरू आर्थिक तथ्याङ्क विकास कार्यक्रमसँग सम्बन्धित हुन्छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट मुख्यतः राष्ट्रिय कृषिगणना, राष्ट्रिय आर्थिक गणना, औद्योगिक सर्वेक्षण, व्यापार सर्वेक्षण लगायत आर्थिक क्षेत्रसँग सम्बन्धित साना आकारका नमुना सर्वेक्षणहरू (जस्तै घरजग्गा कारोबार सर्वेक्षण, मोटर भेहिकल तथा मोटरसाइकल सर्वेक्षण, स्थल यातायात सर्वेक्षण, होटल तथा रेष्टुरेन्ट सर्वेक्षण, निजी शैक्षिक संस्था सर्वेक्षण, निजी स्वास्थ्य संस्था सर्वेक्षण, माछा सर्वेक्षण आदि) सञ्चालन हुँदै आएको छ। यस्ता तथ्याङ्कीय क्रियाकलाप आर्थिक तथ्याङ्क उत्पादनको लागि अति आवश्यक हुन्छन्। मूल्य तथा उत्पादन सूचकाङ्कहरू र प्रमुख समष्टिगत आर्थिक सूचकहरू (राष्ट्रिय लेखा अनुमानहरू) सालबसाली रूपमा तयार गरिन्छन्। यस कार्यालयबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरिएका आर्थिक तथ्याङ्क विकास सम्बन्धी मुख्य कार्यक्रमहरू देहायबमोजिम रहेका छन्।


### ३.२.१ राष्ट्रिय कृषिगणना २०७८

आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न भएका राष्ट्रिय कृषिगणनासँग सम्बन्धित प्रमुख क्रियाकलापहरू देहायबमोजिम रहेका छन्।

- राष्ट्रिय कृषिगणनाको राष्ट्रिय, प्रदेश, जिल्ला, स्थानीयस्तर तथा अन्य प्रतिवेदन सम्बन्धी विभिन्न कार्य तथा छपाइ,
- राष्ट्रिय कृषिगणनाको सामुदायिक प्रश्नावलीमा आधारित प्रतिवेदन तयारी तथा छपाइ कार्य
- केन्द्रीय र प्रदेशस्तरीय प्रतिवेदन सार्वजनिक कार्यक्रम सम्पन्न,
- नीति निर्माता, अनुसन्धानकर्ता, सञ्चारकर्मी, शैक्षिक क्षेत्र तथा तथ्याङ्क प्रयोगकर्तालाई कृषि तथ्याङ्कको प्रयोग र साक्षरता कार्यक्रम सम्पन्न,
- राष्ट्रिय कृषिगणनाको विषयगत प्रतिवेदन सरकारी सुविधाको पहुँच र प्रयोग ,कृषिजमिनको प्रयोग, लैङ्गिक सम्बन्धी विभिन्न कार्य तथा छपाइ,
- राष्ट्रिय कृषिगणनाको राष्ट्रिय, प्रदेश, जिल्ला, स्थानीयस्तर तथा अन्य प्रतिवेदन सम्बन्धी विभिन्न कार्य तथा छपाइ,
- Women's Ownership of Agricultural Land in Nepal (SDG 5.a.1) मा आधारित प्रतिवेदन छपाइ,
- Technical Report of AgriCensus 2078 को प्राविधिक प्रतिवेदन तयारी तथा छपाइ कार्य सम्पन्न र

- National Sample Census of Agriculture 2021/22 को व्यावस्थापकीय तथा प्राविधिक दस्तावेज तयारी कार्य सम्पन्न ।

### ३.२.१.१ राष्ट्रिय कृषिगणना २०७८ सम्बन्धी प्रकाशित प्रमुख नतिजा




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

### ३.२.२ राष्ट्रिय लेखा

आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न भएका राष्ट्रिय लेखासँग सम्बन्धित प्रमुख क्रियाकलापहरू देहायबमोजिम रहेका छन्।

- आर्थिक वर्ष २०८०/८१ को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कको अनुमान गरी सार्वजनिक गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्कको अनुमान गरी सार्वजनिक गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको अनुमान गरी सार्वजनिक गरिएको।
- राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन कार्यका लागि आर्थिक वर्ष २०८०/८१ मा तोकिएका आवश्यक अध्ययन/सर्वेक्षणहरु/गणनाहरु सम्पन्न गरिएको।
- प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको सबलीकरणका लागि आवश्यक कार्यक्रम सम्पन्न गरिएको।


- राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन कार्यका लागि तोकिएका सर्वेक्षणहरुबाट प्राप्त तथ्याङ्कहरुको भ्यालिडेशन तथा भेरिफिकेशन कार्य सम्पन्न गरिएको।

### ३.२.२.१ राष्ट्रिय लेखासम्बन्धी प्रकाशित केही अनुमान

कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product – GDP) का अनुमान आधारभूत मूल्य (Basic Price) र उपभोक्ताको मूल्य (Purchaser's Price) मा प्रस्तुत गरी सार्वजनिक गरिएको छ। अर्थतन्त्रको आकार मापन गर्न उपभोक्ताको मूल्यमा मापन गरिएको प्रचलित मूल्यको GDP प्रयोग गर्ने अभ्यास अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको अर्थतन्त्रको आकार ५७ खर्ब ४ अर्ब पुग्ने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०७९/८० मा अर्थतन्त्रको आकार ५३ खर्ब ४८ अरब रहने संशोधित अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०७८/७९ मा अर्थतन्त्रको आकार ४९ खर्ब ७६ अर्ब रहने अन्तिम विवरण सार्वजनिक गरिएको छ।

हाल प्रकाशित राष्ट्रिय लेखाका स्थिर मूल्यका अनुमान तथा आर्थिक वृद्धिदर आर्थिक वर्ष २०६७/६८ को मूल्यमा आधारित छन्। आर्थिक वर्ष २०८०/८१ मा स्थिर मूल्यमा अनुमान गरिएको आर्थिक वृद्धिदर (GDP को वार्षिक वृद्धिदर) आधारभूत मूल्यमा ३.५४ प्रतिशत र उपभोक्ताको मूल्यमा ३.८७ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। आधारभूत मूल्यको आर्थिक वृद्धिदर गत आर्थिक वर्ष २०७९/८० मा २.३१ प्रतिशत हुने संशोधित अनुमान गरिएको छ। त्यसैगरी, अन्तिम तथ्याङ्कअनुसार आधारभूत मूल्यको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०७८/७९ मा ५.२८ प्रतिशत कायम गरिएको छ। उपभोक्ताको मूल्यमा आर्थिक वृद्धिदर गत आर्थिक वर्ष २०७९/८० मा १.९५ प्रतिशत हुने संशोधित अनुमान गरिएको छ भने अन्तिम तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७८/७९ मा ५.६३ प्रतिशत कायम गरिएको छ (चित्र ३.१)।


## चित्र ३.१ कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

चित्र ३.२ मा समग्र औद्योगिक क्षेत्रका बृहत् दुई समूह; कृषि तथा गैरकृषि क्षेत्रको वृद्धिदर प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्रको ३.०५ प्रतिशत र गैरकृषि क्षेत्रको ३.७५ प्रतिशत वृद्धिदर हुने प्रारम्भिक अनुमान गरिएको छ। संशोधित विवरण अनुसार गत आर्थिक वर्ष २०७९/८० मा कृषि क्षेत्रको वृद्धिदर २.७६ प्रतिशत र गैरकृषि क्षेत्रको वृद्धिदर २.१३ प्रतिशत रहने अनुमान गरिएको छ। त्यसैगरी, अन्तिम विवरणअनुसार आर्थिक वर्ष २०७८/७९ मा कृषि क्षेत्रको वृद्धिदर २.३५ प्रतिशत र गैरकृषि क्षेत्रको वृद्धिदर ६.५४ प्रतिशत कायम हुने तथ्याङ्क सार्वजनिक गरिएको छ।

### चित्र ३.२ कृषि तथा गैरकृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिदर





*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary Sector), द्वितीय क्षेत्र (Secondary Sector) र सेवा क्षेत्र (Tertiary Sector) गरी प्रमुख तीन समूहमा विभाजन गरेर समेत अध्ययन गर्ने गरिन्छ। यी तीन बृहत् औद्योगिक क्षेत्रको वृद्धिदर चित्र ३.३ मा प्रस्तुत गरिएको छ। चालु आर्थिक वर्ष २०८०/८१ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः ३.०३ प्रतिशत, १.२० प्रतिशत र ४.५० प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। संशोधित विवरण

अनुसार गत आर्थिक वर्ष २०७९/८० मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.७२ प्रतिशत, १.४० प्रतिशत र २.३६ प्रतिशत रहने अनुमान गरिएको छ। त्यसैगरी, अन्तिम विवरणअनुसार आर्थिक वर्ष २०७८/७९ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.५० प्रतिशत, १०.७९ प्रतिशत र ५.३२ प्रतिशत कायम हुने तथ्याङ्क सार्वजनिक गरिएको छ।

**चित्र ३.३ प्राथमिक, द्वितीय, तथा सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर**





*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

चित्र ३.४ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रले पुर्याएको योगदान प्रस्तुत गरिएको छ। जसअनुसार आर्थिक वर्ष २०८०/८१ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा क्रमशः २४.६ प्रतिशत, १२.५ प्रतिशत र ६२.९ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०७९/८० मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा क्रमशः २४.४ प्रतिशत, १३.१ प्रतिशत र ६२.५ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०७८/७९ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २५.० प्रतिशत, १३.७ प्रतिशत र ६१.३ प्रतिशत

पुग्ने अन्तिम तथ्याङ्क सार्वजनिक गरिएको छ।

कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र र सेवा क्षेत्रको योगदान गत आर्थिक वर्षको तुलनामा सिमान्त रूपमा बढेको देखिन्छ भने द्वितीय क्षेत्रको योगदानमा गत आर्थिक वर्ष सिमान्त रूपमा घटेको देखिन्छ।

**चित्र ३.४ बृहत् आर्थिक क्षेत्र अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशत)**




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

**आर्थिक वर्ष २०८०/८१ मा केही प्रमुख आर्थिक सूचकहरूको अवस्था** (Key macroeconomic indicators)

- कुल गार्हस्थ्य उत्पादन वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८७%,
- कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ३.५४%,
- चालु मूल्य अनुसार कुल उत्पादन (Gross output) आधारभूत मूल्यमा रु. ८७ खर्ब ५२ अर्ब ६४ करोड,

- चालु मूल्यअनुसार कुल मध्यवर्ती उपभोग (Intermediate consumption) उपभोक्ताको मूल्यमा रु. ३७ खर्ब दुई अरब ५५ करोड
- चालु मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) आधारभूत मूल्यमा रु. ५० खर्ब ५० अर्ब ९ करोड,
- चालु मूल्यअनुसार कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ५७ खर्ब ४ अर्ब ८४ करोड,
- चालु मूल्यमा कुल स्थिर पुँजी निर्माण (Gross fixed capital formation) रु. १७ खर्ब ४१ अर्ब ४८ करोड (कुल गार्हस्थ्य उत्पादनको २४.४५%),
- चालु मूल्यमा अन्तिम उपभोग खर्च (Final consumption expenditure) रु. ५२ खर्ब ७० अर्ब ३९ करोड (कुल गार्हस्थ्य उत्पादनको ९२.३८%),
- चालु मूल्यमा वस्तु तथा सेवा निर्यात (Export) रु. ४ खर्ब ५३ अर्ब १ करोड (कुल गार्हस्थ्य उत्पादनको ७.९४%),
- चालु मूल्यमा वस्तु तथा सेवा आयात (Import) रु. १९ खर्ब २२ अर्ब ३ करोड (कुल गार्हस्थ्य उत्पादनको ३३.७%),
- चालु मूल्यमा कुल राष्ट्रिय बचत (Gross national saving) रु. २० खर्ब ६२ अरब ४५ करोड ९० लाख (कुल गार्हस्थ्य उत्पादनको ३६.१५%),
- विप्रेषण रु.१३ खर्ब ९ अरब ८३ करोड (कुल गार्हस्थ्य उत्पादनको २२.९६%),
- प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु. १,९१,८८ अर्थात् १,४३४ यु.एस डलर,
- प्रतिव्यक्ति कुल राष्ट्रिय आय रु. १,९४,८२९ अर्थात् १,४५६ यु.एस डलर, र
- प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय रु. २,४६,६४७ अर्थात् १,८४३ यु.एस डलर. ।


### ३.२.३ मूल्य तथा उत्पादन सूचकाङ्कसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरुः

- मूल्य तथा उत्पादन सूचकाङ्क निर्माणको लागि आवश्यक सबै किसिमका तथ्याङ्क सङ्कलन कार्यको जिल्लाहरूमा अनुगमन, सुपरिवेक्षण तथा भेरिफिकेसनको कार्य सम्पन्न।
- छानिएका उद्योगहरूबाट नियमित रूपमा उत्पादन तथा मूल्यसम्बन्धी तथ्याङ्क सङ्कलन गरी सूचकाङ्कहरू निर्माण गरिएको।

### ३.२.३.१ प्रमुख नतिजा


आर्थिक वर्ष २०७१/७२ देखि २०८०/८१ सम्ममा औद्योगिक उत्पादन सूचकांक (Manufacturing Production Index -MPI) २२.६ प्रतिशतले वृद्धि भएको देखिन्छ। औद्योगिक उत्पादन सूचकांक (Manufacturing Production Price Index -MPPI) ४९.६ प्रतिशतले र निर्माण क्षेत्रको लागत मूल्य सूचकांक (Input Price Index of Construction Sector -IPICS) ५५ प्रतिशतले विस्तार भएको देखिन्छ (चित्र ३.५)। त्यसैगरी आर्थिक वर्ष २०६९/७० देखि २०८०/८१ सम्ममा कृषि उत्पादकको मूल्य सूचकांक (Agriculture Producer Price Index – APPI) ७८.६ प्रतिशतले विस्तार भएको देखिन्छ (चित्र ३.६)।

**चित्र ३.५ MPI, MPPI र IPICS को प्रवृति**




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

**चित्र नं. ३.६ APPI को प्रवृति**




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

### ३.२.४ राष्ट्रिय होटल तथा रेस्टुरेन्ट सर्वेक्षण, २०८० अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरुः

- निर्देशक समिति र प्राविधिक समितिको गठन र बैठक सञ्चालन गरिएको ,
- मस्यौदा प्रश्नावली सम्बन्धमा सात ओटै प्रदेशमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको,
- मस्यौदा प्रश्नावली तथा गणना निर्देशिकाको समबन्धमा राष्ट्रिय तथ्याङ्क कार्यालयका कर्मचारीसंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको,
- नमुना छनौटसम्बन्धी कार्यशाला गोष्ठी कार्यक्रम सञ्चालन गरिएको,
- प्रशिक्षक प्रशिक्षण तालिम, अधिकृतस्तरीय तालिम र सहायकस्तरीय तालिम सञ्चालन गरिएको, र
- **स्थलगत तथ्याङ्क सङ्कलन** राष्ट्रिय होटल तथा रेस्टुरेण्ट सर्वेक्षण ,२०८० को स्थलगत तथ्याङ्क सङ्कलन कार्य मिति २०८० चैत्र १ गते सञ्चालन भै जेष्ठको मसान्तमा सम्पन्न भएको।

### ३.२.५ व्यापार सर्वेक्षणसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरुः

- नेपाल व्यापार सर्वेक्षण, २०७८ को तथ्याङ्क विश्लेषण तथा नमुना तालिका सहितको विस्तृत नतिजा प्रतिवेदन तयार गरी सार्वजनीकरण गरिएको।

#### ३.२.५.१ व्यापार सर्वेक्षणसम्बन्धी मुख्य नतिजा

सर्वेक्षण अनसुार मुलुकभित्र रहेका थोक तथा खुद्रा व्यापार गर्ने जम्मा ४,९८,०५८ व्यापारिक प्रतिष्ठानहरू मध्ये करीब ६८ प्रतिशि कुनै न कुनै प्रकारको सरकारी निकायमा दर्ता भएका छन् भने करीब ३२ प्रतिशि प्रतिष्ठानहरु दर्ता नगरी सञ्चालन भईरहेका छन्। यस क्षेत्रमा जम्मा ११,३०,६४५ जना मानिसहरू सङ्लग्न (Person Engaged) छन्। जसमध्ये महिला ४,०३,९६४ जना (३६%) र पुरुष ७,२६,६८१ जना (६४%) रहेका छन्। यसलाई सय प्रतिष्ठानमा हेर्दा औसत १४६ जना पुरुष र ८१ जना महिला रोजगारीमा रहेको देखियो भने एक प्रतिष्ठानमा औसतमा २ जना कामदार कार्यरत रहेका पाइयो। यसै गरी यस क्षेत्रमा सङ्लग्न जम्मा कामदारहरू मध्ये तलब ज्याला र अन्य सुविधा पाउने कामदारहरूको सङ्ख्या २,१९,५५१ (१९.४२%) रहेको छ। जसमा महिला ४५००९ जना (३९.४०%) र पुरुष १,७४,५४२ जना (६०.६०%) रहेको देखियो। सर्वेक्षणको नतिजा अनुसार यस तलब ज्याला र अन्य सुविधा लिई काम गर्ने तलब ज्याला र अन्य सुविधा नलिई (परिवारका सदस्य) काममा सङ्लग्न रहेका व्यक्तिको सङ्ख्या बढी रहेको देखिएको छ। त्यस्तै तलबी कामदार भएका व्यापारिक तलब ज्याला र अन्य सुविधामा प्रति प्रतिष्ठान औसत र्वाषिक रु ६,०४,९१२ खर्च भएको देखिएको छ भने प्रति कामदार औसत वार्षिक रु २,०८,४९४ खर्च देखिन्छ।

**तालिका ३.२ व्यापार मार्जिन**

| मुख्य आर्थिक क्रियाकलाप (NSIC Division) | व्यापार मार्जिन (प्रतिशतमा) |
|---|---|
| मोटर व्यापार तथा मर्मत संभार | २४.०२ |
| थोक व्यापार | १३.०१ |
| खुद्रा व्यापार | १८.२८ |
| सबै प्रकार | १८.५३ |

### ३.२.६ दोस्रो राष्ट्रिय आर्थिक गणना २०८२ तयारीसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरूः

- दोस्रो राष्ट्रिय आर्थिक गणनाको लागि काठमाडौं उपत्यका र प्रमुख महानगरपालिका तथा उपमहानगरपालिकाहरु पोखरा, बिराटनगर, भरतपुर, बिरगंजको गणना क्षेत्र नक्साङ्कन कार्य सम्पन्न भएको,
- दोस्रो राष्ट्रिय आर्थिक गणना २०८२ को आयोजनाको मस्यौदा दस्तावेज तयार र

- दोस्रो राष्ट्रिय आर्थिक गणना २०८२ को जनशक्ति, योजना तथा लागत अनुमान (बजेट अनुमान) तयार।

### ३.२.७ आर्थिक क्षेत्रसँग सम्बन्धित साना नमुना सर्वेक्षणअन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलाप

कुनै खास आर्थिक क्षेत्रसँग सम्बन्धित आर्थिक क्रियाकलापहरूको अवस्था तथा त्यो आर्थिक क्षेत्रमा रोजगारीको अवस्थाको बारेमा जानकारी लिने र त्यस्ता खास आर्थिक क्षेत्रसँग सम्बन्धित व्यावसायिक प्रतिष्ठानहरूको कुल सङ्ख्या, कुल आर्थिक कारोबार, कुल गार्हस्थ्य उत्पादनमा योगदान, प्रति व्यावसायिक प्रतिष्ठानको औसत कुल उत्पादन तथा औसत कुल मूल्य अभिवृद्धिलगायतका आर्थिक सूचकहरू तयार गर्ने उद्देश्यले यसप्रकारका नमुना सर्वेक्षणहरू सञ्चालन गरिन्छ। विशेष आर्थिक क्षेत्रसँग सम्बन्धित साना नमुना सर्वेक्षणहरूसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरू यसप्रकार छन्।

- वन तथा माछापालक कृषकको तथ्याङ्क अद्यावधिक गर्न तयार गरिएको लगत फारामसम्बन्धी अधिकृतस्तरीय छलफल सम्पन्न गरिएको,
- वन तथ्याङ्क अद्यावधिक गर्ने फाराम तथा निर्देशिका तयारी छलफल सम्बन्धी गोष्ठी सम्पन्न गरिएको
- Agriculture Orientation Index -AOI का लागि तथ्याङ्क उपलब्धताको जानकारी लिने कार्यको लागि केन्द्रमा महालेखा नियन्त्रक कार्यालय तथा प्रदेशमा गण्डकी र बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयसँग आर्थिक तथ्याङ्क उपलब्धताको वारेमा आवश्यक छलफल गरिएको,
- AOI तयार गर्न जानकारीगत छलफल कार्यक्रम सम्पन्न गरिएको,
- Data Entry एप्लीकेसन तयार गर्ने सम्बन्धमा सम्बन्धीत विज्ञहरुसँग शाखामा छलफल गरिएको र आंशिक कार्य सम्पन्न गरिएको, र
- वन तथा माछापालक कृषकको तथ्याङ्क अद्यावधिक फाराम छपाई सम्पन्न गरिएको।

## ३.३ सामाजिक तथ्याङ्क विकास कार्यक्रम

सामाजिक पक्षसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, सार्वजनिक एवम् वितरणसम्मका कार्यहरू सामाजिक तथ्याङ्क विकास कार्यक्रमसँग सम्बन्धित हुन्छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट मुख्यतः राष्ट्रिय जनगणना, नेपाल जीवनस्तर सर्वेक्षण, श्रमशक्ति सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षणलगायत सर्वेक्षण सञ्चालन गरी सामाजिक क्षेत्रका आवश्यक तथ्याङ्क उत्पादन तथा वितरण गरिन्छ। यस कार्यालयबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरिएका प्रमुख सामाजिक तथ्याङ्क विकास कार्यक्रमहरू देहायबमोजिम रहेका छन्।

### ३.३.१ नेपाल जीवनस्तर सर्वेक्षण चौथोको आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलाप


आर्थिक वर्ष २०८०/८१ सम्ममा राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपाल जीवनस्तर सर्वेक्षण चौथोको स्थलगत तथ्याङ्क सङ्कलन, प्रशोधन, तालिकीकरण, विश्लेषण लगायत सम्पूर्ण कार्य सम्पन्न गरी नतिजा सार्वजनिक गरेको छ। यस सर्वेक्षणमा छनौट भएका गणना क्षेत्रहरूलाई तीनओटा मौसममा बाँडी वर्षभरि नै लगत सङ्कलन गरिएको थियो। यस सर्वेक्षणका लागि देशभरबाट ८०० गणना क्षेत्रहरू छनौट गरिएका थिए। प्रत्येक गणना क्षेत्रमा तथ्याङ्कीय विधिबाट १२ ओटा घरपरिवार छनौट गरी प्रत्यक्ष अन्तर्वार्तामार्फत विवरण सङ्कलन गरिएको थियो। मिति २०७९/०३/१७ देखि २०८०/०३/१० सम्म यस सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन गरिएको थियो।

यस सर्वेक्षणबाट सात प्रदेशका ग्रामीण र सहरी क्षेत्र तथा काठमाडौं उपत्यका सहरी क्षेत्र गरी जम्मा १५ ओटा विश्लेषण क्षेत्र (Analytical domain) को गरिबीका सूचकहरू प्राप्त भएका छन्। यो सर्वेक्षणमा छ ओटा प्रदेशमा ग्रामीण र सहरी क्षेत्र गरी दुई/दुई ओटा विश्लेषणात्मक क्षेत्रहरू रहेका छन्। तर, बागमती प्रदेशमा काठमाडौं उपत्यका सहरी क्षेत्र र बाँकी भूगोललाई अन्य प्रदेशमा जस्तै ग्रामीण र सहरी क्षेत्रमा विभाजन गरी तीनओटा विश्लेषणात्मक क्षेत्रहरू रहेका छन्।

### ३.३.२ प्रमुख नतिजा

यस सर्वेक्षणमा वार्षिक रूपमा घरपरिवारले गरेको खर्चलाई खाद्य उपभोग खर्च र गैरखाद्य उपभोग खर्चमा विभाजन गरी उपभोगमा आधारित गरिबीको मापन गरिएको छ। सन् २०११ को तुलनामा सन् २०२२ मा घरपरिवारले गरेको कुल खर्चमा गैरखाद्यको अनुपातमा उच्च वृद्धि भएको देखिन्छ (चित्र ७)।

**चित्र ७ खाद्य तथा गैरखाद्यहरूको प्रतिव्यक्ति उपभोग खर्चको अनुपात (प्रतिशतमा)**




**नोटः** यहाँ २०६६/६७ को उपभोग खर्चलाई २०७९/८० को मूल्यमा प्रस्तुत गरिएको छ।
*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

व्यक्तिको उमेर एवम् कार्य प्रकृति अनुसार व्यक्तिलाई दैनिक आवश्यक ऊर्जाको मात्रा फरक फरक हुन्छ। उमेर समूह अनुसार व्यक्तिलाई प्रतिदिन आवश्यक क्यालोरीसम्बन्धी विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.३ः प्रतिव्यक्ति प्रतिदिन क्यालोरी आवश्यकता र पारिवारिक संरचना, २०७९/८०**

| उमेर समूह | सिफारिस गरिएको क्यालोरी | घरपरिवार संख्या | कुल क्यालोरी |
|---|---|---|---|
| १ वर्षभन्दा मुनी | ५३३* | ०.०६४ | ३५ |
| १ – ३ वर्ष | १०६० | ०.२०७ | २१९ |
| ४ – ६ वर्ष | १३५० | ०.२३४ | ३१६ |
| ७ – ९ वर्ष | १६९० | ०.२३१ | ३९० |
| बालक १० – १२ वर्ष | २१९० | ०.१२० | २६३ |
| बालिका १० – १२ वर्ष | २०१० | ०.११८ | २३७ |
| किशोर १३ – १५ वर्ष | २७५० | ०.१२० | ३३० |
| किशोरी १३ – १५ वर्ष | २३३० | ०.११९ | २७७ |
| किशोर १६ – १७ वर्ष | ३०२० | ०.०७२ | २१७ |
| किशोरी १६ – १७ वर्ष | २४४० | ०.०८६ | २१० |
| पुरुष १८ वर्ष र माथि | २७३० | १.१६९ | ३१९१ |
| महिला १८ वर्ष र माथि | २२३० | १.४५९ | ३२५४ |
| औषत परिवार संख्या | | ३.९९९ | |
| प्रति घरपरिवार औसत क्यालोरी | | | ८९४१ |
| प्रति व्यक्ति प्रतिदिन क्यालोरी आश्यकता | | | २२३६ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

सङ्कलित तथ्याङ्कबाट घरपरिवारले वर्षभरीमा खाद्य र गैरखाद्य वस्तुहरूमा गरेको खर्च हिसाब गरी प्रतिव्यक्ति खाद्य र गैरखाद्य उपभोग खर्च निकालिन्छ। प्रति व्यक्ति प्रतिदिन क्यालोरी आश्यकता बराबरको क्यालोरी प्राप्त गर्न खाद्य उपभोगमा गरिएको खर्चलाई आधार मानेर खाद्य गरिबीको रेखा र गैरखाद्य गरिबीको रेखा निर्धारण गरिन्छ। गरिबीको रेखासम्बन्धी विवरण तालिका नं. ३.३, ३.४, ३.५ र ३.६ मा दिइएको छ।

**तालिका ३.४: खाद्य गरिबीको रेखा**

| | २०६६/६७ | २०७९/८० |
|---|---|---|
| न्युनतम आवश्यक क्यालोरी | २२२० | २२३६ |
| | दोस्रो र पाँचौ दशमक बीचको उपभोग खर्चलाई विश्लेषणात्मक क्षेत्रअनुसार समायोजन गरिएको प्रतिव्यक्ति उपभोग खर्च | दोस्रो र तेस्रो दशमक बीचको उपभोग खर्चलाई विश्लेषणात्मक क्षेत्रअनुसार समायोजन गरिएको प्रतिव्यक्ति उपभोग खर्च |
| खाद्य बास्केट (खाद्यवस्तु प्रकारको सङ्ख्या) | ४० | ३७ |
| खाद्य गरिबीको रेखा (२०८०को मुल्य रु. मा) | २६९३६ | ३५०२९ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

**तालिका ३.५: गैरखाद्य गरिबीको रेखा**

| | २०६६।६७ | २०७९।८० |
|---|---|---|
| गैरखाद्य गरिबीको रेखा (२०८०को मुल्य रु. मा) | १५९०९ | ३७८७९ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

**तालिका ३.६: गरिबीको रेखा (२०८०को मुल्य रु. मा)**

| | २०६६।६७ | २०७९।८० |
|---|---|---|
| नेपाल | ४२८४५ | ७२९०८ |
| खाद्य गरिबीको रेखा | २६९३६ | ३५०२९ |
| गैर खाद्य गरिबीको रेखा | १५९०९ | ३७८७९ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

### तालिका ३.७: प्रचलित मूल्यका आधारमा क्षेत्रअनुसारका गरिबीका रेखाहरू

| | गरिबीको रेखा (रु.) | | | क्षेत्रगत मुल्य सूचकांक | | |
|---|---|---|---|---|---|---|
| **विश्लेषणात्मक क्षेत्र** | **खाद्य** | **गैरखाद्य** | **जम्मा** | **खाद्य** | **गैरखाद्य** | **जम्मा** |
| कोशी शहरी क्षेत्र | ३४६१३ | ३९०१५ | ७३६२८ | ०.९९ | १.०३ | १.०१ |
| कोशी ग्रामीण क्षेत्र | ३२३१० | २३०४८ | ५५३५८ | ०.९८ | ०.६१ | ०.७६ |
| मधेश प्रदेश शहरी क्षेत्र | ३०४४० | २२८९४ | ५३३३५ | ०.८९ | ०.६० | ०.७३ |
| मधेश प्रदेश ग्रामीण क्षेत्र | २७५३५ | १९८०९ | ४७३४४ | ०.८५ | ०.५२ | ०.६५ |
| काठमाडौं उपत्यका शहरी क्षेत्र | ४२१६० | ८७७७४ | १२९९३४ | १.१२ | २.३२ | १.७८ |
| बागमती प्रदेश शहरी क्षेत्र (काठमाडौं उपत्यकाबाहेक) | ३९२४८ | ४३४१३ | ८२६६२ | १.०४ | १.१५ | १.१३ |
| बागमती प्रदेश ग्रामीण क्षेत्र | ३७०५२ | २७१२० | ६४१७२ | १.०५ | ०.७२ | ०.८८ |
| गण्डकी प्रदेश शहरी क्षेत्र | ४१९५४ | ५०१४० | ९२०९३ | १.०९ | १.३२ | १.२६ |
| गण्डकी प्रदेश ग्रामीण क्षेत्र | ४००२८ | २४९४८ | ६४९७६ | १.०७ | ०.६६ | ०.८९ |
| लुम्बिनी प्रदेश शहरी क्षेत्र | ३४४१९ | ४१०४९ | ७५४६८ | ०.९६ | १.०८ | १.०३ |
| लुम्बिनी प्रदेश ग्रामीण क्षेत्र | ३३४१५ | २७८८६ | ६१३०१ | ०.९३ | ०.७४ | ०.८४ |
| कर्णाली प्रदेश शहरी क्षेत्र | ३२५६२ | २९६३६ | ६२१९८ | १.०२ | ०.७८ | ०.८५ |
| कर्णाली प्रदेश ग्रामीण क्षेत्र | ३२७३९ | २२७६६ | ५५५०५ | १.१० | ०.६० | ०.७६ |
| सुदूरपश्चिम प्रदेश शहरी क्षेत्र | ३१०८८ | ३६८३६ | ६७९२४ | ०.९५ | ०.९७ | ०.९३ |
| सुदूरपश्चिम प्रदेश ग्रामीण क्षेत्र | ३०४०३ | २५७१४ | ५६११७ | १.०१ | ०.६८ | ०.७७ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

नेपाल जीवनस्तर सर्वेक्षण चौथो अनुसार कुल जनसङ्ख्यामा गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात जनाउने गरिबीको दर २०.२७ प्रतिशत रहेको देखिन्छ। अर्थात् नेपालमा आर्थिक वर्ष २०७९/८० को अवधिमा १०० जना नेपालीमा करिब २० जना गरिबीको रेखामुनि रहेका छन्। गरिबीको रेखामुनि रहेको जनसङ्ख्या औसतमा गरिबीको रेखाबाट कति टाढा रहेको

छ भन्ने सूचक गरिबीको विषमता पछिल्लो जीवनस्तर सर्वेक्षणको नतिजा अनुसार ४.५२ प्रतिशत रहेको छ। यसको अर्थ गरिबीको रेखा रू. ७२९०८ को ४.५२ प्रतिशतले हुन आउने रकम रू ३२९५.४ प्रत्येक गरिब व्यक्तिलाई थप उपभोग खर्च उपलब्ध गराउँदा गरिबीको रेखा पार गरी गैरगरिबी समूहमा समावेश हुन्छ। गरिबीको सूचकसम्बन्धी तथ्याङ्क तालिका नं. ३.७, ३.८ र ३.९ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.८ः गरिबीको दर, विषमता, गहनता, गरिबीको फैलावट तथा कुल जनसङ्ख्याको वितरण**

| | गरिबी रेखामुनीको जनसङ्ख्या | गरिबीको विषमता | गरिबीको गहनता | जिनी सूचकांक | गरिबीको फैलावट | कुल जनसङ्ख्याको वितरण |
|---|---|---|---|---|---|---|
| | Headcount rate | Poverty gap | Poverty gap squared | Gini Index | प्रतिशतमा | |
| नेपाल | २०.२७ | ४.५२ | १.४८ | ०.३० | | |
| शहरी क्षेत्र | १८.३४ | ४.०३ | १.२९ | ०.३०३ | ६२.८६ | ६९.४८ |
| ग्रामीण क्षेत्र | २४.६६ | ५.६४ | १.९१ | ०.२९ | ३७.१४ | ३०.५२ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

**तालिका ३.९ः प्रदेश अनुसारका गरिबीको स्थिति (प्रतिशतमा)**

| | गरिबी रेखामुनीको जनसङ्ख्या | गरिबीको विषमता | गरिबीको गहनता | गरिबीको फैलावट | कुल जनसङ्ख्याको वितरण |
|---|---|---|---|---|---|
| **प्रदेश** | Headcount rate | Poverty gap | Poverty gap squared | | |
| कोशी प्रदेश | १७.१९ | ३.८४ | १.२५ | १३.८ | १६.२६ |
| मधेश प्रदेश | २२.५३ | ४.६२ | १.३६ | २५.०८ | २२.५६ |
| बागमती प्रदेश | १२.५९ | २.६४ | ०.८९ | १२.६८ | २०.४२ |
| गण्डकी प्रदेश | ११.८८ | २.३३ | ०.७१ | ४.८८ | ८.३४ |
| लुम्बिनी प्रदेश | २४.३५ | ५.८ | १.९९ | २२.७६ | १८.९६ |

| | गरिबी रेखामुनीको जनसङ्ख्या | गरिबीको विषमता | गरिबीको गहनता | गरिबीको फैलावट | कुल जनसङ्ख्याको वितरण |
|---|---|---|---|---|---|
| **प्रदेश** | **Headcount rate** | **Poverty gap** | **Poverty gap squared** | | |
| कर्णाली प्रदेश | २६.६९ | ६.२५ | २.१६ | ६.७४ | ५.१२ |
| सुदूरपश्चिम प्रदेश | ३४.१६ | ८.४१ | २.८७ | १४.०२ | ८.३२ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

**तालिका ३.१०: विश्लेषणका क्षेत्र अनुसारका गरिबीको स्थिति (प्रतिशतमा)**

| | गरिबी रेखामुनीको जनसङ्ख्या | गरिबीको विषमता | गरिबीको गहनता | गरिबीको फैलावट | कुल जनसङ्ख्याको वितरण |
|---|---|---|---|---|---|
| **विश्लेषणका क्षेत्रहरू** | **Headcount rate** | **Poverty gap** | **Poverty gap squared** | | |
| कोशी प्रदेश ग्रामीण क्षेत्र | १५.९ | ३.३९ | १.०३ | ८.३८ | १०.६८ |
| कोशी प्रदेश शहरी क्षेत्र | १९.६७ | ४.७२ | १.६६ | ५.४२ | ५.६ |
| मधेश प्रदेश ग्रामीण क्षेत्र | २१.७१ | ४.३ | १.२१ | १८.०२ | १६.८४ |
| मधेश प्रदेश शहरी क्षेत्र | २४.९६ | ५.५४ | १.८ | ७.०६ | ५.७४ |
| बागमती प्रदेश ग्रामीण क्षेत्र | ७.३८ | १.१७ | ०.३ | ३.९२ | १०.७६ |
| बागमती प्रदेश शहरी क्षेत्र (काठमाडौं उपत्यकाबाहेक) | १४.१५ | २.९ | ०.९९ | ४.२६ | ६.१ |
| काठमाडौं उपत्यका शहरी क्षेत्र | २५.६१ | ६.६४ | २.४९ | ४.५२ | ३.५८ |
| गण्डकी प्रदेश ग्रामीण क्षेत्र | १२.६३ | २.६१ | ०.८५ | ३.५६ | ५.७ |
| गण्डकी प्रदेश शहरी क्षेत्र | १०.२७ | १.७२ | ०.४१ | १.३४ | २.६४ |
| लुम्बिनी प्रदेश ग्रामीण क्षेत्र | २४.०८ | ६.३१ | २.२७ | १३.३६ | ११.२४ |
| लुम्बिनी प्रदेश शहरी क्षेत्र | २४.७३ | ५.०६ | १.५७ | ९.४ | ७.७ |

| | गरिबी रेखामुनीको जनसङ्ख्या | गरिबीको विषमता | गरिबीको गहनता | गरिबीको फैलावट | कुल जनसङ्ख्याको वितरण |
|---|---|---|---|---|---|
| **विश्लेषणका क्षेत्रहरू** | **Headcount rate** | **Poverty gap** | **Poverty gap squared** | | |
| कर्णाली प्रदेश ग्रामीण क्षेत्र | २३.१६ | ४.९९ | १.६५ | ३.१६ | २.७८ |
| कर्णाली प्रदेश शहरी क्षेत्र | ३०.८६ | ७.७३ | २.७६ | ३.५८ | २.३६ |
| सुदूरपश्चिम प्रदेश ग्रामीण क्षेत्र | ३०.८६ | ७.६७ | २.५७ | ८.२ | ५.३८ |
| सुदूरपश्चिम प्रदेश शहरी क्षेत्र | ४०.२१ | ९.७७ | ३.४२ | ५.८२ | २.९४ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय*

### ३.३.३ नेपाल श्रमशक्ति सर्वेक्षण चौथो सम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलापहरू

- प्रश्नावली तयारीसम्बन्धी कार्य सम्पन्न गरिएको,
- नमूना छनौटको तयारी सम्बन्धी कार्य सम्पन्न गरिएको, र
- निर्देशक तथा प्राविधिक समितिको बैठक सञ्चालन गरिएको ।

### ३.३.४ लैङ्गिक तथा सामाजिक तथ्याङ्कसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलाप

- नेपाल श्रम आप्रवासी भर्ना लागत सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन तथा प्रशोधन कार्य सम्पन्न गरिएको,
- नेपाल बहुसूचक सर्वेक्षणको घरपरिवार लगत सूचिकरण कार्य सम्पन्न गरिएको,
- घरपरिवार लगत सूचिकरणबाट गणना नमुना क्षेत्र छनौट कार्य सम्पन्न गरिएको,
- नेपाल बहुसूचक सर्वेक्षणको मूल तथ्याङ्क सङ्कलनमा प्रयोग गरिने प्रश्नावलीहरु र गणना पुस्तिका तयार गरिएको, र
- निर्देशक तथा प्राविधिक समिति गठन गरी बैठकहरु सञ्चालन गरिएको।

### ३.३.५ राष्ट्रिय जनगणना २०७८ सम्बन्धी कार्यक्रम

राष्ट्रिय जनगणना २०७८ अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा मुख्य रूपमा थप नतिजा


विश्लेषणसम्बन्धी कार्य सम्पन्न भएको छ। जनगणना २०७८ का केही थप नतिजाहरू सार्वजनिक गरिएको थियो। राष्ट्रिय जनगणना २०७८ को नतिजा विश्लेषण गरी तयार तथा प्रकाशन गरिएका प्रमुख नतिजा प्रतिवेदन देहायबमोजिम रहेका छन्।

- राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त सूचकहरु समेटिएको जनसांख्यिक पुस्तक,
- जनसङ्ख्या साक्षरता नामक पुस्तक,
- प्रक्रियागत संस्मरण पुस्तक,
- राष्ट्रिय जनगणना २०७८ र सञ्चारमाध्यम पुस्तक,
- प्रदेशस्तरको जनसाङ्ख्यिक प्रतिवेदन,
- स्थानीय तहको जनसाङ्ख्यिक प्रतिवेदन,
- सहरी तथा ग्रामीण क्षेत्रको श्रेणीगत वर्गीकरणको प्रतिवेदन ,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी तथ्याङ्कीय प्रतिवेदन ,
- अपाङ्गतासम्बन्धी प्रतिवेदन,
- सामुदायिक प्रश्नावलीबाट प्राप्त नतिजाको प्रतिवेदन, र
- जनसङ्ख्या मासिक बुलेटिन।


## ३.५ जलवायु परिर्वतन सर्वेक्षण (दोस्रो) अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलाप

जलवायु परिवर्तनले विभिन्न क्षेत्रहरूमा पार्ने प्रभाव ,यससम्बन्धी अनुकूलनका उपायहरू र जोखिमको मूल्याङ्कन गरी जलावयु परिवर्तनसम्बन्धी ज्ञान, विविध सामाजिक-आर्थिक क्षेत्रमा पारेको नकारात्मक प्रभाव र असरलाई न्यूनीकरण गर्ने विभिन्न अनुकूलनका उपायहरूसँग सम्बन्धित सूचनाहरू सङ्कलन गर्नको लागि जलवायु परिवर्तन सर्वेक्षण सञ्चालन गरिएको हो। यो सर्वेक्षणको प्रमुख उद्देश्य जलवायु परिवर्तनले आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा पारेको असर तथा प्रभावको बारेमा जानकारी लिनु हो। आर्थिक वर्ष २०८०/८१ मा जलवायु परिवर्तन सर्वेक्षण २०२२ को नतिजा विश्लेषण सहितको प्रतिवेदन सार्वजनिक गरिएको थियो। जलवायु परिवर्तन सम्बन्धी ज्ञान, सचेतना, एवम् अनुभूत सम्बन्धित प्रमुख नतिजा तलको चित्रमा प्रस्तुत गरिएका छन्।

**चित्र ३.५.१ जलवायु परिवर्तन सम्बन्धी ज्ञान भएका घरपरिवार तथा जनसङ्ख्या (प्रतिशतमा)**




**चित्र ३.५.२ विगत २५ वर्षमा जलवायु परिवर्तन अनुभूत भएका घरपरिवार (प्रतिशतमा)**



तालिका ३.५.१ जलवायु परिवर्तन सम्बन्धमा सचेत घरपरिवार (प्रतिशतमा)

| क्षेत्र | प्रतिक्रिया | | |
|---|---|---|---|
| | सचेत | | जम्मा |
| | छौं | छैन | |
| शहरी क्षेत्र | ४२.८ | ५७.२ | १०० |
| ग्रामीण क्षेत्र | २६.३ | ७३.७ | १०० |
| हिमाल | २९.१ | ७०.९ | १०० |
| पहाड | ३७.४ | ६२.६ | १०० |
| तराईं | ३५.३ | ६४.७ | १०० |
| नेपाल | ३५.८ | ६४.२ | १०० |

## ३.६ वातावरण तथ्याङ्कसम्बन्धी आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न प्रमुख क्रियाकलाप

- Environment Statistics of Nepal 2024 को प्रतिवेदन सार्वजनिक गरिएको,
- Enhancing Disaster Related Statistics in Nepal को प्रतिवेदन सार्वजनिक गरीएको, र
- Ecosystem Accounting को Concept Paper तयार भएको।

## ३.४ योजना तथा जनशक्ति विकास कार्यक्रम

योजना तथा जनशक्ति विकास कार्यक्रम अन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालयको वार्षिक बजेट तथा कार्यक्रम, प्रगति विवरण, वार्षिक प्रतिवेदन तयार गर्ने कार्यहरु रहेका छन्। साथै, राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक आयोजना तथा क्षमता अभिवृद्धिसम्बन्धी तालिम सञ्चालन यसै कार्यक्रम अन्तर्गत रहेका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट गरिने तथ्याङ्कीय प्रकाशनहरूको कार्य पनि सम्पादन हुने गरेका छन्।

### ३.४.१ आर्थिक वर्ष २०८०/ ८१ मा सम्पादित कार्यक्रम तथा बजेट सम्बन्धी कार्यहरू

- आर्थिक वर्ष २०८१/८२ को कार्यालयको वार्षिक कार्यक्रम तथा बजेटको आवश्यक तयारी, संशोधन र रकमान्तरसम्बन्धी कार्य गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गरिएको,
- आर्थिक वर्ष २०८०/८१ को कार्यालयको वार्षिक बजेट तथा कार्यक्रमको प्रगति विवरण तयार गरी तालुक कार्यालयमा पेस गरिएको,

- तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रोको लागि सम्बन्धित निकायहरूबाट आवश्यक विवरण तथा राय सुझावलाई समावेश गरी मस्यौदा तयार गरिएको,
- रणनीतिको मस्यौदा नेपाल सरकारबाट स्वीकृतिको लागि राष्ट्रिय तथ्याङ्क परिषद्बाट पारित गराइएको,
- तथ्याङ्क प्रदायक र तथ्याङ्क प्रयोगकर्ताहरूलाई राष्ट्रिय तथ्याङ्क कार्यालयका उत्पादन र तिनीहरूको प्रयोगको बारेमा जानकारी गराउने कार्यक्रम सञ्चालन गरिएको,
- तथ्याङ्कीय पात्रो तयार तथा प्रकाशन गरिएको,
- आन्तरिक अनुगमन प्रणालीलाई व्यवस्थित तुल्याउने ढाँचा तयार गरी कार्यान्वयनमा ल्याइएको,
- तथ्याङ्क साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गरी तथ्याङ्क साक्षरता सम्बन्धी सन्दर्भ सामाग्री तयारी प्रारम्भिक कार्य गरिएको,
- राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धान सम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक दुई पटक सम्पन्न गरिएको,
- कार्यालयको विस्तृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भई जिल्लास्थित ३३ ओटा तथ्याङ्क कार्यालयहरू खारेज भई १८ ओटा तथ्याङ्क समन्वय कार्यालयहरू कायम गरिएको, र
- विविध कार्यक्रमहरू सहित तथ्याङ्क दिवस मनाइएको।

### ३.४.२ प्रकाशन, वितरण तथा अभिलेखीकरणसम्बन्धी प्रमुख कार्यक्रम

- Nepal Statistical Year Book 2023, Nepal in figures 2023 र नेपालको तथ्याङ्कीय झलक २०८१ प्रकाशन गरिएको,
- राष्ट्रिय तथ्याङ्क कार्यालयवाट प्रकाशित विभिन्न गणना, सर्वेक्षण नतिजाहरुको प्रतिवेदन तथा प्रकाशनहरुको वितरणको व्यवस्था गरिएको,
- कार्यालयको पुस्तकालय सञ्चालन गरिएको,
- कार्यालयबाट सञ्चालन भई प्रकाशन गरिएको विभिन्न गणना तथा सर्वेक्षणका नतिजाहरु प्रयोग अनुकूल छन् वा छैनन् भनी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको,
- कार्यालयले सञ्चालन गरेका विभिन्न गणना तथा सर्वेक्षणहरुको Micro Data Archiving का लागि Micro Data Catalog अद्यावधिक गरिएको,

- तथ्याङ्क गतिविधि, कृषि तथ्याङ्क बिशेषाङ्क लेख रचनाको संगालो प्रकाशन गरिएको,
- सेवाग्राहीले माग गरेका प्रकाशनहरुलाई Digitized गर्ने PDMS (Publication Distribution Management System) को २०८० असोज १ गतेदेखि कार्यालयबाट सचिवस्तरीय निर्णय गरी कार्य प्रारम्भ गरिएको।

## ३.८ तालिमसम्बन्धी कार्यहरु

नीति, योजना तथा निर्णय प्रक्रिया र विकास कार्यका हरेक चरणमा गुणस्तरीय तथ्याङ्कको निकै ठुलो भूमिका रहेको हुन्छ। गुणस्तरीय तथ्याङ्क उत्पादनका लागि तथ्याङ्क व्यवस्थापनमा संलग्न सबै जनशक्तिको तथ्याङ्कीय क्षमता (व्यावहारिक सिप र ज्ञान) अभिवृद्धि गर्नु अपरिहार्य हुन्छ। यिनै विषयलाई सम्बोधन गर्नका लागि तथ्याङ्क ऐन, २०७९ को दफा २४ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य अधिकारअन्तर्गत तथ्याङ्कीय क्षमता अभिवृद्धिसँग सम्बन्धित देहायका कार्यहरू उल्लेख गरिएको छः

- प्रचलित कानुनबमोजिम तथ्याङ्क सङ्कलनसम्बन्धी काम गर्ने निकायको तथ्याङ्कसम्बन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,
- तथ्याङ्कसम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षणसम्बन्धी काम गर्ने।

यिनै क्षेत्राधिकारभित्र रहेर राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क सङ्कलनसँग सम्बन्धित कार्यालय मातहतका कर्मचारीका अतिरिक्त अन्य विभिन्न निकायका कर्मचारीहरूलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्दै आइरहेको छ। तथ्याङ्कसम्बन्धी तालिम व्यवस्थापनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको तालिम शाखाले जिम्मेवारी वहन गरिरहेको छ भने कार्यालयका अन्य शाखाबाट पनि केही विशेष प्रकृतिका विषयगत तालिम सञ्चालन हुँदै आइरहेको छ। यसका अतिरिक्त संयुक्त राष्ट्रसङ्घ तथ्याङ्क विभाग, यु.एन.स्क्याप., सार्कट्याक, यु.एन.डी.पी., आइ.एम.एफ., ए.डी.बी., वर्ल्ड बैङ्क, डब्लु.टी.ओ. लगायतका अन्तर्राष्ट्रिय संस्था तथा जापान, कोरिया, चीन जस्ता देशहरूबाट पनि विभिन्न किसिमका तथ्याङ्कीय क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी नेपालबाट सम्बन्धित प्रतिनिधि कर्मचारीलाई सहभागी गराउँदै आएका छन्। यद्यपि यस प्रतिवेदनको दायराभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आर्थिक वर्ष २०८०/८१ सञ्चालित तालिम मात्र परेको हुनाले अन्य तालिमका बारेमा चर्चा गरिएको छैन।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गर्ने तालिम मुख्य रूपमा दुई प्रकारका हुने गर्दछन्। पहिलोमा तथ्याङ्कीय कार्यमा संलग्न जनशक्तिको तथ्याङ्कीय क्षमता अभिवृद्धि गर्ने तालिम रहेको छ भने दोस्रोमा तथ्याङ्क विश्लेषण उपयोगी हुने कम्प्युटरका विभिन्न सफ्टवेयरसम्बन्धी तालिम रहेको छ। तथ्याङ्कीय क्षमता अभिवृद्धिअन्तर्गत पनि आधिकारिक तथ्याङ्कसम्बन्धी अवधारणा

र सैद्धान्तिक पक्षमा क्षमता अभिवृद्धि र कुनै सर्वेक्षण वा गणना विशेष कार्यका लागि अभिमुखीकरण गरी दुई किसिमका तालिम सञ्चालन हुँदै आइरहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गर्ने तालिमका विषय र प्रकृति हेरी विभिन्न उद्देश्य राखिएका हुन्छन्। यद्यपि, समग्रमा राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गर्ने तालिमका देहायबमोजिम एक वा एकभन्दा बढी उद्देश्य हुने गर्दछन्।

**तथ्याङ्कीय तालिमका समग्र उद्देश्यः**

- गुणस्तरीय तथ्याङ्क उत्पादनमा सहजीकरण गर्नका लागि तथ्याङ्क संकलक तथा सुपरिवेक्षकको क्षमता अभिवृद्धि गर्ने,
- तथ्याङ्क विश्लेषण तथा व्यवस्थापन कार्यमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,
- सङ्घ, प्रदेश तथा स्थानीय तहका नीतिनिर्माताहरूलाई तथ्याङ्क व्यवस्थापनमा सहयोग पुर्याउने,
- सङ्घ, प्रदेश तथा स्थानीय तहका तथ्याङ्क व्यवस्थापन कार्यमा संलग्न कर्मचारीलाई तथ्याङ्कसम्बन्धी आधारभूत सिप तथा ज्ञान अभिवृद्धि गर्ने, र
- तथ्याङ्कीय साक्षरता अभिवृद्धि गर्ने।

आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन भई तयार गरिएका तालिमका प्रतिवेदनहरूको सार संक्षेपलाई तालिका ३.१० मा प्रस्तुत गरिएको छ ।

**तालिक ३.११: आर्थिक बर्ष २०८०/०८१ मा तालिम शाखावाट सञ्चालित कार्यक्रमहरु**

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालित मिति | स्थान |
|---|---|---|---|
| १ | आधिकारिक तथ्याङ्क सम्बन्धी अभिमुखिकरण तालिम | २०८०/०५/१० देखि ५/१२ | सिन्धुपाल्चोक |
| | | २०८०/०८/०४ देखि ८/१६ | रुपन्देही |
| २ | स्थानीय तहमा तथ्याङ्कको उपयोग सम्बन्धी तालिम | २०८०/०९/२७ देखि ९/२८ | डोटी |
| | | २०८०/११/२३ देखि ११/२४ | दार्चुला |
| ३ | R-STATA Software सम्बन्धी तालिम | २०८०/९/२२ देखि ९/२५ | रा.त.का. |
| | | २०८०/१२/६ देखि १२/१८ | चितवन |
| ४ | PYTHON Software सम्बन्धी तालिम | २०८०/०९/०५ देखि ०९/१७ | नवलपरासी |

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालित मिति | स्थान |
|---|---|---|---|
| ५ | विश्वविद्यालय तथा क्याम्पसहरुमा आधिकारिक तथ्याङ्क सम्बन्धी तालिम | २०८०/०८/०६ देखि ८/७ | पोखरा |
| ६ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथ्याङ्कीय नयाँ अवधारणा र प्रयोग सम्बन्धी अभिमुखिकरण | प्रत्येक महिना | रा.त.का. |
| ७ | प्रशासनिक क्षमता अभिवृद्धिसम्बन्धी तालिम | २०८०/०८/२६ देखि ८/२८ | पोखरा |
| | | २०८०/११/२९ देखि १२/०१ | बाँके |
| ८ | राष्ट्रिय लेखा सम्बन्धी सहायकस्तरीय तालिम | २०८०/१०/०२ देखि १०/०५ | रुपन्देही |
| ९ | Server Management Capacity तालिम | २०८०/०५/१५ देखि ५/१७ | सिन्धुली |
| १० | गणना क्षेत्र नक्साङ्कन सम्बन्धी सहायकस्तरीय तालिम | २०८०/०५/२५ देखि ५/२९ | रा.त.का. |
| ११ | स्याम्पल डिजाइन सम्बन्धी तालिम | २०८१/०३/०३ देखि ३/५ | इलाम |
| १२ | होटल तथा रेष्टुरेण्ट सम्बन्धी प्रशिक्षक/प्रशिक्षण तालिम | २०८०/१०/१२ देखि १०/१५ | रा.त.का. |
| १४ | होटल तथा रेष्टुरेण्ट सम्बन्धी अधिकृतस्तर तालिम | २०८०/१०/२३ देखि १०/२५ | धनुषा र रुपन्देही |
| १४ | होटल तथा रेष्टुरेण्ट सम्बन्धी गणकस्तरीय तालिम | २०८०/११/०९ देखि ११/१३ | रुपन्देही |
| | | २०८०/१२/०१ देखि १२/०५ | रा.त.का. |
| १५ | राष्ट्रिय लेखा सम्बन्धी अधिकृत/सहायकस्तरीय तालिम | २०८०/०६/१७ देखि ०६/१९ | मोरङ र रुपन्देही |

UNESCAP = The United Nations Economic and Social Commission for Asia and the Pacific, FCDO = The Foreign, Commonwealth & Development Office, TAF = The Asia Foundation, UNDP = United Nations Development Programme. ILO = International Labor Organization

## ३.९ राष्ट्रिय तथ्यगत विवरण

राष्ट्रिय तथ्यगत विवरण (National Data Profile - NDP) नेपालको भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य विविध पक्षहरूको चित्रण हुने गरी तथ्याङ्क तथा सूचनाहरू संग्रह एवम् प्रवाह गर्ने अनलाइनमा आधारित एउटा डाटा पोर्टल हो। यसमा सङ्घ, प्रदेश र स्थानीय तहका विभिन्न निकायबाट उत्पादित तथ्याङ्क रहन्छन्।

**बक्स नं. ३ आर्थिक वर्ष २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम बुँदा नं. २०**

"अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ ।त्यसको लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ ।"

### उद्देश्य

देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनासम्बन्धी विभिन्न सरकारी निकायहरूबाट उत्पादित केन्द्र, प्रदेश र स्थानीयस्तरका सूचना तथा तथ्याङ्कलाई सूचना प्रविधिको उपयोग गरी एकीकृत र वितरण गर्ने प्रयोजनका लागि अनलाइन पोर्टल तयार गर्नु राष्ट्रिय तथ्यगत विवरणको प्रमुख उद्देश्य हो। यसका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्।

- तथ्याङ्क व्यवस्थापनमा एकीकृत प्रणाली स्थापना गर्न सहयोग पुर्याउनु,
- आधिकारिक तथ्याङ्क प्रणालीको विकासमा सहयोग पुर्याउनु,
- सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय क्षमता अभिवृद्धि गर्नु,
- उपलब्ध तथ्याङ्कको अधिकतम उपयोग गर्नु,
- विभिन्न निकायबाट सञ्चालित तथ्याङ्कीय क्रियाकलापमा दोहोरोपना हटाउँदै उत्पादित तथ्याङ्कमा एकरूपता कायम गर्नु,
- आवश्यक तथ्याङ्कीय समन्वय कायम गर्नु, र
- सहज रूपमा तथ्याङ्कीय वितरण प्रणाली कायम गर्नु।

तत्कालीन केन्द्रीय तथ्याङ्क विभागका उपमहानिर्देशकको संयोजकत्वमा गठित राष्ट्रिय तथ्यगत विवरण प्राविधिक समिति र राष्ट्रिय तथ्याङ्क परिषद्बाट अनुमोदन गरी नेपालको भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य विविध पक्षसम्बद्ध करिब ४०० र पछि परिमार्जन गरी ६१८ ओटा सूचकहरू राष्ट्रिय तथ्यगत विवरणमा समावेश गरिएको छ (तालिका ३.११)।

**तालिका ३.१२ः राष्ट्रिय तथ्यगत विवरणमा समेटिएका क्षेत्रगत संख्यात्मक विवरण**

| विषय | क्षेत्र | तथ्याङ्कको प्रकार | सूचक |
|---|---|---|---|
| भूगोल र प्रकृति | २ | ७ | ३४ |
| साधनस्रोत | ६ | ५८ | ८६ |
| क्षमता | १५ | ८४ | २२९ |
| विकास सम्भावना | १ | | |
| दिगो विकास | १६ | १८ | २३१ |
| अन्य | ८ | २० | ३८ |
| जम्मा | ४८ | १८७ | ६१८ |

### (ख) राष्ट्रिय तथ्यगत विवरणको वेबपोर्टल

विभिन्न तहका सरकारी निकायले तथ्याङ्क प्रविष्टि गर्न तथा तथ्याङ्क प्रयोगकर्ताले तथ्याङ्क प्राप्त गर्नका लागि देहायबमोजिमका वेब पोर्टल निर्माण गरी सञ्चालनमा रहेको छ।

- प्रयोगकर्ताका लागिः www.nationaldata.gov.np
- तथ्याङ्क उत्पादकका लागिः www.admin.nationaldata.gov.np

### आर्थिक वर्ष २०८०/८१ सम्ममा सम्पादन गरिएका राष्ट्रिय तथ्यगत विवरणसम्बन्धी कार्य

तालिका ३.११ मा उल्लेखित अधिकांश सूचकहरू राष्ट्रिय तथ्याङ्क कार्यालय तथा विभिन्न केन्द्रीय निकायबाट प्रविष्टि गरिएका छन्। प्रादेशिक तहबाट र स्थानीय तहबाट पनि तथ्याङ्क प्रविष्टि गर्ने कार्य भइरहेको छ। आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय तथ्यगत विवरणसम्बन्धी सम्पादन गरिएका प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्।

- राष्ट्रिय तथ्यगत विवरण कार्यक्रमको अद्यावधिक कार्य सम्पन्न गरिएको,
- NDP मा हालसम्म करिब ४३३ स्थानीय तहहरुले तथ्याङ्क प्रविष्टि कार्यको सुरुवात गरेको अवस्था, र
- NDP मा राष्ट्रिय जनगणना, २०७८ तथा कृषि गणना, २०७८ का प्रमुख तथ्याङ्कहरु प्रविष्टि गरिएको।

## ३.१० स्तर निर्धारणसम्बन्धी कार्यहरु

स्तर निर्धारण वा मानकले तथ्याङ्क सङ्कलन गर्ने तथ्याङ्कीय, पद्धतिगत अवधारणा र परिभाषाको एकीकृत रूपलाई जनाउँछ। तथ्याङ्कीय मानकले डाटाको परिभाषा, अवधारणा, तथ्याङ्कीय एकाइ, वर्गीकरण, कोडिङ प्रक्रिया, विश्लेषण प्रक्रिया र प्रश्नावली निर्माणमा स्तरीयता सुनिश्चित गर्छ। पद्धतिगत मानकमा सर्वेक्षण नमुना डिजाइन, विधिको अवधारणा, डाटा सङ्कलन विधि, डाटा प्रशोधन, डाटा प्रमाणीकरण र प्रसार पर्छन्।

राष्ट्रिय तथ्याङ्क कार्यालयले आफ्नो कामको सिलसिलामा प्रयोग गरिरहेको केही अन्तर्राष्ट्रिय तथा नेपालस्तरीय वर्गीकरणको सूची निम्नानुसार रहेको छ।

- नेपाल स्तरीय औद्योगिक वर्गीकरण
- अन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरण
- उद्देश्यअनुसार व्यक्तिगत उपभोगको वर्गीकरण
- तथ्याङ्कीय गतिविधिको वर्गीकरण
- सरकारका कार्यको वर्गीकरण
- घरपरिवारलाई सेवा दिने गैरनाफामूलक संस्थाको उद्देश्यको वर्गीकरण
- केन्द्रीय उत्पादन वर्गीकरण

**आर्थिक वर्ष २०८०/८१ सम्पन्न भएका समन्वय, सर्वेक्षण अनुमति प्रणाली तथा स्तर निर्धारणसम्बन्धी कार्य**

- राष्ट्रिय तथ्याङ्क एकीकृत अभिलेख प्रणाली प्रतिवेदन तयारी समितिको बैठकहरु सञ्चालन गर्न आवश्यक समन्वय गर्ने कार्य गरिएको,
- तथ्याङ्क कार्यालयका (केन्द्र तथा जिल्ला) अधिकृतस्तरका कर्मचारीहरुलाई घरपरिवार सर्वेक्षण र प्रतिष्ठान सर्वेक्षणका लागि Sample Design विधि अभिमुखीकरण कार्य सम्पन्न गरिएको,
- तथ्याङ्कीय सर्वेक्षण सञ्चालन गर्ने सरकारी तथा गैरसरकारी निकायहरूसँग सर्वेक्षण अनुमति प्रणालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको, र
- सर्वेक्षण अनुमति प्रणालीसम्बन्धी निर्देशिका परिमार्जन गरिएको।

## ३.११ कर्मचारी प्रशासन सम्बन्धी कार्य

राष्ट्रिय तथ्याङ्क कार्यालयको कर्मचारी प्रशासनसम्बन्धी कार्यहरू कार्यालयको प्रशासन शाखाबाट हुने गरेको छ। यसै शाखाबाट कर्मचारीको नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, काज,

कार्यसम्पादन मूल्याङ्कन, वैदेशिक मनोनयन, सजाय, अवकाश, कर्मचारी बैठक व्यवस्थापनलगायतका कर्मचारी प्रशासनसँग सम्बन्धित कार्यहरू नियमित रूपमा सञ्चालन हुँदै आएको छ। कार्यालयको सुरक्षा, सरसफाइ, बगैंचा व्यवस्थापन, मर्मतसम्भार, सवारी साधनको व्यवस्थापन आदि आन्तरिक प्रशासनसँग सम्बन्धित कार्यहरू र सार्वजनिक खरिदका कार्यहरू पनि यसै शाखाबाट सम्पादन हुने गर्दछ। कार्यालयबाट हुने ठुला प्रकृतिका गणना तथा सर्वेक्षणहरूका लागि आवश्यक जनशक्ति करारमा लिने कार्यसमेत प्रशासन शाखाबाटै सम्पादन हुने गर्छ।

यस कार्यालय अन्तर्गत रहेका तत्कालीन ३३ ओटा (हाल १८ ओटा) तथ्याङ्क कार्यालयहरूलाई कर्मचारी प्रशासनसम्बन्धी कार्यहरूमा आवश्यक निर्देशन, सहजीकरण तथा समन्वय गर्ने कार्य प्रशासन शाखाले गर्दै आएको छ। ती कार्यालयमा रहेका कर्मचारीहरूको प्रशासनिक क्षमता अभिवृद्धि गर्नका लागि प्रशासन शाखाले आवश्यकताअनुसार प्रशासनिक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने गरेको छ। आर्थिक वर्ष २०८०/८१ मा सिन्धुलीको खुरकोट र बाँकेको नेपालगञ्ज गरी दुईपटक यस्तो कार्यक्रम गरिएको थियो।

## ३.१२ आर्थिक प्रशासनसम्बन्धी कार्यहरु

राष्ट्रिय तथ्याङ्क कार्यालयका कर्मचारीहरूको तलब, भत्तालगायत कार्यालयबाट सम्पादन हुने कार्यक्रम सञ्चालानार्थ सिर्जना हुने आर्थिक व्ययभारको भुक्तानी गर्ने कार्य आर्थिक प्रशासन अन्तर्गत पर्दछ। प्रचलित कानुन, मापदण्ड, निर्देशिकाको परिधिभित्र रहेर तलबी प्रतिवेदन पारित गराउने, भौचर उठाउने, निकासा प्राप्त गर्ने, खर्चको फाँटबारी राख्ने, आर्थिक विवरण तयार गर्नेजस्ता नियमित कार्यहरू कार्यालयको आर्थिक प्रशासन शाखाबाट सम्पादन हुँदै आइरहेको छ। त्यसैगरी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजुसम्बन्धी प्रारम्भिक प्रतिवेदनमाथि प्रतिक्रिया दिने, नियमानुसार सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा लेखी पठाउनेजस्ता कार्यहरू यस शाखाबाट नियमित रूपमा सम्पादन भइरहेको छ। कार्यालयको तर्फबाट भएको सरकारी आम्दानी सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्ने, आम्दानी बाँध्ने र प्रतिवेदन तयार गर्ने कार्य पनि यही शाखाले गर्दछ। आर्थिक प्रशासन शाखाले सार्वजनिक खरिद अन्तर्गत प्राप्त धरौटी व्यवस्थापन गर्दछ।

### आर्थिक वर्ष २०८०/८१ मा बेरूजु सम्परीक्षणसम्बन्धी सम्पादित कार्य

- आर्थिक वर्ष २०८०/८१ सम्मको कुल बेरूजु रकम रू. ४,२९,०१,०००।- (पेश्की रू. १३,३१,०००।-, नियमित रू. ३,९५,७५,०००।- र असूल रु. १९,९५,०००।-) मध्ये रु. ३,६१,४८,०००।- रकमको सम्परीक्षणका लागि आवश्यक प्रमाणसहित कागजात तयार गरिएकोमा महालेखापरीक्षकको कार्यालयबाट

हाल सम्परीक्षण कार्य स्थगित रहेको मौखिक जानकारी प्राप्त भएकोले महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणका लागि पेस गर्न नसकिएको।

- आर्थिक वर्ष २०७९/८० मा कायम भएको रू. २६,०५,४०७।- सम्पूर्ण बेरूजु रकम प्रारम्भिक प्रतिक्रियाबाट सम्परीक्षण भई फर्छ्यौट भएको ।

**तालिका ३.१३ः आर्थिक वर्ष २०८०/८१ मा दाखिला गरिएको राजस्व रकम**

| क्र. स. | राजस्व शीर्षक | संकलित राजस्व रु. |
|---|---|---|
| १ | १४२१२-सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | १,७०२,५६५।४२ |
| २ | १४२१३-अन्य बिक्रीबाट प्राप्त रकम | ४,३९,७४०।०० |
| ३ | १४२२४-परीक्षा शुल्क | १,१७,६००।०० |
| ४ | १४२२९-अन्य प्रशासनिक शुल्क | १८,०००।०० |
| ५ | १४५२९-अन्य राजस्व | २४,०००।०० |
| ६ | १५१११-बेरूजु | ९३,२८२।०० |
| **जम्मा राजस्व रकम** | | २,३९५,१८७।४२ |

# परिच्छेद: ४
# विविध

## ४.१ जिल्लास्थित तथ्याङ्क कार्यालयहरू

तत्कालीन केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत वि. स. २०५० मा ३३ शाखा तथ्याङ्क कार्यालयहरू (वि. सं. २०७० सालमा ३३ तथ्याङ्क कार्यालय) को स्थापना भई तोकिएका कार्यक्षेत्र भित्र निर्दिष्ट तथ्याङ्कीय कार्यक्रम एवम् गतिविधिहरू सम्पादन गर्दै आएका छन्।

**जिल्लास्थित तथ्याङ्क कार्यालयहरूबाट सम्पादन हुने कार्यहरू**

- केन्द्रीय कार्यालयले सञ्चालन गर्ने गणना ,सर्वेक्षण कार्यहरूको आफ्नो क्षेत्रमा कार्यान्वयन, व्यवस्थापन ,सुपरिवेक्षण र अनुगमन गर्ने।
- केन्द्रीय कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन गर्ने।
- राष्ट्रिय तथ्याङ्क कार्यालयले गर्ने तथ्याङ्कीय कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग गर्ने।
- केन्द्रीय कार्यालयले जिल्लाबाट संकलन गर्न निर्देश गरिएका विविध क्षेत्रका द्वितीय तथ्याङ्क संकलन गर्ने।
- जिल्लाको तथ्याङ्क प्रोफाइल तथा जिल्ला वस्तुगत विवरण तयार गर्ने।
- जिल्लाको विकासको निमित्त आवश्यक तथ्याङ्क उपलब्ध भए नभएको मूल्यांकन गर्ने।
- जिल्लास्तरीय तथ्याङ्क विकास कार्यक्रम वनाई केन्द्रमा पठाउने।
- जिल्लास्तरीय तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने।
- गणना क्षेत्र नक्शाङ्कन कार्यमा सहयोग गर्ने।
- जिल्लास्तरिय तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने।
- नियमित रुपमा गर्नुपर्ने र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट निर्दिष्ट भैआएका तथ्याङ्क संकलन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।
- स्थानीयस्तरमा तथ्याङ्कको पैरवी, तथ्याङ्कीय साक्षरता, सरकारी कार्यालय तथा अन्य प्रयोगकर्ताहरूबाट माग भएका बखत तथ्याङ्कीय सेवा उपलब्ध गराउने।

**आर्थिक वर्ष २०८०/ ८१ मा जिल्लास्थित तथ्याङ्क कार्यालयहरूले सम्पादन गरेका कार्यहरू**

- नेपाल सरकारको नीति तथा कार्यक्रममा तय गरिएको राष्ट्रिय तथ्यगत विवरण सुदृढीकरणका लागि सचेतना, आवश्यक क्षमता विकास, तथ्याङ्क सङ्कलन, सङ्ग्रह र प्रविष्टि साथै सोको नियमित अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्य सम्पादन गर्दै

आएको छ। राष्ट्रिय तथ्यगत विवरणको सुदृढीकरण गर्ने सन्दर्भमा जिल्लास्थित तथ्याङ्क कार्यालयहरूले स्थानीय तहहरू मार्फत समन्वायात्मक ढङ्गबाट यससम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छन्।

- राष्ट्रिय आर्थिक गणना दोस्रोको प्रश्नावली पूर्वपरिक्षण कार्यमा सहयोग।
- राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन कार्यको लागि तथ्याङ्क सङ्कलन तथा प्रविष्टि।
- राष्ट्रिय होटल तथा रेष्टुरेण्ट सर्वेक्षणका लागि तथ्याङ्क सङ्कलन तथा प्रविष्टि।
- मत्स्यपालकको सूचीकरण तथा प्रविष्टि।
- केन्द्रीय कार्यालयको त्रैमासिक र वार्षिक रूपमा तयार गर्ने राष्ट्रिय लेखा अनुमान र मूल्य सूचकाङ्कको लागि आवश्यक तथ्याङ्क सङ्कलन तथा प्रविष्टि।
- केन्द्रीय कार्यालयको त्रैमासिक र वार्षिक रूपमा तयार गर्ने मूल्य सूचकाङ्कको लागि आवश्यक तथ्याङ्क सङ्कलन तथा प्रविष्टि।
- प्रयोगकर्ताहरूलाई माग बमोजिमको उपलब्ध तथ्याङ्कीय नतिजाहरू उपलब्ध।
- जिल्लास्थित तथ्याङ्कीय क्रियाकलापहरूमा समन्वयात्मक तथा प्राविधिक भूमिका निर्वाह।
- जिल्ला वस्तुगत विवरण तयारी तथा प्रकाशन।
- गणना क्षेत्र नक्साङ्कनको भौगोलिक तथ्याङ्क सङ्कलन तथा डिजिटाइजेशन।
- केन्द्रको वार्षिक कार्यक्रम अन्तर्गत सातओटा जिल्लास्थित तथ्याङ्क कार्यालयहरूको वेवसाइट निर्माणमा सहभागिता।
- केन्द्र तथा जिल्लाबाट प्रकाशित तथ्याङ्कीय प्रकाशनहरूको वितरण।
- केन्द्रबाट आयोजना गरिएका कार्यशाला, गोष्ठी तथा तालिम कार्यक्रमहरूको व्यवस्थापन, समन्वय तथा सहजिकरण।
- जिल्लास्थित सरकारी कार्यालयहरू तथा अन्य प्रयोगकर्ताहरूबाट माग भएका तथ्याङ्कीय सेवा प्रवाह गर्ने।
- कार्यालयको नियमित दैनिक आर्थिक, प्रशासनिक तथा प्राविधिक कार्य।

आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट वक्तव्यवाट ३३ तथ्याङ्क कार्यालयहरूको पूर्नसंरचना गर्ने घोषणा भएपश्चात यी कार्यालयहरूले राष्ट्रिय तथ्याङ्क कार्यालयका स्विकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गरेका थिए। वि. सं. २०८० पौष १२ देखि साबिक ३३ तथ्याङ्क कार्यालयहरू १८ ओटा तथ्याङ्क समन्वय कार्यालयमा रुपान्तरण गरिएका छन् र सबै तथ्याङ्क समन्वय कार्यालय राजपत्राङ्कित द्वितीय श्रेणीका कार्यालय प्रमुख (तथ्याङ्क समन्वय अधिकारी) को नेतृत्वमा क्रियाशिल रहेका छन्। तालिका नं. ९ मा ३३ तथ्याङ्क कार्यालयहरूको लागि आर्थिक वर्ष २०८०/८१ मा विनियोजित चालु तथा पुँजीगत बजेट र खर्चलाई प्रस्तुत गरिएको छ।

## तालिका ९. तथ्याङ्क कार्यालयहरूको लागि आर्थिक वर्ष २०८०/८१ मा विनियोजित चालु तथा पुँजीगत बजेट र खर्चको विवरण

(रु लाखमा)

| क्र.सं. | जिल्ला तथ्याङ्क कार्यालयहरु | | विनियोजित रकम | | | खर्च रकम | | | वित्तीय प्रगति प्रतिशत | | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुँजी | चालु | जम्मा | पुँजी | चालु | जम्मा | पुंजी | चालु | | |
| १ | पाँचथर | ताप्लेजुङ, पाँचथर, इलाम | ०० | १०९.८ | १०९.८ | ०० | ५३.५३ | ५३.५३ | ०.०० | ५६.३४ | ५६.३४ | ९८.०० |
| २ | मोरङ | मोरङ, झापा | ०० | १३८.५३ | १३८.५३ | ०० | १३५.५५ | १३५.५५ | ०.०० | ९७.८० | ९७.८० | १००.०० |
| ३ | सुनसरी | सुनसरी, सप्तरी | ०० | १०९.२ | १०९.२ | ०० | ७९.५६ | ७९.५६ | ० | ७२.८५ | ७२.८५ | ८६.५६ |
| ४ | धनकुटा | धनकुटा, तेह्रथुम | ०० | ९७.७९ | ९७.७९ | ०० | ७०.७९ | ७०.७९ | ०० | ७२.३९ | ७२.३९ | ८८.८७ |
| ५ | भोजपुर | भोजपुर, संखुवासभा | ०० | ९६.७५ | ९६.७५ | ०० | ६४.८६ | ६४.८६ | ०० | ६७.०४ | ६७.०४ | ९९.५२ |
| ६ | ओखलढुंगा | ओखलढुंगा, सोलुखुम्बु | ०० | ७९.०२ | ७९.०२ | ०० | ४१.५५ | ४१.५५ | ०० | ५२.४५ | ७८.७० | ९०.०० |
| ७ | उदयपुर | उदयपुर, खोटाङ | ०० | ९५.२ | ९५.२ | ०० | ७९.४ | ७९.४ | ०० | ८३.३९ | ८३.३९ | १०० |
| ८ | धनुषा | धनुषा, सिराहा | ०० | ११८.८४ | ११८.८४ | ०० | ७९.२३ | ७९.२३ | ०० | ६६.६७ | ६६.६७ | ७६.८ |
| ९ | महोत्तरी | महोत्तरी, सर्लाही | ०० | ९५.२ | ९५.२ | ०० | ७९.३५ | ७९.३५ | ०० | ८३.३५ | ८३.३५ | ७९.२५ |
| १० | सिन्धुली | सिन्धुली, रामेछाप | ०० | ९१.३७ | ९१.३७ | ०० | ७०.५५ | ७०.५५ | ०० | ७७.२२ | ७७.२२ | ८४.३ |
| ११ | काभ्रे | काभ्रे, दोलखा, सिन्धुपाल्चोक | ०० | ११२.०६ | ११२.०६ | ०० | ७५.३५ | ७५.३५ | ०० | ७६.०४ | ६७.२५ | ७४.३७ |
| १२ | काठमाडौं | काठमाडौं, ललितपुर, भक्तपुर | ०० | १४५.४ | १४५.४ | ०० | ८९.७६ | ८९.७३ | ०० | ७३.३८ | ७३.३८ | ८९.७५ |
| १३ | नुवाकोट | नुवाकोट, रसुवा | ०० | ८२.५४ | ८२.५४ | ०० | ५९.९३ | ५९.९३ | ०० | ७२.६१ | ७२.६१ | ८१.७५ |
| १४ | मकबानपुर | मकबानपुर, धादिङ | ०० | ९१.२ | ९१.२ | ०० | ६२.८ | ६२.८ | ०० | ६८.८६ | ६८.८६ | १०० |
| १५ | पर्सा | पर्सा, बारा, रौतहट | ०० | १३८.३३ | १३८.३३ | ०० | १०३.९ | १०३.९ | ०० | ७५.०० | ७५.०० | ८६.६ |
| १६ | चितवन | चितवन, नबलपरासी | ०० | १०७.२ | १०७.२ | ०० | ८०.६ | ८०.६ | ०० | ७५.६ | ७५.६ | ८३.७२ |
| १७ | गोरखा | गोरखा, लमजुङ, मनाङ्ग | ०० | ९६.५६ | ९६.५६ | ०० | ५५.७६ | ५५.७६ | | ५७.७५ | ५७.७५ | ९७.२ |

(रु लाखमा)

| क्र.सं. | जिल्ला तथ्याङ्क कार्यालयहरु | | विनियोजित रकम | | | खर्च रकम | | | वित्तीय प्रगति प्रतिशत | | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुंजी | चालु | जम्मा | पुंजी | चालु | जम्मा | पुंजी | चालु | | |
| १८ | स्याङ्जा | स्याङजा, पर्बत | ०० | ९०.५३ | ९०.५३ | ०० | ६०.२७ | ६०.२७ | ०० | ६६.५७ | ६६.५७ | ७५.६८ |
| १९ | कास्की | कास्की, तनँहु | ०० | ७६.८० | ७६.८० | ०० | ७६.१७ | ७६.१७ | ०० | ९९.१७ | ९९.१७ | १०० |
| २० | बाग्लुङ | बाग्लुङ, म्याग्दी, मुस्ताङ | ०० | ११३.०९ | ११३.०९ | ०० | ६३.७२ | ६३.७२ | ०० | ५६.३४ | ५६.३४ | ९८.०० |
| २१ | पाल्पा | पाल्पा, गुल्मी | ०० | ९६.९६ | ९६.९६ | ०० | ६१.९१ | ६१.९१ | ०० | ६३.८५ | ६३.८५ | ७८.९४ |
| २२ | कपिलबस्तु | कपिलबस्तु, अर्घाखाँची, रूपन्देही | ०० | ११३.६४ | ११३.६४ | ०० | ६९.३२ | ६९.३२ | ०.०० | ६१.०० | ६१.०० | ९८.८४ |
| २३ | प्युठान | प्युठान, रोल्पा | ०० | ७४.१३ | ७४.१३ | ०० | ६०.४१ | ६०.४१ | ०० | ७९.३५ | ७९.३५ | १०० |
| २४ | रुकुम | जाजरकोट, रुकुम | ०० | ७१.९५ | ७१.९५ | ०० | ४९.७३ | ४९.७३ | ०० | ६९.१२ | ६९.१२ | ९९ |
| २५ | दाङ | दाङ, सल्यान | ०० | १०६.२० | १०६.२० | ०० | ७३.७७ | ७३.७७ | ०० | ६९.४६ | ६९.४६ | १०० |
| २६ | बांके | बाँके, बर्दिया | ०० | ११५.३ | ११५.३ | ०० | १०६.३ | १०६.३ | ०.०० | ९२.२ | ९२.२ | ९३.६८ |
| २७ | सुर्खेत | सुर्खेत, दैलेख, कालीकोट | ०० | ७१.९६ | ७१.९६ | ०० | ५१.०६ | ५१.०६ | ०० | ७०.९६ | ७०.९६ | १०० |
| २८ | जुम्ला | जुम्ला, मुगु, डोल्पा | ०० | १०२.२२ | १०२.२२ | ०० | ५१.६१ | ५१.६१ | ०० | ५१.४७ | ५१.४७ | १०० |
| २९ | बाजुरा | बाजुरा, हुम्ला | ०० | ७९.२३ | ७९.२३ | ०० | ४९.२८ | ४९.२८ | ०० | ६२.२ | ६२.२ | ९२.२३ |
| ३० | डोटी | डोटी, अछाम | ०० | ९०.५२ | ९०.५२ | ०० | ६२.१४ | ६२.१४ | ०० | ६८.६५ | ८८.३३ | ९९ |
| ३१ | कंचनपुर | कंचनपुर, कैलाली | ०० | १२३.४१ | १२३.४१ | ०० | ९५.१ | ९५.१ | ०.०० | ७७.०० | ७७.०० | ९९.०० |
| ३२ | डडेलधुरा | डडेलधुरा, बभाङ | ०० | ७३.७७ | ७३.७७ | ०० | ५१.९७ | ५१.९७ | ०० | ७०.४५ | ७०.४५ | १०० |
| ३३ | दार्चुला | दार्चुला, बैतडी | ०० | ७१.६१ | ७१.६१ | ०० | ५८.६६ | ५८.६६ | ०० | ८१.९ | ८१.९ | ९७.२ |
| | **जम्मा** | | **००** | **३२७६.३** | **३२७६.३१** | **०** | **२३२३.८९** | **२३२३.९** | **०** | **७०.९३** | **७०.९३** | **९२.०८** |

## ४.२ तथ्याङ्क प्रयोगकर्ताहरूसँगको अन्तरक्रिया

राष्ट्रिय तथ्याङ्क प्रणालीमा तथ्याङ्क उत्पादन तथा उपयोग गर्ने सन्दर्भमा प्रयोगकर्ताहरूको अहम् भूमिका रहन्छ। योजना तर्जुमा, नीति निर्माण र निर्णय प्रक्रियामा उत्पादित तथ्याङ्कको उच्चतम उपयोग हुने अवस्था सिर्जना गर्नका लागि तथ्याङ्क उत्पादनका विविध चरणमा प्रयोगकर्ताहरूसँगको अन्तरक्रिया आवश्यक हुन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले विगतदेखि गणना तथा सर्वेक्षण र राष्ट्रिय लेखा अनुमान जस्ता तथ्याङ्कीय क्रियाकलापको पूर्वतयारी तथा कार्यान्वयन चरणमा जस्तै मूलतः निर्देशक समिति, प्राविधिक समिति, विषयगत उपसमितिहरू, गणना तथा सञ्चालन समन्वय समितिको गठन र बैठक सञ्चालन मार्फत तथ्याङ्कका प्रयोगकर्ताहरूको सहभागितलाई महत्व दिंदै आएको छ। यस्तै विभिन्न तथ्याङ्क क्रियाकलापहरूमा तथ्याङ्कीय आवश्यकता पहिचान गर्न पनि प्रयोगकर्ताहरूसँग अन्तरक्रिया गर्ने गरिएको छ। यसै प्रसङ्गमा आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रदेशस्तरका प्रयोगकर्ताहरूवाट तथ्याङ्क विषयको उपयोग र आवश्यकता पहिचान गर्ने उद्देश्यले कोशी प्रदेशको विराटनगरमा एक दिवसीय कार्यक्रम "**प्रयोगकर्तासँग तथ्याङ्कीय आवश्यकता, पहुँच र तथ्याङ्क विकासको चुनौतीसम्बन्धी अन्तरक्रिया कार्यक्रम (प्रदेशस्तर)**" सञ्चालन गरेको थियो। यस कार्यक्रममा प्रदेश, जिल्ला र स्थानीय तहका प्रयोगकर्ताहरू, यस क्षेत्रका शैक्षिक क्षेत्रका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, स्थानीय सञ्चारकर्मीहरू, कानुन व्यवसायीहरू, स्वतन्त्र अनुसन्धानकर्ताहरू लगायतको सक्रिय सहभागिता रहेको थियो। यस अन्तर्क्रिया कार्यक्रमबाट निम्नानुसारका पृष्ठपोषण प्राप्त भएका थिए।

- राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रकाशनहरू प्रयोगकर्तामैत्री हुनुपर्ने।
- नीति निर्माण, योजना तर्जुमा र निर्णय निर्माणका लागि पर्याप्त मात्रामा आवश्यक तथ्याङ्कीय सूचकहरू उत्पादन हुनुपर्ने।
- गणना तथा सर्वेक्षणमा अवलम्बन गरिएका तथ्याङ्कीय विधि, परिभाषा, अवधारणा र दायराजस्ता विषयहरूसँग प्रयोगकर्ताहरू सुसूचित हुनुपर्ने।
- उत्पादित तथ्याङ्कहरूमा प्रयोगकर्ताहरूको भौतिक र विद्युतीय पहुँच हुनुपर्ने।
- राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्कीय क्रियाकलापहरूको बारेमा प्रयोगकर्ताहरू जानकार हुनुपर्ने।
- तथ्याङ्क उपयोगिताको आधारभूत ज्ञानसँग प्रयोगकर्ताहरू जानकार हुनुपर्ने।
- प्रयोगकर्ताहरूका तथ्याङ्कीय आवश्यकता, प्राथमिकता र गुनासालाई सम्बोधन हुनुपर्ने।

# परिच्छेद ५:
# समस्या, समाधानका उपाय र भावी कार्यदिशा

## ५.१ समस्या र समाधानका उपाय

राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत समन्वय कार्यालयहरूले कार्यसम्पादन गर्ने क्रममा विभिन्न किसिमका नीतिगत, संरचनागत, स्रोतसाधनजन्य तथा व्यवस्थापकीय समस्या भोग्दै आएका छन्। यस परिच्छेदमा यिनै प्रमुख समस्या, समाधानका उपाय तथा भावी कार्यदिशाका बारेमा तालिका १० प्रस्तुत गरिएको छ।

**तालिका १० कार्यालयका समस्या तथा समाधानका उपाय**

| क्र.सं. | समस्या | समाधानका उपाय |
|---|---|---|
| १ | **नीतिगत समस्या** | |
| १.१ | नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह अन्तर्गत पद सोपानको सन्तुलन नभएको र कर्मचारीहरूमा वृत्ति विकासको अवसर सीमित रहेको छ। | तथ्याङ्क ऐन, २०७९ ले राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य जिम्मेवारी र कार्य क्षेत्रको विस्तार अनुरूप कार्यालयको नयाँ सङ्गठन तथा व्यवस्थापन पुनःसर्वेक्षण गरी कार्यालयको उद्देश्य प्राप्ति हुने तथा कर्मचारीको वृत्ति विकास पनि सुनिश्चित हुने प्रबन्ध गर्नुपर्ने। |
| १.२ | कार्यालयको कार्यविधि तर्जुमा नभएको। | तथ्याङ्क ऐन, २०७९ अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यविधि तर्जुमा गर्नुपर्ने। |
| १.३ | विभिन्न निकायहरूको व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको पहुँच पुग्नेगरी सम्बन्धित नीतिहरूमा एकरूपता कायम हुन नसकेको। | तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० को प्रावधान बमोजिम व्यवस्थापन तथा कार्यान्वयन गर्नुपर्ने। |
| १.४ | नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूहका सम्पूर्ण पदहरूको पाठ्यक्रममा कम्प्युटर सम्बन्धी ज्ञान समावेश नगरिएको। | नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूहको पाठ्यक्रम परिमार्जनका लागि श्री लोकसेवा आयोगमा अनुरोध गर्ने। |

| क्र.सं. | समस्या | समाधानका उपाय |
| --- | --- | --- |
| **१.५** | नेपालको संविधानको अनुसुची ५, ६, ८ र ९ मा व्यवस्था भएबमोजिम कार्यसम्पादन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा यथोचित तथ्याङ्कीय पूर्वाधार नभएको। | आवश्यक राष्ट्रिय नीति तर्जुमा गरी सातओटा प्रदेश र ७५३ स्थानीय तहमा तथ्याङ्क सम्बन्धी सङ्गठन विस्तार तथा जनशक्ति थप गर्नुपर्ने। |
| **२** | **संरचनागत समस्या** | |
| २.१ | मौजुदा सङ्गठन संरचनामा शाखाहरूको कार्यबोझ अनुसारको दरबन्दी कम रहेको। | राष्ट्रिय तथ्याङ्क कार्यालयको मौजुदा शाखाहरूमा पद सोपान मिलाई दरबन्दी थप गर्नुपर्ने। |
| २.२ | जिल्लास्थित तथ्याङ्क समन्वय कार्यालयहरूको कार्यक्षेत्र तथा दरबन्दी संरचना नमिलेको । | तथ्याङ्क ऐन, २०७९ ले राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य जिम्मेवारी र कार्य क्षेत्रको विस्तार अनुरूप कार्यालयको नयाँ सङ्गठन तथा व्यवस्थापन पुन:सर्वेक्षण गरी तथ्याङ्क समन्वय कार्यालयहरूको कार्यक्षेत्र र कार्यबोझको आधारमा दरबन्दी व्यवस्थापन गर्नुपर्ने। |
| **३** | **स्रोतसाधनजन्य समस्या** | |
| ३.१ | आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यबाट ३३ तथ्याङ्क कार्यालयहरूको खारेज गर्ने घोषणा भए पश्चात साविक ३३ तथ्याङ्क कार्यालयहरूमा बजेट विनियोजन हुन नसकी जिल्लाबाट सम्पादन हुनुपर्ने नियमित वार्षिक कार्यक्रमहरूमा प्रतिकूल असर परेको। | कार्यालयहरूको साङ्गठनिक संरचनालाई पुनर्संरचना गर्दा सरकारको बजेट बक्तव्यमा घोषणा भए तापनि कार्यान्वयन आर्थिक वर्षको सुरुवातबाट लागु हुने नीतिगत व्यवस्था हुनुपर्ने। |
| ३.२ | तथ्याङ्क समन्वय कार्यालयहरूमा कार्यसम्पादन गर्न सवारीसाधनको कमी भएको। | तथ्याङ्क समन्वय कार्यालयहरूमा दुई पाङग्रे र चारपाङ्ग्रे सवारीसाधनको व्यवस्था गर्नुपर्ने। |
| ३.३ | कार्यक्रम बजेट न्यून भएको। | राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने |

| क्र.सं. | समस्या | समाधानका उपाय |
|---|---|---|
| | | कार्यक्रमका अतिरिक्त तथ्याङ्क समन्वय कार्यालयहरूले सञ्चालन गर्ने तथ्याङ्कीय क्रियाकलापका लागि यथेष्ट कार्यक्रम वजेट उपलब्ध गराउनुपर्ने। |
| ४ | **व्यवस्थापकीय समस्या** | |
| ४.१ | तथ्याङ्क समन्वय कार्यालयहरूको क्षमता अभिवृद्धि हुन नसकेको। | यस्ता कार्यहरूलाई क्रमशः विकेन्द्रित गर्दै लैजानुपर्ने। |
| ४.२ | तथ्याङ्क क्षेत्रको नवीनतम प्रविधिसँग सम्बन्धित तालिम र तालिम प्रशिक्षकको कमी रहेको। | अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग समन्वय गरी तालिम र प्रशिक्षकको व्यवस्थापन गर्नुपर्ने। |
| ४.३ | तथ्याङ्क सेवाका कर्मचारीलाई सेवा प्रवेश तालिम नभएको र सेवाकालीन तालिममा तथ्याङ्कीय विषयवस्तु समावेश गर्न नसकिएको। | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गरी तालिम सञ्चालन र तालिमको विषयवस्तु समावेश गर्नुपर्ने। साथै, तथ्याङ्कीय तालिम नीति तर्जुमा गरी लागु गर्नुपर्ने। |
| ४.४ | सङ्घ, प्रदेश र स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरणलाई मूल प्रवाहीकरण गर्न कठिनाइ भएको। | राष्ट्रिय तथ्यगत विवरण सञ्चालनको नीतिगत व्यवस्था हुनुपर्ने। स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन सूचकहरूमा राष्ट्रिय तथ्यगत विवरणसँग सम्बन्धित कार्यलाई पनि समावेश गर्ने व्यवस्था गर्ने। |
| ४.५ | तथ्याङ्क प्रणाली विकासका लागि पहिलो रणनीति पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको। | कार्ययोजनासहित नयाँ रणनीति तर्जुमा गरी लागु गर्ने। |

## ५.२ चुनौती तथा अवसर

### चुनौती

- दिगो विकास लक्ष्य र अन्य विकास लक्ष्य अनुसार विकास कार्यक्रमको प्रगति मापन सूचकहरू उत्पादन तथा विकास गर्न आवश्यक मात्रामा साधनस्रोतको व्यवस्था गर्नु,
- तथ्याङ्क ऐन, २०७९ मा भएको व्यवस्थाबमोजिम राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना गरी प्रभावकारी रूपमा सञ्चालन गर्न,
- तथ्याङ्क ऐन, २०७९ मा भएको व्यवस्थाबमोजिम राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध तथ्याङ्क उत्पादन निकायहरूको तथ्याङ्कीय काम, कर्तव्य र अधिकार किटान गर्न तथा तिनीहरूबाट उत्पादित तथ्याङ्कहरूको गुणस्तर परीक्षण र विश्वसनीयता कायम गर्न,
- एकीकृत तथ्याङ्क प्रणाली संस्थागत गर्न,
- सूचना प्रविधिको विकास भएसँगै सूचना प्रबिधिमा आधारित विभिन्न स्रोत र स्वरूपमा उपलब्ध हुने Big data र Open data को प्रणालीलाइ अबलम्बन गर्न, र
- विपद्, महामारीजस्ता समयमा तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्न।

### अवसर

- तथ्याङ्क ऐन, २०७९ को तर्जुमाले तथ्याङ्कीय क्रियाकलापको दायरा फराकिलो भएको।
- राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध निकायहरूबिचमा स्पष्ट रूपमा तथ्याङ्कीय जिम्मेवारीको कार्यविभाजन गर्न सकिने।
- राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध सबै निकायहरूबाट उत्पादन हुने तथ्याङ्कहरूको गुणस्तर परीक्षणको लागि उपयुक्त कार्यविधि र संयन्त्रको निर्माण गरी तथ्याङ्कको विश्वसनीयता र शुद्धता कायम गर्न सकिने।
- अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू तथ्याङ्क प्रणाली विकासका लागि सहकार्य गर्न उत्सुक रहेका।
- प्रदेश सरकार र स्थानीय तहहरूले पनि तथ्याङ्कको महत्व र आवश्यकताको बोध गरी तथ्याङ्कसम्बन्धी कानुन निर्माण र तथ्याङ्कीय कार्यक्रम सञ्चालन गर्ने क्रममा वृद्धि भएको।
- तथ्याङ्कीय क्रियाकलापहरूबाट उत्पादित तथ्याङ्कको पहुँचमा वृद्धि भएको।
- तथ्याङ्क प्रयोगकर्ताहरूको संख्यामा वृद्धि भएको।

## ५.३ भावी कार्यदिशा

राष्ट्रिय तथ्याङ्क कार्यालयले आगामी दिनमा नियमित सञ्चालन गर्ने गणना, सर्वेक्षणका अतिरिक्त देहायबमोजिम क्रियाकलाप सम्पन्न गर्ने सोच राखेको छ।

- तथ्याङ्क ऐन कार्यान्वयनका लागि आवश्यक निर्देशिका एवम् कार्यविधिहरू तयार गरी लागु गर्ने।
- तथ्याङ्क प्रणाली विकासको लागि दोस्रो राष्ट्रिय रणनीति तर्जुमा गर्ने।
- नयाँ सँगठन संरचना तयार गरी कार्यालयको पुनर्संरचना गर्ने।
- राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको तथ्याङ्कीय पात्रोलाई कार्यान्वयन गर्ने।
- तीनै तहका सरकारको नीति तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्न आवश्यक तथ्याङ्क आपूर्तिका लागि गणना, नमुना सर्वेक्षण लगायत सबै किसिमका वैकल्पिक स्रोतको उपयोग गर्ने।
- तथ्याङ्क क्षेत्रमा कार्यरत जनशक्तिको नवीनतम प्रविधिमा आधारित क्षमता विकास गर्ने।
- तीनै तहका सरकारका सम्बन्धित अङ्गहरूमा तथ्याङ्क साक्षरता कार्यक्रम सञ्चालन गर्ने।
- उत्पादित तथ्याङ्कलाई प्रयोगकर्ताबिच पुर्याउनका लागि सहज र उपयुक्त विधि अवलम्बन गर्ने।
- राष्ट्रिय तथ्यगत विवरण तयारी कार्य सञ्चालन कार्यविधि तर्जुमा गरी लागु गर्ने।

## ५.४ राष्ट्रिय तथ्याङ्क कार्यालयको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन तयारी कार्य


राष्ट्रिय तथ्याङ्क कार्यालयको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन तयारीको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको योजना तथा जनशक्ति व्यवस्थापन महाशाखाका प्रमुख एवम् उपप्रमुख तथ्याङ्क अधिकारी डा. श्री शरद कुमार शर्माज्यू को समुपस्थितमा मिति २०८१ असोज दुई गते देखि पाँच गतेसम्म कास्की जिल्लाको पोखरामा कार्यशाला गोष्ठीको आयोजना गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको परिचय, काम, कर्तव्य र अधिकार, आ.व. २०८०/८१ मा सम्पादित कार्यहरू, तथा कार्यसम्पादन गर्दा सामना गर्नुपर्ने समस्या र चुनौती, कार्यालयलाई उपलब्ध अवसर तथा कार्यालयको भावी कार्यदिशाका सम्बन्धमा सघन र विस्तृत छलफल, विचार मन्थन गरिएको थियो। राष्ट्रिय तथ्याङ्क कार्यालयको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गर्न देहायबमोजिमका कर्मचारीहरूको संलग्नता रहेको थियो।

**प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरूः**

| **क्र.सं.** | **नाम थर** | **पद** |
|---|---|---|
| १. | डा. शरद कुमार शर्मा | उपप्रमुख तथ्याङ्क अधिकारी |
| २. | श्री ज्ञानेन्द्र बज्राचार्य | निर्देशक |
| ३. | श्री महेशचन्द प्रधान | निर्देशक |
| ४. | श्री राजन सिलवाल | निर्देशक |
| ५. | श्री ऋषिराम सिग्देल | निर्देशक |
| ६. | डा. वेदप्रसाद ढकाल | निर्देशक |
| ७. | श्री पदमराज पाण्डे | निर्देशक |
| ८. | श्री नन्दलाल सापकोटा | तथ्याङ्क समन्वय अधिकारी, कास्की |
| ९. | श्री महेश प्रसाद ढुङ्गाना | तथ्याङ्क समन्वय अधिकारी, बाग्लुङ |
| १०. | श्री दिपक कोईराला | तथ्याङ्क समन्वय अधिकारी, गोरखा |
| ११. | श्री शिव श्रेष्ठ | निर्देशक |
| १२. | श्री ज्योती के. सी. | तथ्याङ्क अधिकृत |
| १३. | डा. पुष्पराज पौडेल | कम्प्युटर अधिकृत |
| १४. | श्री चमेली पोखरेल | कम्प्युटर अधिकृत |
| १५. | श्री सरला कुमारी पौडयाल | शाखा अधिकृत |
| १६. | श्री बलराम सिंहथानी मगर | तथ्याङ्क सहायक |

# अनुसूची १

## राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना



## अनुसूची -२
## राष्ट्रिय तथ्याङ्क कार्यालयको दरबन्दी विवरण

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|
| १ | प्रमुख तथ्याङ्क अधिकारी | रा.प. विशिष्ट | १ | १ | १ |
| २ | उपप्रमुख तथ्याङ्क अधिकारी | रा.प. प्रथम (प्रा.) | ४ | ४ | ४ |
| ३ | उपसचिव | रा.प. द्वितीय | १ | १ | १ |
| ४ | उपसचिव | रा.प. द्वितीय | १ | १ | १ |
| ५ | निर्देशक | रा.प. द्वितीय | २२ | २२ | २२ |
| ६ | शाखा अधिकृत | रा.प. तृतीय | ७ | ७ | ७ |
| ७ | कानुन अधिकृत | रा.प. तृतीय | १ | १ | १ |
| ८ | लेखा अधिकृत | रा.प. तृतीय | १ | १ | १ |
| ९ | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | १ | १ | १ |
| १० | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | ३९ | ३९ | ३९ |
| ११ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | ८ | ८ | ८ |
| १२ | नायब सुब्बा | रा.प. अनं. प्रथम | ८ | ८ | ८ |
| १३ | लेखापाल | रा.प. अनं. प्रथम | २ | २ | २ |
| १४ | तथ्याङ्क सहायक | रा.प. अनं. प्रथम | १३ | १३ | १३ |
| १५ | सहायक कार्टोग्राफर | रा.प. अनं. प्रथम | १ | १ | १ |
| १६ | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | ३ | ३ | ३ |
| १७ | हलुका सवारी चालक | श्रेणीबिहीन | ५ | ५ | ५ |
| १८ | कार्यालय सहयोगी | श्रेणीबिहीन | ११ | ११ | ११ |
| **जम्मा** | | | | | **१२९** |

# अनुसूची ३

## तथ्याङ्क समन्वय कार्यालयहरूको कार्यक्षेत्रमा पर्ने जिल्लाहरू तथा दरबन्दी विवरण

| क्र.सं. | कार्यालयको नाम | कार्यक्षेत्र | दरबन्दी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तथ्याङ्क समन्वय अधिकारी (रा.प.द्वि., तथ्याङ्क) | तथ्याङ्क अधिकृत (रा.प.तृ.,तथ्याङ्क) | सुपरिवेक्षक (रा.प.अनं प्र.,तथ्याङ्क) | नायब सुब्बा (रा.प.अनं प्र.,प्रशासन) | लेखापाल (रा.प.अनं प्र.,लेखा) | गणक (रा.प.अनं द्वि.,तथ्याङ्क) | खरिदार (रा.प. अनं द्वि.,प्रशासन) | सह-लेखापाल (रा.प.अनं द्वि.,लेखा) | कार्यालय सहयोगी | कुल दरबन्दी |
| १ | तथ्याङ्क समन्वय कार्यालय, इलाम | इलाम, पाँचथर, ताप्लेजुङ र झापा | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| २ | तथ्याङ्क समन्वय कार्यालय, मोरङ | मोरङ, सुनसरी, उदयपुर, धनकुटा, तेह्रथुम र संखुवासभा | १ | २ | ६ | १ | ० | ५ | १ | १ | २ | १९ |
| ३ | तथ्याङ्क समन्वय कार्यालय, खोटाङ | खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| ४ | तथ्याङ्क समन्वय कार्यालय, धनुषा | धनुषा, सप्तरी, सिराहा र महोत्तरी | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| ५ | तथ्याङ्क समन्वय कार्यालय, पर्सा | पर्सा, बारा, रौतहट र सर्लाही | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |

| क्र.सं. | कार्यालयको नाम | कार्यक्षेत्र | दरबन्दी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तथ्याङ्क समन्वय अधिकारी (रा.प.द्वि., तथ्याङ्क) | तथ्याङ्क अधिकृत (रा.प.तृ.,तथ्याङ्क) | सुपरिवेक्षक (रा.प.अनं प्र.,तथ्याङ्क) | नायब सुब्बा (रा.प.अनं प्र.,प्रशासन) | लेखापाल (रा.प.अनं प्र.,लेखा) | गणक (रा.प.अनं द्वि.,तथ्याङ्क) | खरिदार (रा.प. अनं द्वि.,प्रशासन) | सह-लेखापाल (रा.प.अनं द्वि.,लेखा) | कार्यालय सहयोगी | कुल दरबन्दी |
| ६ | तथ्याङ्क समन्वय कार्यालय, मकवानपुर | मकवानपुर, चितवन र सिन्धुली | १ | २ | ३ | ० | ० | ३ | २ | १ | २ | १४ |
| ७ | तथ्याङ्क समन्वय कार्यालय, काभ्रेपलाञ्चोक | काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप र दोलखा | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| ८ | तथ्याङ्क समन्वय कार्यालय, काठमाडौं | काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ, नुवाकोट र रसुवा | १ | २ | ७ | १ | ० | ५ | १ | १ | २ | २० |
| ९ | तथ्याङ्क समन्वय कार्यालय, कास्की | कास्की, तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १ | २ | ४ | ० | ० | ५ | २ | १ | २ | १७ |
| १० | तथ्याङ्क समन्वय कार्यालय, गोरखा | गोरखा, लमजुङ र मनाङ | १ | १ | ३ | ० | ० | ३ | २ | १ | २ | १३ |
| ११ | तथ्याङ्क समन्वय | बागलुङ, स्याङ्जा, | १ | २ | ५ | ० | ० | ३ | २ | १ | २ | १६ |

| क्र.सं. | कार्यालयको नाम | कार्यक्षेत्र | दरबन्दी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तथ्याङ्क समन्वय अधिकारी (रा.प.द्वि., तथ्याङ्क) | तथ्याङ्क अधिकृत (रा.प.तृ.,तथ्याङ्क) | सुपरिवेक्षक (रा.प.अनं प्र.,तथ्याङ्क) | नायब सुब्बा (रा.प.अनं प्र.,प्रशासन) | लेखापाल (रा.प.अनं प्र.,लेखा) | गणक (रा.प.अनं द्वि.,तथ्याङ्क) | खरिदार (रा.प. अनं द्वि.,प्रशासन) | सह-लेखापाल (रा.प.अनं द्वि.,लेखा) | कार्यालय सहयोगी | कुल दरबन्दी |
| | कार्यालय, बागलुङ | पर्वत, म्याग्दी र मुस्ताङ | | | | | | | | | | |
| १२ | तथ्याङ्क समन्वय कार्यालय, रुपन्देही | रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), र कपिलवस्तु | १ | २ | ४ | ० | ० | ३ | २ | १ | २ | १५ |
| १३ | तथ्याङ्क समन्वय कार्यालय, पाल्पा | पाल्पा, गुल्मी र अर्घाखाँची | १ | १ | ३ | ० | ० | ३ | २ | १ | २ | १३ |
| १४ | तथ्याङ्क समन्वय कार्यालय, दाङ | दाङ, बाँके, बर्दिया, रोल्पा, प्युठान, र रुकम (पूर्वी भाग) | १ | २ | ७ | ० | ० | ३ | २ | १ | २ | १८ |
| १५ | तथ्याङ्क समन्वय कार्यालय, सुर्खेत | सुर्खेत, सल्यान, जाजरकोट, रुकुम (पश्चिम भाग) र दैलेख | १ | २ | ५ | ० | ० | ५ | २ | १ | २ | १८ |

| क्र.सं. | कार्यालयको नाम | कार्यक्षेत्र | दरबन्दी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तथ्याङ्क समन्वय अधिकारी (रा.प.द्वि., तथ्याङ्क) | तथ्याङ्क अधिकृत (रा.प.तृ.,तथ्याङ्क) | सुपरिवेक्षक (रा.प.अनं प्र.,तथ्याङ्क) | नायब सुब्बा (रा.प.अनं प्र.,प्रशासन) | लेखापाल (रा.प.अनं प्र.,लेखा) | गणक (रा.प.अनं द्वि.,तथ्याङ्क) | खरिदार (रा.प. अनं द्वि.,प्रशासन) | सह-लेखापाल (रा.प.अनं द्वि.,लेखा) | कार्यालय सहयोगी | कुल दरबन्दी |
| १६ | तथ्याङ्क समन्वय कार्यालय, जुम्ला | जुम्ला, मुगु, कालिकोट, हुम्ला र डोल्पा | १ | २ | ५ | ० | ० | ३ | २ | १ | २ | १६ |
| १७ | तथ्याङ्क समन्वय कार्यालय, कैलाली | कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, बझाङ र दार्चुला | १ | २ | ७ | ० | ० | ३ | २ | १ | २ | १८ |
| १८ | तथ्याङ्क समन्वय कार्यालय, डोटी | डोटी अछाम र बाजुरा | १ | १ | ३ | ० | ० | ३ | २ | १ | २ | १३ |
| | **कुल जम्मा** | | **१८** | **३३** | **८२** | **२** | **०** | **६२** | **३४** | **१८** | **३६** | **२८५** |

## अनुसूची ४

## राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख भौतिक स्रोतसम्बन्धी विवरण

| क्र.स. | जिन्सी सामानको नाम | परिमाण |
|---|---|---|
| १ | कार्यालय भवन | ३ |
| २ | पिकअप गाडी | ५ |
| ३ | जिप | ४ |
| ४ | स्कुटर | १४ |
| ५ | इ-साईकल | ३ |
| ६ | फायर एस्टिनगुसर | १७ |
| ७ | जेनेरेटर | २ |
| ८ | एयर कन्डिसन | ४२ |
| ९ | सिसिटिभी क्यामरा | २४ |
| १० | भिडियो कन्फरेन्स सेट | १ |
| ११ | सर्भर | ४ |
| १२ | कार | ७ |
| १३ | मोटरसाइकल | ७३ |
| १४ | जिपिएस मेसिन | ३० |
| १५ | टेलिभिजन | ८ |
| १६ | प्रोजेक्टर स्क्रिन | १ |

# अनुसूची- ५
# छानिएका केही तस्विर



राष्ट्रिय जनगणना, २०७८ को प्रकाशन प्रमुख तथ्याङ्क अधिकारीज्यू मार्फत सम्मानीय राष्ट्रपतिज्यू समक्ष हस्तान्तरण



राष्ट्रिय तथ्याङ्कको एकीकृत अभिलेख प्रणालीको प्रतिवेदन प्रमुख तथ्याङ्क अधिकारीज्यू मार्फत मुख्य सचिवज्यू समक्ष हस्तान्तरण



राष्ट्रिय तथ्याङ्क कार्यालयको वार्षिक प्रतिवेदन, २०८० सार्वजनिक



तथ्याङ्क सेवा दिवस, २०८० को समारोह



आ.व.२०८०/८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमसम्बन्धी अभिमुखीकरण कार्यक्रमका सहभागीहरु



राष्ट्रिय जनगणना, २०७८ को प्रक्रियागत संस्मरण नामक पुस्तक सार्वजनिक



नेपाल जीवनस्तर सर्वेक्षण चौथोको संक्षिप्त नतिजा सार्वजनिक




राष्ट्रिय कृषिगणना, २०७८ सार्वजनिक




नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली – पुस्तक सार्वजनिक




UN Statistical Commission को ५५औं बैठकमा प्रमुख तथ्याङ्क अधिकारीज्यू सहितको नेपाली प्रतिनिधिमण्डलको सहभागिता



राष्ट्रिय तथ्याङ्क परिषद्को पहिलो बैठक



राष्ट्रिय तथ्याङ्क परिषद्को दोस्रो बैठक



प्रयोगकर्तासँग तथ्याङ्कीय आवश्यकता पहुँच र तथ्याङ्कको चुनौती सम्बन्धी अन्तरक्रिया कार्यक्रम (प्रदेशस्तर), कोशी प्रदेश, विराटनगरका सहभागीहरु



सर्वेक्षण अनुमति प्रणाली कार्यविधी सम्बन्धी कार्यशालाका सहभागीहरू



प्रमुख तथ्याङ्क अधिकारी श्री तोयम रायज्यूलाई कार्यालयबाट विदाई




प्रमुख तथ्याङ्क अधिकारी श्री अर्जुन प्रसाद पोखरेलज्यूलाई कार्यालयबाट विदाई पछिको तस्वीर




**प्रमुख तथ्याङ्क अधिकारी श्री अर्जुन प्रसाद पोखरेलज्यूलाई कार्यालयबाट विदाई**



**प्रमुख तथ्याङ्क अधिकारी श्री गोकर्णमणी दुवाडीज्यूलाई कार्यालयबाट विदाई**




प्रमुख तथ्याङ्क अधिकारी श्री गोकर्णमणी दुवाडीज्यूलाई कार्यालयबाट विदाई पछिको तस्वीर



प्रमुख तथ्याङ्क अधिकारी श्री मधु सुदन बुर्लाकोटीज्यूलाई कार्यालयमा स्वागत

# हाम्रा प्रकाशनहरू


प्रकाशनहरु
तथ्याङ्क गतिविधिः कृषि तथ्याङ्क विशेषाङ्क (लेखहरुको सँगालो)
३१ साउन, २०८१
सूचनाको हक अन्तर्गतको विवरण २०८०
२ जेठ, २०८१
नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली
७ असोज, २०८०
कन्सेप्ट एण्ड डेफिनेशनस अफ स्टाटिस्टिकल टर्म्स
७ असोज, २०८०
तथ्याङ्कीय बुलेटिन
७ असोज, २०८०
नेपालको तथ्यांकिय झलक
७ असोज, २०८०


निर्माण क्षेत्रको लागत मुल्य सूचकांङ्क (आईपीआईसीएस) आ. व. २०८०/८१-तेस्रो त्रैमासिक
औद्योगिक उत्पादक मूल्य सूचकांङ्क (एमपीपीआई) आ.व.२०८०/८१ - तेस्रो त्रैमासिक
१२ असार, २०८१
कृषि बस्तुहरुको उत्पादक मूल्य सूचकांङ्क (एपीपीआइ) आ.व. २०८०/८१ - तेस्रो त्रैमासिक
१२ असार, २०८१
औद्योगिक उत्पादन सूचकांक (एमपीआई) आ.व. २०८०/८१- तेस्रो त्रैमासिक
१२ असार, २०८१
नेपाल जीवनस्तर सर्वेक्षण, २०२२_२३
असार, २०८१
राष्ट्रिय जनगणना २०७८ को प्रदेशस्तरीय जानसांख्यिक प्रतिवेदन
३१ जेठ, २०८१
तथ्याङ्क संकलनको अनुमति लिने तथा तथ्याङ्क प्रमाणिकरण गर्ने सम्बन्धी सूचना
१८ जेठ, २०८१
आ.व.२०८०/८१ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादन अनुमान
११ जेठ, २०८१